69/69

सर्वोच्च अदालत, संयुक्त इजलास
मानननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री कुमार रेग्मी

<u>फैसला</u>

०६७-WO-१०४३

मुद्दाः परमादेश समेत ।

जिल्ला महोत्तरी, गा.वि.स. डाम्ही मडैई वडा नं. ५ बस्ने उदितनारायण झाको छोरा वर्ष ३१ को दिपेन्द्र झा, जिल्ला रुपन्देही वेतकुइया गा.वि.स. वडा नं. ७ बस्ने वर्ष ६३ को अब्दुल मजित देवान, जिल्ला धनुषा, लक्ष्मीपुर बगेवा गा.वि.स. वडा नं. ३ बस्ने वर्ष २० को पूजा यादवसमेतको वारेस भई आफ्नो हकमा समेत जिल्ला सर्लाही, गौरीशंकर गा.वि.स. वडा नं. ५ घर भई हाल भक्तपुर जिल्ला, बालकोट गा.वि.स वडा नं. ९ बस्ने वर्ष ३२ को अधिवक्ता सुनिल रञ्जन सिंह ........ ........ ......... .......... .....१ निवेदक

<u>विरूद्ध</u>

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौं ........ १
कानून तथा न्याय मन्त्रालय, सिंहदरवार काठमाडौं ............ ............ १
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार काठमाडौं ...... .. ............ १
नेपालका महान्यायाधिवक्ता, रामशाहपथ काठमाडौं .......... .................... १
प्रहरी प्रधान कार्यालय, नक्साल ............ .................... ........ १
सशस्त्र प्रहरी बल मुख्यालय, हलचोक काठमाडौं ........ .................... १
राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर ......... ................ १
व्यवस्थापिका संसद सचिवालय, सिंहदरबार काठमाडौं ....... .................. १

विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

## तथ्यगत विवरणः

### रिट निवेदनको व्यहोराः

रिट निवेदनमा मुख्य रुपमा निम्नानुसारको जिकिर गरिएको पाइयोः

१. विगत केही वर्ष यता, विशेष गरी मध्य तथा पुर्वी तराईका विभिन्न जिल्लाहरुमा, अपराधिक गिरोह तथा सशस्त्र समुहद्धारा गरिने हत्या, अपहरण जबरजस्ती चन्दा असुली, तथा लुटपीटका घटनाबाट आम नागरिकहरु पीडित हुँदै आएका छन्। यी गतिविधिलाई नियन्त्रण गर्न मिति २०६६।४।१४ गते बसेको मन्त्रिपरिषद् बैठकद्वारा विशेष सुरक्षा नीति पारीत गरी "विशेष सुरक्षा योजना" संचालन गरेको छ। यो सुरक्षा योजनाको उद्देश्य शान्ति सुरक्षा प्रभावकारी रुपमा कायम राख्ने, दण्डहिनता अन्त्य गर्ने तथा मानव अधिकारको संरक्षण गर्ने भन्ने रहेको भए तापनि यो योजना लागु गरिएपछि हिंसात्मक गतिविधिमा केही कमी आएको जस्तो देखिए पनि यसले गैरन्यायिक हत्याका घटनाहरुमा वृद्धी भएको देखिन्छ। यसबाट आम जनता पीडित भएका छन्। तर त्यस्ता गैरन्यायिक हत्याको आरोपहरुको अनुसन्धान गर्ने संयन्त्र र परिपाटी भने स्थापित गरिएको पाइदैन। सुरक्षा निकाय संलग्न भै गरिने जुनसुकै प्रकारको सुरक्षा कारवाहीको निष्पक्ष अनुसन्धान नगरिने पुरानो परम्परा यथावत छ। यस्ता घटनाहरुलाई फौजदारी कारवाहीको दायरा बाहिर पारिएकोले यस सिलसिलामा जसले जे गरे पनि जवाफदेही हुन नपर्ने भै दण्डहिनताको अवस्था कायम रहेको छ। मधेशमा भएका गैरन्यायिक हत्याका सम्बन्धमा हामीले प्राप्त गरेको अध्ययन तथा अनुसन्धानले देखाएको तथ्यहरु निम्नानुसार प्रस्तुत गरेका छौंः

(क) संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपाल (OHCHR) ले सन् २०१० जुलाई महिनामा "तराईमा भएको गैरन्यायिक हत्याका आरोपहरुको अनुसन्धान" सम्बन्धी एक प्रतिवेदन सार्वजनिक गरेको थियो। उक्त प्रतिवेदनले सन् २००८ को जनवरीदेखि सन् २०१० को जुन महिनासम्मका अवधिमा तराईमा भएका गैरन्यायिक हत्याका घटनाहरुको अध्ययन, अनुसन्धान गरी ती घटनाहरुमा सरकारले अनुसन्धान गर्न नचाहेका निष्कर्ष निकाले छ। उक्त प्रतिवेदन अनुसार यो अवधिमा ५७ जनाको हत्या भएका २९ वटा घटनाको अनुसन्धान गरेको र त्यसमा "घातक बलको गैरकानूनी प्रयोग" गरिएको निष्कर्ष निकालेको पाइन्छ। नेपाल सरकार र संयुक्त राष्ट्रसंघ बीच सम्झौता भई नेपालको मानव अधिकारको स्थितिको अनुगमन र अनुसन्धान गर्ने प्रयोजनका निम्ति स्थापित र कार्यरत उच्च आयुक्तको कार्यालयले मानव अधिकार सम्बन्धी क्षेत्रमा अन्य कामहरु गर्दै आएको छ। सो

प्रतिवेदनमा उक्त घटनाहरु मध्ये अधिकांश घटनाहरुमा कुनै पनि अनुसन्धान नभएको भन्ने तथ्य समेत उजागर गरिएको छ। यस्ता गम्भीर आरोपहरुको अनुसन्धान हुन नसक्नुको कारणहरुमा "घटनालाई ढाकछोप गर्ने सरकारी नीति" रहेको र त्यस्ता घटनालाई "भिडन्तका क्रममा भएको मृत्यु" भनिने गरेको तथ्य बाहिर ल्याएको छ। यो अत्यन्त गम्भीर कुरा हो।

(ख) हामी निवेदकमध्ये दिपेन्द्र झा अध्यक्ष रहेको मानव अधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था "लोकतान्त्रिक स्वतन्त्रता तथा मानव अधिकार संस्था" DFHRI" ले मिति २०६४ पौष १७ देखि २०६७ पौष १७ सम्म तराईमा भएका हत्याका घटनाहरुको अभिलेखीकरण गरी हालै प्रकाशित गरेको "तराईमा व्याप्त हत्याको श्रृङखला" सम्वन्धी प्रतिवेदनले उल्लेखित गैरन्यायिक हत्याको श्रृङखला राज्यको नीति अनुरुप नै योजनावद्ध ढंगले गरेको भन्ने देखाउँछ। उक्त प्रतिवेदनमा वि.सं. २०६४/९/१७ देखि २०६७/९/१७ सम्म राज्य पक्षबाट मारिएका व्यक्तिहरुको नामावली समावेश गरिएको छ। उक्त अवधिमा १३३ जनाको गैरन्यायिक हत्या भएको छ[1]। उल्लिखित गैरन्यायिक हत्यामा प्रहरी तथा सशस्त्र प्रहरी बलको दोहोरो भिडन्त भएको उल्लेख गरे तापनि प्रहरीतर्फ जनधनको केही कतै क्षती भएको देखिँदैन।

(ग) अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल मानव अधिकार वर्ष पुस्तक २०११ नेपाली संस्करण (०६६ पुस १७ देखि २०६७ पुस १६ सम्म अर्थात सन् २०१० भरिका घटनाहरुको संकलन) सार्वजनिक गर्दा सन् २०१० मा राज्य तथा गैरराज्य पक्षबाट भएको हत्याको संख्या जम्मा ४५९ भनी उल्लेख गरिएको छ। ओखलढुङ्गा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, काठमाडौं, तनहुँ, रुपन्देही, बाँके, बर्दियामा राज्य पक्षबाट गैरन्यायिक हत्या भएको बताइएको छ।

(घ) "राष्ट्रिय मानव अधिकार आयोगको एक दशक उजूरी उपर आयोगका सिफारिशहरु" (वि.सं २०५७-२०६७)मा सुरक्षा फौजद्वारा गैरन्यायिक हत्या २०५८ सालमा २

---

[1] यसमध्ये धनुषामा -१५ जना, सप्तरीमा -१७, बारामा - ६, पर्सामा - २०, सिराहामा - १०, रौतहटमा - ११, बाँकेमा - ७, रुपन्देहीमा - ७, दाङमा - १०, महोत्तरीमा - ३, सर्लाहीमा - २, बर्दियामा - ४, कैलालीमा - ६, नवलपरासीमा - १, चितवनमा - ३, ललितपूरमा - १, झापामा - २, भक्तपुरमा - १, तनहुँमा - १, म्याग्दीमा - १, रोल्पामा - १, सुर्खेतमा - १ जनाको गैर न्यायिक हत्या भएको भनी निवेदनमा उल्लेख गरिएको छ।

जना, २०६१ सालमा ११ जना, २०६२ सालमा ३२ जना, २०६३ सालमा २९ जना, २०६४ सालमा १३ जना, २०६५ सालमा ३० जना र २०६६ सालमा ३२ जना समेत गरी जम्मा १५३ जनाको हत्या भएको तथ्यांक उल्लेख छ। आयोगमा उजूरी परेको आधारमा आयोगबाट अनुसन्धान गरिसकेपछि आयोगलाई अन्तरिम संविधानको धारा १३१, १३२ र १३३ तथा मानव आधकार आयोग ऐन, २०५३ ले दिएको अधिकार प्रयोग गरी "यस्ता गैरन्यायिक हत्याको अनुसन्धान गरी दोषी देखिएका व्यक्तिहरुलाई अभियोजन गरी कारवाही गर्न नेपाल सरकारलाई सिफारिश समेत गरेको छ। आयोगले सिफारिश गरेका मुद्दाहरु मध्ये जितेन्द्र तिवारीको हत्या, मनोज पटेल हत्या समेतका विषयमा सरकारले हालसम्म उक्त सिफारिश कार्यान्वयन गरेको छैन। आयोगले पनि आफ्नो सिफारिश कार्यान्वयन गर्न कुनै प्रभावकारी कदम चाल्न सकेको छैन।

२. माथि उल्लिखित अधिकांश घटनाहरुको सम्बन्धमा चासो राख्दा सुरक्षा निकायको संलग्नता रहेका प्रायःजसो सबै घटनाहरुलाई सरकारी अधिकारीहरु दोहारो भिडन्तका क्रममा मारिएको भन्ने दावी गर्दछन्। त्यो दोहोरो भिडन्त कहाँ, कहिले, कसरी भयो र त्यसमा कस्को के, कुन कारणले मृत्यु भयो भन्ने कुनै सूचना पीडित वा मृतकका आफन्तलाई दिइएको छैन। यस्ता घटनाहरुको अध्ययनले के देखाउदछ भने प्रायःजसो घटनाहरुमा पक्राउ गरी आफ्नो नियण्त्रणमा लिएपछि हत्या गरिएको र घटनालाई ढाकछोप गर्न मुढभेडको क्रममा सुरक्षा कारवाहीमा मृत्यु भएको भन्ने समाचार सम्प्रेसित गरेको देखिन्छ। प्रायः सबै घटनामा प्रहरी र तराईमा परिचालित सशस्त्र समुहका सदस्यहरुबीच भिडन्त हुँदा आतंककारीहरु मारिएका हुन भनी दावी गर्ने गरेको पाइन्छ। तर कुनै पनि घटनामा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल तर्फ कुनै मानवीय क्षती भएको पाइदैन। यो प्रवृति विगत सशस्त्र द्वन्दको क्रममा व्यापक र व्यवस्थित ढंगले अभ्यास गरिएको थियो। अहिले पनि यो क्रम जारी छ। गैरन्यायिक हत्याको यो श्रृङखला यस्तो गलत सरकारी नीति रहदासम्म रोकिदैन। यस किसिमको घटनामा पीडितले जाहेरी दरखास्त दर्ता गराउन जादा दर्ता नगर्ने र दर्ता गरिएकै अवस्थामा पनि थप अनुसन्धान अघि नबढाउने जस्ता कार्यले प्रहरीको अनिच्छा प्रस्टयाउदछ। महान्याधिवक्ताको कार्यालयले समेत आफ्नो संवैधानिक दायित्व अनुरुप सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त कार्यान्वयन गराउन विशेष कार्य-योजना तथा निर्देशन जारी गरी कानून कार्यान्वयनमा आफ्नो सक्रियता देखाउन सकेको पाइदैन। जाहेरी दर्ता भैसकेपछि अपराध अनुसन्धानमा सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ६ अनुसार खेल्नु पर्ने अनुसन्धान निर्देशकको भूमिका पनि प्रभावकारी ढंगले खेलेको पाइदैन। अनुसन्धानको जिम्मेवारी

प्रहरीको हो भनी महान्यायाधिवक्ता पन्छिन मिल्दैन। सरकारको राजनीतिक इच्छाशक्ति यस्ता मुद्दामा नभएको भन्ने देखिन्छ। त्यसैले संलग्न कसैलाई पनि कुनै कारवाही भएको छैन। यसले दण्डहिनतालाई थप प्रोत्साहित गरेको छ। नेपाल प्रहरी यस्ता घटनाहरुको अनुसन्धान गर्न इच्छित छैन भन्ने कुरा विभिन्न मितिमा प्रकाशित समाचारहरुबाट समेत देखिएको छ। यो कुरालाई कान्तिपुर दैनिकको २०६७/७/२५ गते प्रकाशित समाचारले समेत प्रष्ट गर्दछ। उक्त पत्रिकाको मिति २०६७/१२/१२ मा प्रहरीले बेपत्ता बनाएको खुलासा समाचार प्रकाशन भएको छ। मिति २०६७/१२/२९ मा नयाँ पत्रिकामा अपहरण शैलीमा गिरफ्तार गरेको आरोप भनेर समाचार प्रकाशन भएकाले पनि प्रहरी प्रशासनको ज्यादती छर्लङ्ग हुन्छ। राष्ट्रिय साप्ताहिक "मधेशवाणी"मा "गृहमन्त्री भीम रावलको कार्यकालमा मधेशमा भएका गैरन्यायिक हत्याहरु" शीर्षक भित्र अधिकांश हत्यामा प्रहरीले जाहेरी नलिएको तथ्य प्रकाशन भएको छ।

३. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ" भन्ने व्यवस्था गरेको छ। "सम्मानपूर्वक बाँच्न पाउने अधिकार" सम्बन्धी व्यवस्थाले मूलतः जीवन माथिको स्वेच्छाचारी अतिक्रमण विरुद्धको अधिकार सहितको जीवनको अधिकारलाई समेट्दछ। संविधानको धारा १३ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन भन्ने व्यवस्था गर्दै कसैलाई पनि समान्य कानूनको समान संरक्षणबाट वञ्चित नगरिने बन्दोवस्त गरेको छ। धारा ३२ र १०७ ले मौलिक हकको अपहरण भएको अवस्थामा प्रभावकारी उपचार प्राप्त गर्ने बन्दोवस्त गरेको छ। यसबाट संविधानले जीवनको अधिकारको हनन् भएमा अनुसन्धान गर्ने दायित्व सरकार उपर निरोपित गरेको स्पष्ट हुन्छ। यो दायित्वबाट सरकार पन्छिन सक्दैन।

४. मुलुकी ऐन, ज्यान सम्बन्धीको १ नं. ले कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन, वा ज्यान मार्ने उद्योग गर्न हुँदैन भनी जुनसुकै प्रकारको हत्यालाई अपराधिकरण गरेको छ। यो महल अर्न्तगतका मुद्दाहरुलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र राखिएको छ। अनुसूची १ भित्र परेको मुद्दाको अनुसन्धान तहकिकात गर्ने दायित्व सम्बन्धित इलाकाको प्रहरी कार्यालयलाई सुम्पिएको छ। तर तराई मधेशमा भएका घटनाहरुको अनुसन्धान गर्न प्रहरी इच्छुक, सक्षम र विश्वसनीय समेत छैन। प्रहरी तथा सशस्त्र प्रहरी बलद्वारा गरिएको हत्या सम्बन्धमा जाहेरी दरखास्त लिइदैन; बल्ल-तल्ल अदालतको आदेशमा जाहेरी दरखास्त दर्ता गरे पनि अनुसन्धान गरिदैन। यसको ज्वलन्त उदाहरण रुपन्देही जिल्ला वेथकुईयाँ गा.वि.स. वडा नं. ७ बस्ने अब्दुल सहिदुल्लालाई मिति २०६६/०७/०९ गते पर्साहवा बजारमा दाढी कटाइ रहेको अवस्थामा निजको बुवा अब्दुल मजिद देवानको साम्मुन्नेमा

लगी छोराको हत्या गरेको थियो। मृतकका बाबु सो कुराको जाहेरी दिन निज प्रहरीमा जाँदा प्रहरीले दर्ता गरेन, जिल्ला प्रशासन कार्यालयले त्यस उपर केही कारवाही गरेन। त्यसपछि निजको बुवाले पुनरावेदन अदालत बुटवलमा निषेधाज्ञा मिश्रित परमादेशको निवेदन दायर गरेकोमा अदालतबाट उक्त आरोपको अनुसन्धान अगाडी बढाउनु भनी आदेश (फैसला) भएपनि हालसम्म प्रहरीले अनुसन्धान गरेको छैन। रिट निवेदक मध्येको अधिवक्ता सुनिल रंजन सिंहका जेठो दाईको जेठो सालो सुधीर पाण्डेलाई मिति २०६६/१२/१७ गते महोत्तरी जिल्ला, अल्लपट्टि गा.वि.स.बाट प्रहरीले मिलोमतो गरी घरबाट लगि हत्या गरेपछि अज्ञात समुहबाट हत्या गरिएको भनियो। उक्त घटनाको जाहेरी लिएर जि.प्र.का. महोत्तरीमा जाँदा जाहेरी दर्ता गरेनन। पछि पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७/११/१० गते जाहेरी दर्ता गरी अनुसन्धान गर्नु भनी परमादेश जारी भएकोमा समेत जाहेरी दर्ता गरिएको छैन। यसबाट यस्ता प्रकृतिको घटनाको अनुसन्धान स्थानीय प्रहरीबाट हुन सक्दैन भन्ने स्थापित हुन्छ।

५. मानव अधिकारको उल्लङघनको घटनामा पीडितहरुलाई प्रभावकारी उपचार प्रदान गर्नु राज्यको अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्व हो। प्रभावकारी उपचारको प्रत्याभूति गर्ने अन्तर्राष्ट्रिय कानूनहरुमा खासगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्धको धारा २, यातना विरुद्धको महासन्धीको धारा १३, सबै प्रकारको जातीय भेदभाव तथा छुवाछुत विरुद्धको महासन्धीको धारा ६, बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको बचाउ सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा ९ तथा १३, गैरन्यायिक, स्वेच्छाचारी हत्याको प्रभावकारी रुपमा रोकथाम तथा अनुसन्धान सम्बन्धी सिद्धान्तहरु आदि पर्दछन्। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ लाई नेपालले सन् १९९१ को मे १४ तारेखमा अनुमोदन गरी यसको पक्ष राष्ट्र भएको छ। यो अनुबन्धको धारा २(३) ले प्रभावकारी उपचारको हक सम्बन्धी व्यवस्था गरेको छ। प्रभावकारी उपचारको हकलाई निश्चित गर्न राज्यले अपनाउनु पर्ने विभिन्न उपायहरु र तरिकाहरुको सम्बन्धमा पनि यस अनुबन्धले सम्बन्धित पक्ष राष्ट्र उपर विभिन्न दायित्वहरु सृजना गरेको छ। त्यस्तो दायित्व अन्तर्गत अनुसन्धान गर्नुपर्ने दायित्व तथा आरोपीलाई अभियोजन गर्ने कुरा समेत पर्दछ। संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले आफ्नो व्याख्यात्मक टिप्पणी नं. २ मा उल्लेखित अधिकारहरुको उल्लंघनमा परेका व्यक्तिहरुलाई प्रभावकारी उपचारको अधिकार हुने र त्यस अन्तर्गत पीडकलाई न्यायको दायरामा ल्याई दोषी पाइएको खण्डमा त्यस्ता व्यक्तिहरुलाई दण्डित गर्नुपर्ने भनी व्याख्या गरेको छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ को आधिकारिक व्याख्या गर्दै सोही

अनुबन्धद्वारा स्थापित मानव अधिकार समितिले प्रत्येक पक्ष राष्ट्रले गैरन्यायिक हत्या, बेपत्ता, यातना लगायतका हक अधिकारको गम्भीर उल्लंघन भएका घटनाहरुको अभियोजन गर्न सम्बन्धित पक्ष राष्ट्रको सन्धीजनित दायित्व हुनेछ भनी व्याख्या गरेको छ। गैरन्यायिक हत्याको अनुसन्धान तथा कारवाही गर्ने कुरा नेपालको अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्व समेत हो। संयुक्त राष्ट्रसंघीय महासभाले गैरन्यायिक हत्याको जिम्मेवारीहरुको पहिचान गर्ने, दोषीलाई न्याय समक्ष उभ्याउने, कानूनद्वारा स्थापित सक्षम र स्वतन्त्र निष्पक्ष ट्रिबुनलबाट स्वच्छ र खुल्ला सुनुवाई हुने, उचित समयभित्र पीडित र निजका परिवारलाई पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउने, दण्डहिनतालाई समाप्त पार्ने तथा यस्ता हत्या फेरी हुनबाट रोक्न कानूनी तथा न्यायिक उपाय अपनाउने कुरा समेत तोकेको छ[2]।

६. माथि विवेचित तथ्यबाट विगत केही वर्ष यता तराईका केही जिल्लाहरुमा हत्या र हिंसाका घटनाहरु व्यापक र व्यवस्थित ढंगले भइरहेको भन्ने देखिएको छ। घटनाहरुलाई संवोधन गर्न सरकारले विशेष सुरक्षा योजना लागु गरेको छ। सुरक्षा योजनाको कार्यान्वयनको क्रममा सुरक्षाकर्मीबाट मुडभेडको नाउँमा गैरन्यायिक हत्या गर्नेक्रम बढेर गएको छ। तराईमा व्याप्त हत्याको श्रृङखला अन्तर्गत गैरन्यायिक हत्या पनि पर्दछन्। यसको अनुसन्धान गर्ने र पीडितलाई न्याय दिने दायित्व प्रचलित नेपाल कानून र अन्तर्राष्ट्रिय कानूनले समेत नेपाल सरकारमा रहेको छ। तर, नेपाल सरकार र यस अर्न्तगतका जिम्मेवार निकायहरु यस्ता घटनाहरुको छानविन, अनुसन्धान गर्न चाहदैनन्, गर्न सक्दैनन् र स्वतन्त्र हैसियत समेत राख्दैनन्। यो कुरा खासगरी नेपाल प्रहरीको भूमिकासँग सम्बन्धित छ। प्रहरीद्वारा गरिएका गैरन्यायिक हत्यामा सोही निकायले अनुसन्धान गर्दा निष्पक्षताको सुनिश्चिता हुन सक्दैन। मानव अधिकार उल्लङ्घनको विषयमा अनुसन्धान गर्ने र निर्णय गर्ने संवैधानिक दायित्व सहित स्थापित राष्ट्रिय मानव अधिकार आयोगले गरेका गैरन्यायिक हत्याको सिफारिश पनि सरकारले कार्यान्वयन गरेको छैन। आयोग पनि आफ्नो सिफारिश कार्यान्वयन नगर्नेहरु उपर आफुलाई संविधानले दिएको अधिकारको प्रयोग गरी त्यस्ता व्यक्तिहरुलाई जवाफदेही बनाउने सवालमा उत्सुक देखिदैन। यो अवस्था तराई मधेशमा मात्र नभै देशभर विद्यमान छ। यसबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ द्वारा प्रदत्त स्वतन्त्रताको हक, सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १३ द्वारा प्रदत्त समानताको हक लगायतका आधारभूत हक र सोको हनन हुँदा उपचार प्राप्त गर्ने धारा ३२ द्वारा सुनिश्चित हकको हनन् हुन गएको छ। यसबाट सिंगो तराई मधेशबासी प्रभावित हुन पुगेको अवस्था छ। यस कुरामा अदालतबाट न्यायिक सक्रियताको माध्यमबाट हस्तक्षेपकारी

---

[2] CA/RES/571214,28 feb 2003, कार्यमुलक अनुच्छेद ४,५ डिसेम्बर २००१ को A/RES/55/1111

भूमिका निर्वाह गर्न बाहेक अर्को विकल्प देखिँदैन। अतः नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम गैरन्यायिक हत्याका आरोपहरुको निष्पक्ष अनुसन्धान गरी दोषी उपर प्रचलित कानूनबमोजिम अभियोजन गर्न तथा पीडितका परिवार सदस्यहरुलाई परिपुरण दिलाउन परमादेश लगायत निम्न लिखित प्रकृतिका जो चाहिने आदेश, निर्देशन तथा आवश्यक पर्ने अरु जो चाहिने आज्ञा, पूर्जी जारी गरी पाउँ भन्ने मिति २०६८/१/२२ मा दायर हुन आएको रिट निवेदन व्यहोराः

क गैरन्यायिक हत्याका सम्बन्धमा छानविन तथा अनुसन्धान गर्न हाल विद्यमान संरचना नेपाल प्रहरीको स्थानीय कार्यालय अनिच्छित, असक्षम र पूर्वाग्रही भएकोले त्यसबाट घटनाहरुको अनुसन्धान गरी अभियोजन सम्भव र प्रभावकारी नभएकोले यस विषयमा अनुसन्धान गर्ने प्रयोजनका लागि छुट्टै निकायबाट तत्काल त्यस्ता आरोपहरुको अनुसन्धान गर्नु गराउनु भन्ने परमादेश जारी गरी पाउँ।

ख राष्ट्रिय मानव अधिकार आयोगले यस सम्बन्धमा गरेका निर्णय सिफारिशहरु तत्काल कार्यान्वयन गर्नु गराउनु भन्ने परमादेशको आदेश जारी गरी पाउँ। आफ्नो निर्णय कार्यान्वयन नगर्ने अधिकारीहरुको सूची तयार गरी सार्वजनिक गर्नुपर्ने दायित्व आयोगले निर्वाह नगरेकाले आवश्यकता अनुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ को (२) अनुसार सबै उपाय अपनाई आफ्नो निर्णय कार्यान्वयन गराउनु भन्ने आदेश राष्ट्रिय मानव अधिकार आयोगको नाउँमा जारी गरी पाउँ।

ग नेपाल सरकारद्वारा सञ्चालित विशेष सुरक्षा योजना वा अन्य अवस्थामा कानून कार्यान्वयनको क्रममा हुने अत्याधिक वा अपराधिक बलको प्रयोग रोक्न तथा सो मा संलग्न सुरक्षाकर्मीलाई जवाफदेही बनाउन विशेष सुरक्षा योजना तथा बल प्रयोग सम्बन्धी सरकारी नीतिको पुनरावलोकन गरी सो सुरक्षा योजनाको वा नीतिको दुरुपयोग रोक्न अनुगमन गर्ने प्रभावकारी संयन्त्र स्थापना गर्नु भन्ने आदेश जारी गरी पाउँ।

घ नेपालका महान्यायाधिवक्तालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(३)(ख) अनुसार मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयनको अनुगमन गर्ने र कार्यान्वयन गराउने संवैधानिक दायित्व भएको र सरकारी वकिललाई मुद्दाको अनुसन्धानमा निर्देशन दिने दायित्व सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६

ले निरोपित गरेकाले यस्ता विषयमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार आवश्यक अनुसन्धान गर्न र अनुसन्धानको सिलसिलामा प्रभावकारी निर्देशन दिने परिपाटी विकास गर्नु गराउनु भनी नेपालका महान्यायाधिवक्ताका नाउँमा आदेश जारी गरी पाउँ।

कारण देखाउ आदेशः

७. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी रिट निवेदन र आदेशको नक्कल साथै राखी विपक्षीहरुलाई सूचना म्याद पठाई सो को वोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नु भन्ने यस अदालतको मिति २०६८/१/२९ को आदेश।

लिखित जवाफको व्यहोराः

देहायका प्रत्यर्थीहरुवाट देहाय वमोजिमको व्यहोरा खुलाई लिखित जवाफ पेश हुन आएको देखिन्छः

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफः

८. नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्थित मौलिक हक एवं अन्य नेपाल कानूनमा व्यवस्था गरिएका नागरिकको कानूनी अधिकारहरुको सुनिश्चित उपभोगका लागि नेपाल सरकार अत्यन्त सचेत र प्रतिवद्ध रहेको व्यहोरा सम्मानित अदालतलाई अवगत गराउँदछु। तराईका विभिन्न जिल्लाहरुमा केही वर्ष यता भएको आपराधिक गतिविधिलाई नियन्त्रण गरी नागरिकको मौलिक मानव अधिकारको उपभोगलाई सुनिश्चितता प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले विशेष सुरक्षा योजना लागु गरेको र सो योजना समेत प्रचलित नेपाल कानूनको परिपालना गरी सञ्चालन गनुपर्ने भएकोले निवेदकले भने जस्तो नागरिकको मानव अधिकारको उल्लंघन हुने भन्ने प्रश्न नै आउँदैन। कथंकदाचित कुनै सुरक्षाकर्मी वा अन्य पदाधिकारीको काम, कारवाहीका कारण कुनै नागरिकको मौलिक हकमा बाधा उत्पन्न हुन गएमा प्रचलित नेपाल कानूनले निर्धारण गरेको प्रकृया र कार्यविधिको अवलम्बन गरी सोको उपचार प्राप्त गर्न सकिने नै हुन्छ। मौलिक हक हनन् सम्बन्धी विषय व्यक्ति विशेषसँग सम्बन्धित हुँदा मर्का पर्ने व्यक्ति आफै सोको उपचारका लागि अदालत प्रवेश गर्नुपर्ने भएकोले नागरिकको मौलिक हक हनन् भएको भन्ने समुच्चा र हचुवा दावी लिई रिट निवेदन गर्ने हकदैया समेत कानूनतः रिट निवेदकमा रहँदैन। जहाँसम्म

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लंघनका सम्बन्धमा गरेको सिफारिश सम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपाल सरकारले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश कार्यान्वयनलाई आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ। यस सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहेको मानव अधिकार प्रवर्द्धन शाखाबाट राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिशहरु आफैले कार्यान्वयन गर्नुपर्ने भए तुरुन्त गरी र अन्य मन्त्रालय मार्फत कार्यान्वयन गर्नुपर्ने भए सम्बन्धित मन्त्रालयहरुमा लेखि पठाई कार्यान्वयन गर्ने गरेको, शाखाबाट आयोगले हालसम्म गरेका सिफारिशहरुको लगत अद्यावधिक गरी सम्बन्धित मन्त्रालयहरुलाई कार्यान्वयनका लागि लेखि पठाई समय-समयमा अनुगमन गर्ने गरेको र हालसम्मको प्रगति विवरण तयार गरी आयोगमा पठाइनुका अतिरिक्त यस कार्यालयको website मा समेत राखिएको छ। आयोगको सिफारिश कार्यान्वयन नभएको भन्ने निवेदन दावी झुठ्ठा हो। निवेदनमा दावी लिईएका अन्य विषयका हकमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै छ। अतः निवेदन माग बमोजिम यस कार्यालयका नाममा आदेश जारी हुन नसक्ने भएकोले रिट निवेदन खारेज गरीपाउँ भन्ने व्यहोराको मिति २०६८/२/१८ को लिखित जवाफ।

<u>कानून तथा न्याय मन्त्रालयको लिखित जवाफः</u>

९. नेपाल सरकारले लागू गरेको "विशेष सुरक्षा योजना" ले तराई मधेशमा व्याप्त हत्या हिंसाको श्रृंखलामा केही कमी आएको जस्तो देखिए पनि यसले गैरन्यायिक हत्याका घटनाहरुमा वृद्धि भएको र यसबाट आम जनता पीडित भएको भन्ने प्रश्नका सम्बन्धमा निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र १३ द्वारा प्रदत्त हकमा आघात पुगेकोले सोको निष्पक्ष अनुसन्धान गर्न र अभियोजन गर्न समेत विभिन्न आदेश माग गर्नु भएको पाइयो। यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट विपक्षी बनाइएको हो सो स्पष्ट छैन। शान्ति सुरक्षा कायम गर्ने र अपराधको अनुसन्धान एवं अभियोजन गर्ने काम नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र भित्र नपर्ने हुँदा यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरिएको रिट निवेदनको औचित्य नरहेको र निवेदकको माग बमोजिम अनुसन्धान गरी मुद्दा चलाउनु पर्ने भए प्रचलित कानून बमोजिम चलाउन सकिने नै हुँदा वैकल्पिक उपचारको पहल नै नगरी यस अदालतको असाधारण क्षेत्राधिकार आकृष्ट गर्न परेको निवेदन प्रारम्भदेखि नै कानूनसम्मत् नहुँदा खारेज गरी पाउँ भन्ने व्यहोराको मिति २०६८/३/२ को लिखित जवाफ रहेको।

<u>महान्यायाधिवक्ताको कार्यालयबाट पेश हुन आएको लिखित जवाफः</u>

१०. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(३)(ख) ले महान्यायाधिवक्तालाई मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने जिम्मेवारी तोकेको छ। महान्यायाधिवक्तालाई मुलुकको समग्र न्याय प्रणालीको एक महत्वपूर्ण निकायको रुपमा स्वीकार गर्दै परिवर्तित सन्दर्भमा दिईएको नयाँ जिम्मेवारी संवेदनशीलताका साथ सम्पन्न गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक पञ्चवर्षीय कार्य-योजना २०६७ लागु गरेको छ। सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा छुट्टै योजना, अनुसन्धान र अनुगमन विभागको स्थापना गरिएको र सो विभागबाट कार्य थालनी भइसकेको छ। जनताको जीउ, धन, मानव अधिकार तथा मानवीय स्वतन्त्रता संरक्षणमा सरकारी वकीलहरु संवेदनशील हुनुपर्ने विषयलाई उचित प्राथमिकता दिई रणनीतिक कार्ययोजनामा सरकारी वकीलमा मानव अधिकार संस्कृतिको विकास गर्ने लक्ष्यका साथ सरकारी वकीललाई चरणबद्ध रुपमा मानव अधिकारका विषयमा प्रशिक्षित गराउँदै आएको र आगामी दिनमा समेत सो कार्यलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गरिने व्यहोरा निवेदन गर्दछु।

११. सरकारी वकील समक्ष सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ६(२) बमोजिम प्रहरी कार्यालयबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि मुद्दामा गर्नुपर्ने अनुसन्धान सम्बन्धमा आवश्यक निर्देशन दिने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी भौतिक प्रमाणमुखी तथा वैज्ञानिक अनुसन्धान गराउन र काम कारवाहीमा एकरुपता ल्याउनका लागि सरकारी वकील सम्बन्धी दिग्दर्शन, २०६३ जारी गरिएको छ। सो दिग्दर्शन सरकारी वकीलबाट अवलम्बन भई कार्य सम्पादनमा प्रभावकारिता समेत आएको छ। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६(२) मा भएको व्यवस्थालाई लागु गर्ने सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयले मिति २०६०।१२।१० मा मातहत जिल्ला सरकारी वकील कार्यालयले अनुसन्धानमा दिएको निर्देशन सम्बन्धमा अनुगमन गर्न सबै पुनरावेदन सरकारी वकील कार्यालयहरुलाई र जिल्ला सरकारी वकील कार्यालयबाट प्रहरीलाई दिइएको निर्देशन पालना भए नभएको सम्बन्धमा समय समयमा अनुगमन गरी पुनः निर्देशन दिन निर्देशन जारी गरेको र सो व्यवस्थालाई कडाईका साथ लागु गराउन पटक पटक परिपत्र समेत गरिएको छ। सरकारी वकीललाई ऐनले प्रदान गरेको जिम्मेवारी कार्यस्थलमा प्रभावकारी रुपमा लागु गरेपछि मात्र नतिजामूखी अनुसन्धान भै अभियोजनको सफलता बढ्ने कुरालाई मध्यनजर गरी महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०६७।१२।२७ मा मातहत सरकारी वकील कार्यालयलाई ३३ बुँदे निर्देशिका जारी गरेको छ। सोको बुँदा नम्बर १ मा

"सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६(१) बमोजिम प्रहरीबाट प्रस्तुत हुने प्रारम्भिक प्रतिवेदन हाल केवल औपचारिकताका रुपमा सिमित रहेको तथ्यलाई मध्यनजर गर्दै तत्सम्बन्धमा तत्काल सुधार गर्न उक्त प्रतिवेदनमा घटनाको वस्तुनिष्ठ तथ्यगत विवरणका अतिरिक्त कस्ता प्रमाणहरु संकलन गरिनु पर्ने अवस्था रहेको छ जस्ता कुराहरु स्पष्ट खुलाई विवरण समावेश गरी अपराध अनुसन्धान गर्न सबै सम्बन्धित प्रहरीलाई निर्देशन दिने र प्रारम्भिक प्रतिवेदन पेश हुनासाथ सम्बन्धित सरकारी वकीलले प्रहरी अनुसन्धानकर्तालाई तत्काल निर्देशन दिने परिपाटीलाई व्यवस्थित गर्ने" भन्ने व्यवस्था छ। सो व्यवस्था लागु भए नभएको सम्बन्धमा अनुगमन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयको योजना, अनुसन्धान तथा अनुगमन विभागलाई जिम्मेवारी तोकिएको छ। उल्लिखित नीतिगत, रणनीतिगत तथा संस्थागत संयन्त्रबाट कानूनले सरकारी वकीललाई अनुसन्धानका क्रममा निर्देशन दिने जिम्मेवारी उचित गम्भीरताका साथ लिइएको भई कार्यान्वयन गरिएको व्यहोरा निवेदन गर्दछु। मुद्दाको अनुसन्धानमा सरकारी वकीलको कुनै जिम्मेवारी नभएको, अनुसन्धानका क्रममा सरकारी वकील मुकदर्शक र निस्क्रिय रहेको भन्ने रिट निवेदनमा लगाईएको आरोप आधारयुक्त छैन।

१२. महान्यायाधिवक्ताको कार्यालयले वस्तुनिष्ठ अनुसन्धान प्रभावकारी अभियोजन तथा बहस पैरवी एवं प्रतिरक्षाबाट जनताको जीउ, धन तथा व्यक्तिगत स्वतन्त्रताको संरक्षणमा सरकारी वकीलले राज्यको कुशल, दक्ष र सक्रिय कानूनी प्रतिनिधिको भुमिका निर्वाह पार्न सकोस भन्ने मकसदले सरकारी वकीलहरुलाई विधि विज्ञान तथा वैज्ञानिक अनुसन्धान पद्धति, स्तरीय अभियोगपत्र तयारी तथा बहस पैरवी लगायत मानव अधिकारको संरक्षणमा सरकारी वकीलको भूमिका तथा दायित्व आदि विषयमा विशेष तालिम दिइदै आएको र सो कार्यक्रमलाई आगामी दिनमा अरु सशक्त एवं प्रभावकारी रुपमा सञ्चालन गर्न महान्यायाधिवक्ताको कार्यालयले एक प्रशिक्षण केन्द्रको स्थापना गर्ने कार्य समेत शुरु गरेको छ। उक्त रणनीतिक कार्यबाट निश्चय पनि सरकारी वकीलहरुलाई कानूनले तोकेको जिम्मेवारीहरु पुरा गर्ने कार्यमा प्रभावकारिता आउने अपेक्षा गरिएको छ। सरकारी वकीलहरुमा फौजदारी मुद्दाको अनुसन्धान सम्बन्धी ज्ञानको अभिवृद्धि भएको अवस्थामा स्वभावतः प्रहरी वा अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिई मुद्दाको वस्तुनिष्ठ तथा भौतिक प्रमाणमुखी अनुसन्धान भई निरपराधी व्यक्तिले झुठा अभियोग खेप्नु पर्ने र अपराधी व्यक्तिले कसूरबाट उन्मुक्ति पाउने अवस्था निरुत्साहित हुनेछ। यसबाट समाजमा हुने विभिन्न हत्या, हिंसा तथा मानव अधिकार उल्लंघनका घटनामा कमी आउने कुरा नकार्न सकिँदैन। महान्यायाधिवक्ताको कार्यालयले मुलुकमा कानूनको शासन, मानव अधिकारको संरक्षण र दण्डहिनताको अन्त्य गरी निर्भिक रुपमा बाँच्न पाउने वातावरणको सुनिश्चितिता गर्नुपर्ने

जिम्मेवारीलाई गम्भिरतापूर्वक लिई यसतर्फ योजनाबद्ध रुपमा विभिन्न कार्यक्रमहरु लागु गरेको व्यहोरा निवेदन गर्दछु।

१३. मुलुकमा बढ्दो दण्डहिनता, मानव अधिकारको उल्लंघन र शान्ति सुरक्षाको संवेदनशीलतालाई मध्यनजर गरी फौजदारी मुद्दामा अनुसन्धानलाई प्रभावकारी बनाउन स.मु.स. नियमावली, २०५५ को नियम २२ बमोजिम महान्यायाधिवक्ताको अध्यक्षतामा गठन हुने अनुसन्धान समन्वय समितिमा फौजदारी मुद्दाको अनुसन्धानमा देखिएका कमी कमजोरीहरुको सम्बन्धमा छलफल भई अनुसन्धानमा त्रुटि गर्ने र फितलो अनुसन्धान बनाउन संलग्न प्रहरीलाई विभागीय कारवाहीका लागि सिफारिश समेत भएका र सो सम्बन्धमा पटक पटक निर्देशनहरु पनि जारी गरिएकाले महान्यायाधिवक्तालाई फौजदारी मुद्दाको अनुसन्धानमा दिइएको जिम्मेवारी अपेक्षित रुपमा सम्पादन गर्ने कार्यमा आफूले उच्च प्राथमिकता लिई कार्य गरेको व्यहोरा निवेदन गर्दछु। यस्ता निर्देशनहरुको अनुगमनका लागि महान्यायाधिवक्ताको कार्यालयमा छुट्टै योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार विभागको स्थापना भई कार्य प्रारम्भ भइसकेको छ। अतः रिट निवेदकले उल्लेख गरेको सशस्त्र द्वन्दको समय र सो पश्चात तराईमा घटेका विभिन्न घटनामा सरकारी वकील निस्क्रिय रहेको जिकिर तथ्यपरक नभएको व्यहोरा निवेदन गर्दछु।

१४. जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी समाजमा शान्ति र व्यवस्था कायम राख्ने तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्न संविधान तथा कानून निर्देशित दायित्वप्रति महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरु सजग र क्रियाशील छन्। सार्वजनिक शान्ति सुव्यवस्थामा असर पर्ने तथा सार्वजनिक नैतिकता र सदाचारमा प्रतिकूल प्रभाव पार्ने गम्भीर प्रकृतिका सरकारवादी मुद्दामा अपराधको अनुसन्धान तहकिकातद्वारा स्थापित तथ्य, प्रमाण र कानूनका आधारबाट कसूरदार देखिएका व्यक्ति उपर मुद्दा अभियोजन गरी बहस, पैरवी र प्रतिरक्षासमेत गर्ने कार्य नेपालको अन्तरिम संविधान, २०६३ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले महान्यायाधिवक्ता र मातहतका सरकारी वकीललाई सुम्पेको छ। संविधान र कानूनद्वारा सुम्पिएका काम, कर्तव्य र जिम्मेवारी पूरा गर्न महान्यायाधिवक्ता र सरकारी वकीलहरु दत्तचित्त छन्। फौजदारी अपराधको सूचना दिने सम्बन्धी व्यवस्था सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा ३ मा गरिएको छ। ऐनको दफा ३ को उपदफा (५) मा उल्लेख भए बमोजिम उक्त ऐनको अनुसूची १ मा समावेश भएका मुद्दाको सम्बन्धमा अपराधको सूचना दिने लिने सम्बन्धमा कानूनले सरकारी वकील कार्यालयको भूमिका राखेको पाइदैन। उक्त ऐनको दफा ६(१) बमोजिम प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि दफा ६(२) बमोजिम सरकारी वकीलले तहकिकात गर्ने प्रहरी

कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्ने कानूनी व्यवस्था अनुसार निर्देशन दिई आएको छ। ऐनको दफा ३४(क) ले अनुसन्धान अधिकारी र अभियोजन अधिकारीले अनुसन्धान र अभियोजनमा लापरवाही र वदनियत राखी काम कारवाही गरेको अवस्थामा कारवाहीको भागिदार बनाउने व्यवस्था स्पष्ट रुपमा उल्लेख गरेकोले सरकारी वकीलबाट वदनियतपूर्वक कार्य सम्पादन भएको देखिएमा सम्बन्धित सेवा शर्त सम्बन्धी कानूनबमोजिम आफ्नो पदीय कार्यप्रति उत्तरदायी र जिम्मेवार बनाउन सकिने भनी सम्मानित सर्वोच्च अदालतबाट मधुसुधन भट्टराई वि. नरेन्द्र बहादुर चन्द भएको मुद्दामा (सम्वत् २०५८, फौ.वि.नं. ९५, फैसला मिति २०५९।२।१३) सिद्धान्त समेत प्रतिपादन भएको छ। सरकारी वकीलहरुको पेशाप्रतिको दायित्व र जिम्मेवारी सम्बन्धमा सो फैसलाले स्थापित गरेका सिद्धान्तहरुप्रति सबै सरकारी वकीलहरु सजग रहेको व्यहोरा निवेदन गर्दछु। यस अवस्थामा रिट निवेदकले सरकारी वकीलहरु आफ्नो कर्तव्यप्रति जिम्मेवार हुन नसकेको भन्ने जिकिर आधारयुक्त छैन।

१५. महान्यायाधिवक्तालाई संविधान तथा कानूनले तोकेका जिम्मेवारीहरु रणनीतिक रुपमा सम्पादन भई मुलुकमा कानूनको शासन, फौजदारी न्याय प्रशासन, मानव अधिकारको संरक्षण तथा राज्यका विभिन्न निकायहरुलाई कानूनी सल्लाह दिने लगायतका काम, कर्तव्य र जिम्मेवारी छिटो, छरितो, स्तरीय, प्रभावकारी रुपमा सम्पन्न हुन सकुन र जनताको सरकारी वकीलप्रतिको विश्वास अभिवृद्धि हुन सकोस भन्ने मान्यतालाई जोड दिई महान्यायाधिवक्ताको कार्यालयले कार्य गर्दै आएको छ। सर्वोच्च अदालतबाट मुद्दा मामिलाका रोहमा भएको कानूनको व्याख्या वा प्रतिपादित कानूनी सिद्धान्तको कार्यान्वयनका लागि महान्यायाधिवक्ताले अनुगमन गर्नुपर्ने संवैधानिक जिम्मेवारी सम्पन्न गरिने व्यहोरा निवेदन गर्दछु। फौजदारी अपराधको अनुसन्धानका सिलसिलामा अनुसन्धानकर्ता प्रहरीलाई निर्देशन दिई अनुसन्धानलाई भौतिक प्रमाणमुखी, वैज्ञानिक र वस्तुनिष्ठ बनाउनका साथै अनुसन्धानमा हुने कानूनी त्रुटिहरुलाई हटाउने, अभियुक्तको फौजदारी न्याय सम्बन्धी हक संरक्षण गर्न आफू समक्ष बयान गराउने, निजको मानव अधिकारको संरक्षण तथा पीडितलाई न्याय दिलाउने जिम्मेवारीलाई उच्च जिम्मेवारी तथा सतर्कतापूर्वक सम्पन्न गरिएको छ। मुद्दामा मिसिलले स्थापित गरेको तथ्य, प्रमाण र कानूनको विश्लेषण गरी दोषी उपर अभियोजन र पीडितलाई उपचार तथा क्षतिपूर्ति दिलाई समाजमा कानूनको प्रभावकारी कार्यान्वयन गरी सभ्य समाजको निर्माण गर्नमा महान्यायाधिवक्ता र मातहत सरकारी वकीलबाट आफ्नो जिम्मेवारी सम्पन्न भई आएको हुँदा निवेदकको माग बमोजिम आदेश जारी गर्नु पर्ने अवस्था छैन। रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको महान्यायाधिवक्ताबाट मिति २०६८/२/२९ मा पेश भएको लिखित जवाफ।

गृह मन्त्रालयबाट पेश हुन आएको लिखित जवाफ व्यहोराः

१६. "तराईमा शान्ति सुरक्षाको अवस्थालाई सुदृढ र व्यवस्थित गर्न विशेष सुरक्षा योजना सहित नेपाल सरकार लागि परेको छ। जनताको शान्तिप्रतिको चाहना पुरा गर्न सरकार लागि परेको व्यहोरा सम्मानीत अदालतलाई जानकारी गराउँदछु। शान्ति सुरक्षा कायम राख्ने सिलसिलामा अपराधीको पहिचान गरी कानूनी दायरामा ल्याउने कार्यमा यस मन्त्रालय तथा मातहतका निकाय तल्लिन छन्। शान्ति सुरक्षा कायम गर्ने क्रममा सुरक्षा निकायबाट भएका छिटपुट घटनालाई लिएर राज्यले गैर-न्यायिक हत्या गरेको भनी आरोप लगाउन उपयुक्त नहोला। तसर्थ रिट निवेदन खारेज गरी पाउँ" भन्ने व्यहोराको गृह मन्त्रालयको मिति २०६८/३/१ को लिखित जवाफ[3]।

प्रहरी प्रधान कार्यालय नक्सालको लिखित जवाफः

१७. विपक्षीहरुले केवल विभिन्न मानव अधिकारवादी संस्थाले प्रकाशित गरेको विभिन्न आत्मगत प्रतिवेदनको आधार लिई निवेदन दायर गरेको देखिएको छ। त्यतिमात्र होइन, केही प्रादेशिक राजनीतिक उदेश्यले प्रकाशित समाचार र स्वयं निवेदक मध्येका दिपेन्द्र झाको आफ्नै संस्थाबाट प्रतिवेदन तयार गरी सोही प्रतिवेदनको आधारमा नेपाल प्रहरी समेतले गैरन्यायिक हत्या गरेको अभियोग विपक्षीले लगाएको स्पष्ट छ। यथार्थमा विपक्षीले भने बमोजिमको कुनै गैरन्यायिक हत्यामा यस कार्यालय वा यस कार्यालय मातहतका कार्यालयको संलग्नता छैन। प्रहरी प्रधान कार्यालय वा मातहतका कार्यालयहरु मानव अधिकारको संरक्षणमा सदैव प्रतिवद्ध रहेका छन्। निवेदकहरुले आफ्नो मागदावीमा उल्लेख गरे बमोजिम अनुसन्धानको लागि छुट्टै निकाय स्थापना हुनुपर्ने भन्ने कुरा आफैमा अतार्किक छ। अपराध अनुसन्धान राज्यको दायित्व हो र राज्यले आफ्नो त्यस्तो दायित्व पुरा गर्नका लागि कुन निकायलाई अख्तियार दिने भन्ने कुरा राज्यको विधायिकाले कानून निर्माण गरी गर्ने हो। त्यसरी विधायिकाले कानूनको निर्माण गर्ने कुरामा विपक्षीको कुनै हकको प्रश्न नै सिर्जना नहुने भएको हुनाले रिट निवेदन बदरभागी छ। रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको मिति २०६८/३/३ को लिखित जवाफ।

सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको लिखित जवाफ व्यहोराः

१८. मिति २०६६/०४/१४ गतेको मन्त्रिपरिषदको बैठकले विशेष सुरक्षा योजना सञ्चालन गरी शान्ति सुरक्षा प्रभावकारी रुपमा कायम राखे, दण्डहिनताको अन्त्य गर्ने तथा मानव अधिकारको संरक्षण गर्ने उद्देश्यले उक्त विशेष सुरक्षा योजना अनुरुप सशस्त्र प्रहरी बल पनि परिचालित भएको छ। उक्त विशेष सुरक्षा योजना अनुसार तराई क्षेत्रको शान्ति सुरक्षार्थ सशस्त्र प्रहरी बल

---

3 गृह मन्त्रालयबाट पेश हुन आएको लिखित जवाफको व्यहोरा सम्पादन नगरी यहाँ हूबहू रुपमा जस्ताको तस्तै उतार गरिएको छ ।

परिचालित हुँदा प्रचलित ऐन, कानूनहरुको पूर्णरुपमा पालना गरिएको छ। रिट निवेदकले उल्लेख गरे अनुसार मानव अधिकारको हनन गर्ने, मौलिक हक अधिकारको हनन गर्ने तथा गैरन्यायिक हत्या गर्ने जस्ता कुनै पनि कार्यहरु सशस्त्र प्रहरी बलले गरेको छैन। रिट निवेदकले नभएको कुरालाई भएको र नियमानुसार भएको काम कारवाहीको गलत व्याख्या गरी झुठ्ठा बहाना बनाई रिट निवेदन दिएको देखिँदा निवेदन खारेज गरी पाऊँ भन्ने व्यहोराको मिति २०६८/३/१३ को लिखित जवाफ।

राष्ट्रिय मानव अधिकार आयोगबाट पेश हुन आएको लिखित जवाफ व्यहोराः

१९. मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम स्थापित भै नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम संवैधानिक अङ्गको रुपमा रुपान्तरित यस राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख काम नै मानव अधिकारको संरक्षण र सवर्द्धन गर्नु हो। मानव अधिकारका घटनाहरुमा अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिश गर्ने, मानव अधिकारको सचेतना अभिवृद्धि गर्ने, मानव अधिकारको उल्लंघनकर्तालाई कारवाहीको लागि सिफारिश गर्ने, मानव अधिकार सम्बन्धी सन्धी सम्झौताको कार्यान्वयन भए नभएको हेरी आवश्यक सिफारिश गर्ने र मानव अधिकार उल्लंघनकर्ताको अभिलेख राख्ने आदि काम कर्तव्य र अधिकार यस आयोगलाई संवैधानिक रुपमा प्रदान गरिएको छ। रिट निवेदनमा उल्लेख गरिएका मध्ये तराई तथा पूर्वी तराईमा भइरहेको गैरन्यायिक हत्याका घटनाहरुको सम्बन्धमा पनि यस आयोगबाट अनुसन्धान भै नेपाल सरकार समक्ष सिफारिश गरिएको भएपनि सिफारिश कार्यान्वयन नभएको भन्ने तथ्य रिट निवेदनबाटै खुल्न आएको छ। यस्ता घटनाहरुमा आयोगबाट गरिएका सिफारिशहरुमा या त सिफारिश कार्यान्वयन नहुने, भएपनि आंशिक रुपमा मात्र हुने (जस्तै पीडितलाई क्षतिपूर्ति र दोषीमाथि कारवाहीको सिफारिश गरिएको भए पीडित परिवारले क्षतिपूर्ति प्राप्त गरेपनि दोषी माथि कारवाही भने नभएको) अवस्था आयोगले भोगिरहेको समस्या हो। आयोग कै कर्मचारी दयाराम परियारको जनकपुरमा प्रहरीले गोली हानी हत्या गरेको घटनामा समेत पीडित परिवारले क्षतिपूर्ति प्राप्त गरेको भएपनि दोषीमाथि कारवाही भएको छैन।

२०. नेपालको अन्तरिम सविधान, २०६३ र मानव अधिकार आयोग ऐन, २०५३ मा गरिएको व्यवस्था बमोजिम यस आयोगले आफ्नो कर्तव्य पुरा गर्नका लागि मानव अधिकार उल्लंघनको उजूरी उपर अनुसन्धान तथा छानविन गरी सिफारिश गर्दै आइरहेको छ। उक्त सिफारिश कार्यान्वयन गर्न आयोगबाट लेखि आए बमोजिम कारवाही गरी वा कारवाही गर्न नमिल्ने भए सो कारण समेत खुलाई आयोगबाट सिफारिश भै आएको मितिले ३ महिनाभित्र सो बमोजिमको कारवाही गरिएको जानकारीको प्रतिवेदन सम्बन्धित निकाय वा अधिकारीले आयोग समक्ष पठाउनु पर्ने कानूनी प्रावधान मानव अधिकार आयोग ऐन, २०५३ दफा १३ मा रहेको छ।

आयोगको स्थापना कालदेखि २०६७ जेष्ठ १३ गतेसम्म आयोगमा प्राप्त उजूरीहरु उपर आवश्यक अनुगमन तथा अनुसन्धान भई आयोगको निर्णय अनुसार नेपाल सरकारलाई सिफारिश गरिएका ३८६ वटा उजूरीहरु मध्ये ३४ वटा पूर्ण कार्यान्वयन भएको, १३८ वटा आंशिक कार्यान्वयन भएको र २१४ वटा कार्यान्वय नभएको अवस्था छ। आयोगको सिफारिश पूर्णरुपमा कार्यान्वयन नभएको तर्फ आयोग पूर्ण सचेत र पूर्ण कार्यान्वयन गराउन विभिन्न पहल गरिरहेको छ। आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्दा आयोगको सिफारिशहरुलाई कार्यान्वयन गर्न सरकारका प्रयत्न अपुग भएको समेत अवगत गराइएको छ र आयोगका सिफारिशहरु कार्यान्वयन नहुँदा दण्डहिनताले प्रश्रय पाउने गरेको समेत जानकारी गराइएको छ। आयोगले ऐन तथा संविधानले दिएको काम कर्तव्य र अधिकारको प्रयोग गर्दै आएको छ र आफ्नो सिफारिश कार्यान्वयनको लागि पनि आयोगले नेपाल सरकारलाई पटक पटक ताकेता गरिनै रहेको अवस्था छ। आयोगको सिफारिश कार्यान्वयनका लागि व्यवस्थापिका संसद अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानव अधिकार समिति समक्ष पनि समय समयमा बैठकहरु समेत गरी आयोगका सिफारिशहरुलाई कार्यान्वयन गर्न सरकारले ध्यान नदिएको तर्फ समेत छलफल गर्ने गरिएको छ।

२१. आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्रीलाई स्मृति-पत्र, सुरक्षा र प्रशासनिक निकायका उच्च पदस्थहरुसँग छलफल आदि समेत गरी आयोग आफ्नो सिफारिशहरु कार्यान्वयन गर्न गराउन प्रयत्नशील छ। यस सम्बन्धमा आयोगको एक दशक उजूरी उपर आयोगका सिफारिशहरु (वि.स.२०५७-२०६७) पुस्तकको पेज नं १५ देखि ३२ सम्म विस्तृत विश्लेषण गरिएको व्यहोरा अनुरोध छ। निवेदक भोजराज ऐर विपक्षी राष्ट्रिय मानव अधिकार आयोग समेत भएको परमादेश मुद्दामा यस आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा सम्मानित अदालतबाट भएको आदेश प्रकाशित भइसकेको छ[4]। यस आयोगका कर्मचारी दयाराम परियारलाई नेपाल प्रहरीले जनकपुरमा गोली हानी हत्या गरेको घटनामा आयोगले गरेको सिफारिश कार्यान्वयन नभएको भन्दै ल्यानकाउ नामक गैर-सरकारी संस्थाबाट दर्ता भएको रिट निवेदनमा आयोगको सिफारिश कार्यान्वयनका लागि २०६४/२/२५ गते सर्वोच्च अदातलबाट नेपाल सरकारको नाममा जारी भएको परमादेश हालसम्म पनि कार्यान्वयन भै सकेको अवस्था छैन।

२२. आयोगले आफ्नो निर्णय कार्यान्वयन नगर्नेहरु उपर संविधानले दिएको अधिकार प्रयोग गरी त्यस्ता व्यक्तिहरुलाई जवाफदेही बनाउने सवालमा अधिकारको प्रयोग नगरेको र त्यसैको

---

4 सर्वोच्च अदालत वुलेटिन, वर्ष १७, अंक २ वैशाख १६ देखि ३१, २०६५, पूर्णाङ्क ३८० पेज १५

कारणबाट आयोगको फैसला कार्यान्वयन हुन नसकेको भन्ने रिट निवेदकको आरोप देखियो। यस सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२(२)(ज) मा आयोगको सिफारिश कार्यान्वयन नगर्नेको नाम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख गर्ने कुरा कानून बमोजिम गर्ने भनी उल्लेख भएको र हालसम्म पनि त्यस सम्बन्धी कानून निमार्ण भै नसकेबाट उक्त संवैधानिक प्रावधान क्रियाशील हुन नसकेको व्यहोरा अनुरोध छ। कुनै संस्थाले आफुले पाएको अधिकारको अत्याधिक प्रयोग गरेको वा अधिकारको दुरुपयोग गरेको कारणले हुन गएको परिणामको सन्दर्भमा मात्र त्यस्तो विषयलाई तत्काल रोक्न परमादेश जारी गरिनुपर्ने हो। यसमा आयोगले अधिकारको आवश्यकताभन्दा बढी प्रयोग गरेको वा आधिकारको दुरुपयोग गरेको अवस्था छैन। मानव अधिकार आयोग विधेयक संसदमा विचाराधीन रहेको छ। विपक्षीले लगाएको आरोप निराधार भएकोले आयोगको नाउँमा परमादेश जारी हुनपर्ने होइन भन्ने व्यहोराको मिति २०६८/३/१५ को लिखित जवाफ।

<u>व्यवस्थापिका संसद सचिवालयको तर्फबाट पेश भएको लिखित जवाफ व्यहोराः</u>

२३. निवेदन माग दावीको सन्दर्भमा व्यवस्थापिका-संसद सचिवालयलाई प्रत्यर्थी बनाउनुको कुनै आधार र कारण देखिँदैन। निवेदकले उल्लेख गर्नु भएको विषय संविधान वा कानूनले यस सचिवालयको जिम्मेवारीभित्र राखेको विषय होइन। शान्ति सुरक्षाको अवस्था सन्तोषजनक नभएको, मानव अधिकारको संरक्षण र प्रवर्द्धन हुन नसकेको तथा मुलुकभर गैरन्यायिक हत्या गर्ने सिलसिला व्यापक बढेर गएको भन्ने विषयमा परेको प्रस्तुत रिट निवेदनमा यस सचिवालय सान्दर्भिक नै रहेको छैन। व्यवस्थापिका-संसद सचिवालयको हकमा रिट निवेदन प्रथम दृष्टिमा नै खारेजभागी छ। निवेदन माग दावीसमेत औचित्यपूर्ण छैन। देशमा शान्ति सुरक्षाको अवस्था सुदृढ हुनु पर्ने, नागरिकको जीउधन र स्वतन्त्रता सुरक्षित हुनुपर्ने, दण्डहिनताको अन्त्य हुनुपर्ने भनी रिट निवेदनमा उल्लेख भएका विषयमा असहमत हुनुपर्ने कुनै कारण छैन। संविधानले सुम्पेको दायित्व राज्यका हरेका अङ्गबाट निर्वाह हुनुपर्दछ। तर देशमा शान्ति सुरक्षाको अवस्था सुदृढ पार्ने, नागरिकको जीउधन, स्वतन्त्रता सुरक्षित गर्ने र दण्डहिनताको अन्त्य गर्ने संवैधानिक दायित्व यस सचिवालयको होइन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६१ ले व्यवस्थापिका-संसदको काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्नको लागि व्यवस्थापिका-संसद सचिवालयको स्थापना गरेको स्वतः स्पष्ट छ। उक्त जिम्मेवारी बाहेक अन्य क्षेत्रमा यस सचिवालयको भूमिका रहन सक्दैन। निवेदकहरुले यस सचिवालयको नाउँमा कुनै आदेश जारी गर्न मागदावी लिन समेत सक्नु भएको देखिँदैन। यस सचिवालयको नाउँमा कुनै आदेश जारी हुन सक्ने स्थिति नरहेकाले व्यवस्थापिका-संसद सचिवालयको हकमा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको मिति २०६८/२/२४ को लिखित जवाफ।

२४. दुवै पक्षका कानून व्यवसाहीहरुलाई सर्वोच्च अदालत नियमावाली, २०७४ को नियम ८६(१) बमोजिम ३० दिन भित्र लिखित बहस नोट पेश गर्न लगाई नियमानुसार गर्नू भन्ने यस अदालतको मिति २०७६/३/४ को आदेश।

२५. रिट निवेदनमा उल्लेख गरिएका तथ्य, तथ्यांङ्क, गैर-न्यायिक हत्या सम्बन्धमा रहेका संविधान एवम् प्रचलित नेपाल कानूनमा रहेका केही सान्दर्भिक प्रावधानहरु, प्रस्तुत विषय सम्बन्धित अन्तर्राष्ट्रिय कानून र अभ्यासका दृष्टान्तहरु उल्लेख गर्दै निवेदक तर्फका विद्वान अधिवक्ताहरु श्री गोविन्द प्रसाद शर्मा "बन्दी" र श्री सुनिल रंजन सिंहले २९ पृष्ठको विवेचनात्मक लिखित वहस नोट पेश गर्नु भएको छ। यसैगरी विद्वान सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले विपक्षीहरुको तर्फबाट पेश भएका लिखित जवाफका केही बुँदाको संक्षिप्त रुपमा पुनर्उल्लेखन गर्दै "असल नियतले गरेको काम कारवाहीलाई लिएर प्रहरी र सुरक्षा निकायलाई कारवाहीको दायरामा ल्याउने हो भने समग्र सुरक्षा नै प्रभावित हुने हुँदा असल नियतले गरेको कार्यमा बचाउ सम्बन्धी व्यवस्था गरिएको हो" भनी माधव गौतमसमेत विरुध्द प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत (०६८-WS-००१३, आदेश मिति २०७५/३/८) को विवादमा यस अदालतबाट गरिएको व्याख्या उल्लेख गर्दै ४ पृष्ठको लिखित वहस-नोट पेश गर्नु भएको देखियो।

<u>ठहर/आदेश खण्डः</u>

२६. नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनको सन्दर्भमा निवेदकको तर्फबाट विद्वान अधिवक्ताहरु श्री गोविन्द प्रसाद शर्मा "बन्दी" र श्री सुनिल रंजन सिंहले पेश गर्नु भएको लिखित वहस-नोट तथा प्रत्यर्थीहरुको तर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले पेश गर्नु भएको लिखित वहस-नोट सहित मिसिल अध्ययन गरियो। छलफलको क्रममा उपस्थित विद्वान् अधिवक्ताहरु श्री गोविन्द प्रसाद शर्मा "वन्दी", श्री सुनिल रंजन सिंह र श्री पंकज कुमार कर्णले गर्नु भएको वहस समेत सुनियो। वहाँहरुले मूलतः गैर न्यायिक हत्या मानवता विरुध्दको गम्भीर अपराध हो, यस प्रकारका घटनाहरु देशको विभिन्न भागमा भएका छन्, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून प्रतिकूलका यस प्रकारका गैर न्यायिक हत्याको विषयमा निष्पक्ष र स्वतन्त्र रुपमा अनुसन्धान, छानविन गर्ने निकायको अभाव छ, हालसम्म यस विषयमा सरकारका सम्बध्द निकायहरुले जिम्मेवारी पुरा गरेका छैनन्, मानिसको जीउधनको सुरक्षाका लागि न्यायिक हस्तक्षेप आवश्यक देखिएको छ भन्ने समेतका जिकिर प्रस्तुत गर्नु भएको पाइयो। प्रत्यर्थीहरुका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले शान्ति सुरक्षा प्रभावकारी पार्न आपराधिक कार्य नियन्त्रण गर्नुपर्ने हुन्छ, यो कार्य सरकारको हो, सरकारले २०६६ सालमा लागु गरेको सुरक्षा योजनाबमोजिम भएको कार्य गैर-कानूनी छैन, वदनियतपूर्वक सुरक्षाकर्मीबाट कुनै काम भएको र गैर न्यायिक हत्या गरिएको

छैन, निवेदकले गैर-न्यायिक हत्या भएको र छानविन नभएको भन्ने गोश्वारा व्यहोरा उल्लेख गरेको छ, संविधान र कानूनले परिकल्पना नै नगरेको अपराध अनुसन्धानको छुट्टै संयन्त्र गठन गर्न मिल्दैन, भैरहेको संयन्त्रबाट नै सबै प्रकारको गैर-कानूनी क्रियाकलापको अनुसन्धान तथा छानविन हुन सक्तछ, तसर्थ रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

२७. अब यसमा रिट निवेदनमा जिकिर गरिए अनुसार स्वतन्त्र र निष्पक्ष रुपमा गैर-न्यायिक हत्याको विषयमा अनुसन्धान, छानविन गर्न कुनै छुट्टै संन्यन्त्र निर्माण गर्नु पर्ने हो वा होइन? संविधान एवम् कानून बमोजिमको दायित्व प्रत्यर्थीहरुले पुरा नगरेको भन्ने निवेदन मागबमोजिम रिट आदेश जारी हुने, नहुने के हो? भन्ने प्रश्नमा केन्द्रित रहेर निर्णय दिनु पर्ने देखिन आयो।

२८. निर्णय तर्फ विचार गर्दा सर्व प्रथम केही प्रारम्भिक प्रश्न वा सन्दर्भहरुको निरुपण गर्नु आवश्यक देखिन्छ। प्रस्तुत रिट निवेदन नेपालको अन्तरिम संविधान, २०६३ अनुसारका प्रावधान उल्लेख गरी २०६८ साल वैशाखमा परेको देखिन्छ। निवेदन २०६८ सालमा परेको हुँदा सन्दर्भ अनुसार तत्कालिन अवस्थामा प्रचलनमा रहेको मुलुकी ऐन, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मानव अधिकार आयोग ऐन, २०५३ समेतका कानूनी प्रावधानहरु उल्लेख भएका देखिन्छन्। लिखित जवाफ समेत सोही अनुसार परेको पाइन्छ। तर अहिले कानूनी स्थितिमा परिवर्तन आएको छ। अन्तरिम संविधान, २०६३ लाई प्रतिस्थापन गरी २०७२ सालमा नेपालको संविधान जारी भएको छ; मुलुकी ऐन तथा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ लाई प्रतिस्थापन गरी मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ जारी भएको छ; २०६८ सालमा राष्ट्रिय मानव अधिकार आयोग ऐन जारी भई लागु भएको छ। यसरी रिट निवेदन दायर हुँदाको र अहिलेको कानूनी सन्दर्भमा केही फरक स्थिति देखिन्छ। तथापी विवादित मूल विषयवस्तुमा भने कुनै परिवर्तन आएको देखिदैन। मानव अधिकार, जीवनको हक, गैर-न्यायिक हत्या, ज्यान मार्न निषेध गर्ने कानून, अनुसन्धान र अभियोजन पध्दती, राष्ट्रिय मानव अधिकार आयोगको भूमिका लगायतका विषयवस्तुको सान्दर्भिकताको निरन्तरता आजसम्म पनि यथावत कायम रहेको देखिन्छ। त्यसैले परिवर्तित कानूनी सन्दर्भलाई दृष्टिगत गरी विवादको निरुपण गर्नु पर्ने देखिन आयो।

२९. प्रत्यर्थी मध्येको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पेश हुन आएको लिखित जवाफमा "मौलिक हक हनन् सम्बन्धी विषय व्यक्ति विशेषसँग सम्बन्धित हुँदा मर्का पर्ने व्यक्ति आफै सोको उपचारका लागि अदालत प्रवेश गर्नुपर्ने भएकोले नागरिकको मौलिक हक हनन् भएको भन्ने समुच्चा र हचुवा दावी लिई रिट निवेदन गर्ने हकदैया समेत कानूनतः रिट निवेदकमा रहँदैन" भनी हकदैया सम्बन्धी प्रश्न उठाई यो विषयलाई सार्वजनिक सरोकारको

विवादको रुपमा लिन मिल्दैन भनी जिकिर गरिएको देखियो। नेपालको संविधानको धारा १३३(२) मा "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भन्ने व्यवस्था रहेको छ[5]। प्रस्तुत रिट निवेदनका सन्दर्भमा निवेदकले "गैर-न्यायिक हत्या हुने गरेको", "यस विषयमा प्रहरीबाट स्वच्छ, निष्पक्ष र प्रभावकारी रुपमा अनुसन्धान नगरिएको", "अन्य सम्बध्द निकायहरुले समेत उदासिनता देखाएको" र "मानव अधिकार उल्लङ्घनका घटनाहरुलाई न्यायको दायरामा नल्याइएको" भन्ने जस्ता प्रश्न उठाएको देखिन्छ। आम मानिसको बाँच्न पाउने अधिकारको संरक्षण सम्बन्धी संवैधानिक एवम् कानूनी प्रश्न देखिएकाले यसलाई सार्वजनिक सरोकारको विषय होइन भन्नु विवेकपूर्ण हुदैन। हत्या गरिएका मानिसले आफै न्यायिक उपचार खोज्ने कुरा भएन। निजको तर्फबाट कसले, के कुन नाता सम्बन्धका व्यक्तिले, कुन कानूनी व्यवस्थाका आधारमा दावी लिई आउनु पर्ने भनिएको हो? त्यसको आधार र कारण भने प्रत्यर्थीले खुलाउन सकेको पाइएन। कतिपय प्रमाणित तथ्य र तथ्याङ्क खुलाई रिट निवेदन परेको देखिन्छ। निवेदकले उठाएका विषयमा युक्तियुक्त खण्डनका बुँदाहरु खुलाई जिकिर नगरी "समुच्चा र हचुवा दावी" भनी निवेदन व्यहोरा सम्बन्धमा उल्लेख गरिएको लिखित जवाफको व्यहोरा स्वयममा हचुवा र औपचारिकता निर्वाह गर्ने शैलीको देखियो। संवैधानिक कानूनको प्रचलित अभ्यासका दृष्टिले हेर्दा यस प्रकारको विवादलाई "सार्वजनिक सरोकारको विवाद" मान्नु नै सर्वथा उचित हुन्छ।

३०. प्रत्यर्थी मध्येको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पेश हुन आएको लिखित जवाफमा "कथंकदाचित कुनै सुरक्षाकर्मी वा अन्य पदाधिकारीको काम, कारवाहीका कारण कुनै नागरिकको मौलिक हकमा बाधा उत्पन्न हुन गएमा प्रचलित नेपाल कानूनले निर्धारण गरेको प्रकृया र कार्यविधिको अवलम्बन गरी सोको उपचार प्राप्त गर्न सकिने नै हुन्छ" भनी वैकल्पिक उपचारको मार्ग अवलम्बन गर्नु पर्ने जिकिर गरेको पाइयो। निवेदकले "गैर-न्यायिक हत्या हुने गरेको", "यस विषयमा प्रहरीबाट स्वच्छ, निष्पक्ष र प्रभावकारी रुपमा अनुसन्धान नगरिएको", "अन्य सम्बध्द निकायहरुले समेत उदासिनता देखाएको", "मानव अधिकार उल्लङ्घनका

5 नेपालको अन्तरिक संविधान, २०६३ को धारा १०७ को उपधारा (२) मा यस यस प्रकारको संवैधानिक उपचारको व्यवस्था रहेको थियो।

घटनाहरुलाई न्यायको दायरामा नल्याइएको", छानविनका लागि अदालतबाट रिट आदेश जारी हुँदा समेत छानविन कार्य नभएको" आदि विषयहरु न्यायिक निरुपणका लागि प्रस्तुत गरेको देखिन्छ। कानूनबमोजिम अख्तियारी पाएका निकायहरुबाट जिम्मेवारी पुरा नगरिएको (पुरा गर्न ईन्कार गरिएको) भनी निवेदन परेको देखिन्छ; विवादित विषय मानिसको बाँच्न पाउने मौलिक हकसंग सम्बन्धित रहेको छ; उपलव्ध उपचार पर्याप्त वा प्रभावकारी छन् भनी मान्न सकिने कुनै मनासिव आधार प्रस्तुत हुन आएको देखिँदैन। यस अवस्थामा कुन प्रचलित नेपाल कानूनले निर्धारण गरेको, के कस्तो प्रकृया र कार्यविधिको अवलम्बन गरी उपचार प्राप्त गर्न सकिने हो भनी जिकिर गरिएको हो भन्ने कुरा बुझ्न कठिन छ। लिखित जवाफ पेश गर्नु भनेको मन लागेको २/४ बुँदा खुलाएर सामान्य कानूनी औपचारिकता पुरा गर्ने कुरा मात्रै होइन। लिखित जवाफको व्यहोराले विवादित विषयवस्तुसंग सार्थक र तर्कपूर्ण तादात्म्यता कायम राखिएको हुन्छ भन्ने पनि न्यायिक अपेक्षा रहने गर्दछ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) र नेपालको संविधानको धारा १३३(२) मा रहेको व्यवस्था अनुसार यस प्रकारको महत्वपूर्ण सार्वजनिक सरोकारको विवादको निरुपणका लागि यस अदालतको आसाधारण क्षेत्राधिकार आकर्षित हुने नै देखिन्छ। उपलव्ध वैकल्पिक उपचारको व्यवस्था अपर्याप्त र प्रभावहीन देखिएको तथा विवादको विषय मौलिक हक प्रचलनसंग सम्बन्धित रहेको देखिएको हुँदा वैकल्पिक उपचारको मार्ग अपनाउनु पर्ने भन्ने प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिकिर तर्कसंगत र मनासिव देखिएन।

३१. गैर-न्यायिक हत्या एक गम्भीर प्रकृतिको अपराध हो। गैरन्यायिक हत्यालाई अन्तरराष्ट्रिय कानून अन्तर्गत गंभीर अपराध मानिन्छ। राज्यको सुरक्षाबल वा अर्ध-सैनिक समूह, हत्या-दस्ता वा राज्यसँग सहकार्य गरेका वा राज्यबाट समर्थित निजी दस्ता-समुहबाट गरिएका मनसायपूर्ण आक्रमणको परिणामस्वरुप भएका मृत्यु वा हत्यालाई गैर न्यायिक हत्याको रुपमा लिइन्छ। गैर-न्यायिक हत्यालाई कर्तव्य ज्यान सम्वन्धी सामान्य फौजदारी कानून अन्तर्गतको अपराधको रूपमा लिने गरिन्छ[6]। यसलाई अलग्गै रुपमा राष्ट्रिय कानूनमा उल्लेख गर्नै पर्ने आवश्यकता देखिँदैन। हत्या हत्या नै हो, यसमा धेरै विशेषणको जरुरत रहँदैन। त्यसैले गैर न्यायिक

---

6 सन् १९९६ मा संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय कानून आयोगले प्रस्तुत गरेको अध्यन प्रतिवेदनमा "Murder is a crime that is clearly understood and well defined in the national law of every State. This prohibited act does not require any further explanation" भनी उल्लेख गरिएको देखिन्छ। (अन्तर्राष्ट्रिय कानून आयोगको ४८ औं सत्रको प्रतिवेदन, मई/जुलाई १९९६)।

हत्यालाई ज्यान सम्बन्धी सामान्य कानूनको दायरामा राखेर हेर्ने आम प्रचलन रही आएको छ[7]। वस्तुतः यसरी हेरिनु उचित पनि हो। राज्यका कानून कार्यान्वयन गर्ने, गराउने सार्वजनिक पदाधिकारीबाट कानूनी अख्तियारीको आडमा गरिने मनसायपूर्ण आक्रमण वा अनुचित र अत्याधिक बलको प्रयोगबाट कसैको हत्या भएको कुरालाई सामान्य ज्यान सम्बन्धी अपराधमा आकर्षित हुने कानूनभन्दा फरक दृष्टीले हेरिनु कानूनको शासनको आधारभूत मान्यता अनुकूल पनि हुदैन। राज्यका कानून कार्यान्वयन गर्ने, गराउने सार्वजनिक निकाय र पदाधिकारी कानूनको सम्मान र पालना गर्ने कुरामा सर्वसाधारण मानिसभन्दा थप गम्भीर र विशेष सम्वेदनशील हुनुपर्ने विधिशास्त्रीय मान्यता पनि रहेको छ। यसैले कानून कार्यान्वयन गर्ने, गराउने राज्यका पदाधिकारीबाट जिम्मेवारी अनुकूल कार्य नगरी अख्तियारीको दुरुपयोग हुने गरी मनसायपूर्ण आक्रमण गरेको परिणामस्वरुप भएको हत्याको विषय नियमित फौजदारी न्याय प्रणालीको दायरामा पर्न आउदछ र यस कुरामा विशेष संवेदनशील हुनु पर्ने अवस्था रहन्छ। सामान्य कर्तव्य ज्यान सम्बन्धी कसूरको तुलनामा गैर-न्यायिक हत्याको असर समग्र समाज, राज्य, सभ्यता र कानूनी व्यवस्थामा अझ बढी पर्दछ। जुनसुकै प्रकारको क्रुर र अमानवीय अपराधको अभियोग लागेका व्यक्तिलाई पनि स्वच्छ सुनुवाईको हक प्राप्त हुन्छ। यस कुराको अपवादको रुपमा गैर-न्यायिक हत्यालाई हेरिनु हुदैन। यसलाई अन्यथा रुपमा हेरियो भने न्यायका मान्य सिध्दान्त निस्प्रभावी हुने तथा कानूनको शासन, लोकतान्त्रिक मूल्य मान्यता एवं संवैधानिक सर्वोच्चता सुनिश्चित गर्न स्थापित कानूनी एवं न्यायिक संरचनाहरु अप्रासांगिक बन्न जाने खतरा रहन्छ। आधुनिक सभ्य राज्य व्यवस्था, कानून प्रणाली, संवैधानिक व्यवस्था, लोकतान्त्रिक मूल्य मान्यता सहित संरचनागत विकासमा भएका महत्वपूर्ण उपलव्धीहरुलाई गैर-न्यायिक हत्याले चुनौती दिन पुग्दछ।

३२. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ मा प्रत्येक मानिसलाई जीवनको हक हुन्छ भनी उल्लेख गरिएको छ[8]। सो घोषणापत्रको धारा ५ मा कसै उपर बनि क्रुर, अमानवीय

7 ग्वाटेमाला, उरुग्वे आदि केही देशहरूले फौजदारी कानूनमा ज्यान सम्बन्धी अपराधको उल्लेख गर्दा गैर-न्यायिक हत्यालाई छुट्टै र किटान रुपमा उल्लेख गरेको पाइन्छ। यसलाई अपवादको रुपमा लिन सकिन्छ। नेपालको सन्दर्भमा गैर-न्यायिक हत्या सम्बन्धी कसुरमा अवस्था अनुसार मुलुकी ऐन, ज्यान सम्बन्धी महल तथा वर्तमान अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ मा रहेको प्रावधान आकर्षित हुने देखिन्छ।

8 Universal Declaration of Human Rights, 1948 **(UDHR) Article** 3: "Everyone has the right to life, liberty and security of person".

वा हेलत्वपूर्ण व्यवहार गर्न नहुने कुरा उल्लेख छ[9]। यसैगरी उक्त घोषणापत्रमा स्वच्छ सुनुवाइ र स्वतन्त्र न्यायिक निकायबाट प्रभावकारी उपचार पाउने हकको समेत प्रत्याभूति दिइएको छ[10]। बाँच्न पाउने अधिकारका सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ६(१) ले अझ थप स्पष्टताका साथ व्यवस्था गरेको पाइन्छ[11]। उल्लिखित प्रतिज्ञापत्रको धारा ७ मा यातना विरुध्दको हक सम्बन्धी व्यवस्था रहेको छ[12] भने धारा ९ मा वैयक्तिक सुरक्षाको प्रावधान रहेको छ[13]। उक्त दस्तावेजको धारा १४ मा स्वच्छ सुनुवाई सम्बन्धी व्यवस्था रहेको देखिन्छ। कानून कार्यान्वयन गर्ने पदाधिकारीबाट अनुचित र अधिक शक्तिको प्रयोग भएको परिणामस्वरुप कसैको ज्यान मरेमा गैर-न्यायिक हत्या मानिने अवस्था आउने भएबाट यातना विरुध्दको महासन्धीको प्रावधान समेत यस प्रसंगमा उल्लेख गर्नु सान्दर्भिक हुन्छ। उक्त महासन्धीले यातनाको परिभाषा गरेको छ[14] र कुनै पनि

9 **UDHR Article 5** - "No one shall be subjected to torture or to cruel, inhuman or degrading treatment or punishment".

10 "Everyone has the right to an effective remedy by the competent national tribunals for acts violating the fundamental rights granted him by the constitution or by law". (**UDHR Article 8**) I "Everyone is entitled in full equality to a fair and public hearing by an independent and impartial tribunal, in the determination of his rights and obligations and of any criminal charge against him". (**UDHR Article 10**)

11 International Covenant on Civil and Political Rights, 1966 **(ICCPR), Article 6(1)**: "Every human being has the inherent right to life. This right shall be protected by law. No one shall be arbitrarily deprived of his life".

12 **ICCPR को Article 7**: "No one shall be subjected to torture or to cruel, inhuman or degrading treatment or punishment. In particular, no one shall be subjected without his free consent to medical or scientific experimentation".

13 **ICCPR को Article Article 9**: "Everyone has the right to liberty and security of person. No one shall be subjected to arbitrary arrest or detention. No one shall be deprived of his liberty except on such grounds and in accordance with such procedure as are established by law".

14 Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, 1984 (**CAT Convention**): **Article I (1)**: "For the purposes of this Convention, the term "torture" means any act by which severe pain or suffering, whether physical or mental, is intentionally inflicted on a person for such purposes as obtaining from him or a third person information or a

अवस्था, परिस्थिति, कारण वा माथिल्लो तहका अधिकारीको आदेशबाट पनि यातना दिइएको कार्य मान्य नहुने (निन्दनीय हुने) व्यवस्था गरेको छ[15]।

३३. कानून कार्यान्वयन गर्ने अधिकारीहरुले शक्ति तथा हातहतियारको प्रयोग गर्ने सम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिध्दान्तमा[16] शक्तिको प्रयोग गर्ने तरिका, यसको सीमा, विकल्पहरुको प्रयोग र नियन्त्रण सम्बन्धी विविध व्यवस्थाहरु उल्लेख गरिएका छन्। यसले कानून कार्यान्वयन गर्ने अधिकारीमा मानव जीवनको संरक्षण गर्नु पर्ने दायित्व रहने कुरामा जोड दिएको र जीवनको हरण गर्ने कार्य गर्न नहुने मान्यता अगाडी सारेको देखिन्छ। सार्वजनिक जवाफदेहिता रहेका अधिकारीहरुको स्वेच्छाचारी र अमानवीय कार्यको परिणामस्वरुप व्यक्तिको बाँच्न पाउने वैध-अधिकार समाप्त गरिएको अवस्थालाई विधिशास्त्रीय रुपमा गैर-न्यायिक हत्या मानिन्छ। गैर-न्यायिक हत्याका अवस्थाहरु विभिन्न किसिमका हुन सक्तछन्। सामान्यतया: नागरिक विरोध प्रदर्शनको अवस्थामा गरिएको हतियारको घातक प्रयोगबाट भएको मृत्यु, निवारक नजरबन्दमा रहेको वा प्रहरी कब्जा/थुनामा रहेको अवस्थामा गरिएको अनुचित बल प्रयोगबाट भएको मृत्यु, कानून कार्यान्वयन गर्ने अधिकारीबाट यातना दिइएको वा अन्य क्रुर वा अमानवीय व्यवहार गरेको कारणबाट भएको मृत्यु, थुना-गृह वा कारागारमा अनुशासन कायम गर्ने सिलसिलामा अनुचित र अत्याधिक शक्तिको प्रयोग गरिएको परिणामस्वरुप भएको मृत्यु वा आफ्नो कब्जा वा नियन्त्रणमा लिएको व्यक्ति उपर अनुचित रुपमा शक्ति वा हतियार प्रयोग गरी मृत्यु भएकोलाई दोहोरो मुठभेड वा भिडन्त भनी देखाइएको अवस्थाका घटनालाई गैर-न्यायिक

---

confession, punishing him for an act he or a third person has committed or is suspected of having committed, or intimidating or coercing him or a third person, or for any reason based on discrimination of any kind, when such pain or suffering is inflicted by or at the instigation of or with the consent or acquiescence of a public official or other person acting in an official capacity. It does not include pain or suffering arising only from, inherent in or incidental to lawful sanctions".

15 CAT Convention): Article 2(2): "No exceptional circumstances whatsoever, whether a state of war or a threat of war, internal political instability or any other public emergency, may be invoked as a justification of torture".
**Article 2(3):** "An order from a superior officer or a public authority may not be invoked as a justification of torture".

16 Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials, Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, 27 August to 7 September 1990.

हत्याको रुपमा लिन सकिन्छ। कानून कार्यान्वयन गर्ने अधिकारीले हातहतियार प्रयोग गर्न पाउने वा सक्ने अवस्थाहरु पनि निर्धारित छन्। आत्मरक्षाका लागि वा अरु व्यक्तिलाई सम्भावित गम्भीर खतराबाट जोगाउन, भाग्ने उम्कने अवस्थाबाट नियन्त्रण गर्ने जस्ता विविध अवस्थामा सुरक्षाकर्मीले हतियार प्रयोग गर्न सक्ने भनी आधारभूत सिध्दान्तमा तोकिएको देखिन्छ[17]। यसरी निर्धारित शक्ति प्रयोग गर्न हुने र नहुने अवस्थाहरु बीचको सन्तुलन व्यवहारिक रुपमा कायम गर्नु वाञ्छनीय ठानिन्छ।

३४. यस प्रकार मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुमा प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार हुने व्यवस्था रहेको पाइन्छ। बाँच्न पाउने हक, स्वतन्त्रता र सुरक्षा प्रत्येक व्यक्तिको अन्तर्निहित अधिकार हुन्। यो अधिकारको रक्षा गर्ने दायित्व सम्बन्धित पक्ष राष्ट्रको हो। कसैको पनि स्वेच्छाचारी किसिमले जीवन-हरण गर्न निषेधित छ। अधिकारको हनन् भएको अवस्थामा पीडितलाई प्रभावकारी उपचार (Effective Remedy) को हक रहन्छ[18]।

---

17 Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials, 1990 **Principle 9:** "Law enforcement officials shall not use firearms against persons except in self-defence or defence of others against the imminent threat of death or serious injury, to prevent the perpetration of a particularly serious crime involving grave threat to life, to arrest a person presenting such a danger and resisting their authority, or to prevent his or her escape, and only when less extreme means are insufficient to achieve these objectives. In any event, intentional lethal use of firearms may only be made when strictly unavoidable in order to protect life".

**Principle 10:** "In the circumstances provided for under principle 9, law enforcement officials shall identify themselves as such and give a clear warning of their intent to use firearms, with sufficient time for the warning to be observed, unless to do so would unduly place the law enforcement officials at risk or would create a risk of death or serious harm to other persons, or would be clearly inappropriate or pointless in the circumstances of the incident".

**18** ICCPR Article 2(3): "Each State Party to the present Covenant undertakes:

(a) To ensure that any person whose rights or freedoms as herein recognized are violated shall have an effective remedy, notwithstanding that the violation has been committed by persons acting in an official capacity;

(b) To ensure that any person claiming such a remedy shall have his right

राष्ट्रसंघीय मानव अधिकार समितिले General Comment No. 31 मा प्रतिज्ञापत्रद्वारा प्रत्याभूत अधिकारको उल्लंघन भएको अवस्थामा सम्बन्धित राष्ट्रले त्यस्तो घटनाको निष्पक्ष अनुसन्धान गर्ने, अभियोजन गर्ने र पीडितलाई उचित परिपूरण दिनु पर्ने कुरामा जोड दिएको छ। मानव अधिकारको अवधारणा विकाशको सन्दर्भमा अहिले मानवता विरुध्दको अपराधका पीडक वा पीडित जोसुकै र जहाँसुकै भए पनि कानूनको दायरामा ल्याउनु पर्दछ भन्ने मान्यता स्थापित हुँदै आएको छ। व्यक्तिको राष्ट्रियता वा कसुर भएको स्थानको सीमा-बन्देज रहने परम्परागत दृष्टिकोणमा अहिले अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रयोगका सन्दर्भमा परिवर्तन आएको देखिन्छ। अवधारणा विकाशको सन्दर्भमा संयुक्त राष्ट्रसंघको महासभाले विभिन्न समयमा संकल्प प्रस्ताव पारित गर्दै गैर-न्यायिक हत्याको पटक-पटक निन्दा समेत गर्दै आएको छ[19]। गैर-न्यायिक हत्याले मानिसको सर्वाधिक महत्वपूर्ण जीवनको अधिकारमा गम्भीर आघात पुग्दछ, यो एक घीन-लाग्दो अभ्यास हो र यसले मानिसको बाँच्न पाउने मौलिक अधिकारको नाङ्गो ढंगले उल्लंघन गर्दछ भनी महासंघले पारीत प्रस्तावमा उल्लेख गरेको छ। राष्ट्रसंघीय मानव अधिकार समितिले गैर-न्यायिक हत्याका घटनाहरुमा राज्य पक्षले दोषीलाई न्याय समक्ष ल्याउने कुरा सुनिश्चित गर्नु पर्छ, विशेष गरी बाँच्न पाउने अधिकारको उल्लंघन भएका घटनाको विस्तृत छानविन गरी फौजदारी कानून अन्तर्गत अभियोजन गर्ने, पूर्पक्ष गर्ने र दोषीलाई सजाय गर्ने दायित्व राज्यको हुन्छ भनी व्याख्या गरेको पाइन्छ[20]। संयुक्त राष्ट्रसंघीय महासभाले गैर-न्यायिक हत्या सम्बन्धी जिम्मेवारीको पहिचान गर्ने, दोषीलाई न्यायांलय समक्ष उभ्याउने, कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायिक निकायबाट स्वच्छ र खुल्ला सुनुवाई हुने कुराको प्रत्याभूती दिने, उचित समयभित्र पीड़ित र उनका परिवारलाई पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउने,

---

there to determined by competent judicial, administrative or legislative authorities, or by any other competent authority provided for by the legal system of the State, and to develop the possibilities of judicial remedy;

(c) To ensure that the competent authorities shall enforce such remedies when granted. "

19 उदाहरणका लागि १५ डिसेम्बर १९८० को संकल्प नं. ३५/१७५; ९ नोभेम्बर १९८१ को ३६/१७५ को संकल्प प्रस्ताव लगायत तत्-पश्चात प्रत्येक साल (केही अपवाद बाहेक) पारीत प्रस्तावहरुले गैर न्यायिक हत्याको विषयलाई गम्भीरतापूर्वक लिएको देखिन्छ।

20 Bautista de Arellana v. Colombia (Communication No. 563/1993, U.N. Doc. CCPR/C/55/D/563/1993 (1995) को विवादमा राष्ट्रसंघीय मानव अधिकार समितिले गरेको व्याख्यालाई एउटा दृष्टान्तको रुपमा लिन सकिन्छ । यसरी व्याख्या गरिएका विवादहरु अरु पनि धेरै छन्।

दण्डहीनता समाप्त पार्न कानूनी, प्रशासनिक, विधायिकी तथा न्यायिक सबै आवश्यक उपाय अपनाउने दायित्व सदस्य राष्ट्रहरुको हुने गरी जिम्मेवारी समेत तोकेको देखिन्छ। अहिले गैर-न्यायिक हत्याका सबै शंकित मामिलाहरुको विस्तृत तथा निष्पक्ष छानविन हुनु पर्ने विधिशास्त्रीय मान्यता स्थापित भएको देखिन्छ।

३५. गैर-न्यायिक हत्याको पीडा विश्वका धेरै मुलुकका नागरिकले भोग्नु परेको छ। यसलाई नियन्त्रण गर्न वाञ्छनीय भएकाले नै अन्तर्राष्ट्रिय रुपमा यस पक्षमा ध्यानाकर्षण भएको हो र आवश्यक कानूनी सन्यन्त्रहरु निर्माण भएका हुन्। कतिपय सन्दर्भमा गैर-न्यायिक हत्यालाई हेर्ने दृष्टिकोणमा पनि अन्तर-विरोधहरु देखा पर्ने गरेका छन्[21]। यस प्रकारका अन्तर-विरोधका सन्दर्भमा पनि अमुक घटना गैर-न्यायिक हत्या हो वा होइन भन्ने प्रश्नमा केन्द्रित रहने गरेको पाइन्छ। वस्तुतः गैर-न्यायिक हत्यालाई विश्वभर नै निषेधित कार्य मानिएको छ र यस प्रकारका घटनाहरुको स्वच्छ, निष्पक्ष र प्रभावकारी रुपमा अनुसन्धान छानविन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु पर्ने न्यायिक मान्यता आत्मसात् गरिएको पाइन्छ।

३६. अन्तर-अमेरिकी मानव अधिकार आयोगले गैर-न्यायिक हत्यालाई अन्तर्राष्ट्रिय कानून अन्तर्गतको अपराध भनी मानेको देखिन्छ। सो आयोगले गैर-न्यायिक हत्याका सन्दर्भमा हत्याको तरिका पत्ता लगाउने, जिम्मेवार अधिकारीहरूको पहिचान गर्ने, दोषीलाई सजाय गर्ने र पीडितका परिवारलाई क्षतिपूर्ति दिने राज्यको कर्तव्य रहेको भनी Hector Perez Salazar को विवादको सन्दर्भमा व्याख्या समेत गरेको देखिन्छ[22]। अन्तर-अमेरिकी मानव अधिकार अदालतले सुरक्षा प्रत्याभूत गर्न र सार्वजनिक अमनचैन कायम गर्नकालागि (खासगरी कारागारहरूमा) आवश्यक भएमा बलको प्रयोग गर्न सकिने भएपनि यसका लागि कानूनले तोकेका शर्त र अवस्थाहरु पुरा गरेको देखिनु पर्दछ र आवश्यकता भन्दा बढी बलको प्रयोग गर्न हुदैन भन्ने सन्दर्भमा विसद् व्याख्या गरेको छ[23]। उक्त अदालतले राज्यका अधिकारीहरुद्वारा हुने घातक हतियारको प्रयोगको विषयलाई लिएर "अपवाद र अन्तिम विकल्पको सिध्दान्त, वैधानिकताको सिध्दान्त,

21 उदाहरणका लागि Osama Bin Laden लाई सन् २०११ मा पाकिस्तानमा लुकेर बसेको अवस्थामा मारिएको र Qasem Soleimani लाई सन् २०२० मा मारिएको विषयलाई मानव अधिकारवादीहरुले गैर-न्यायिक हत्याको रुपमा लिने गरेको पाइन्छ। तर अमेरिकाले भने यसलाई हत्या नभै "National Self Defense" का लागि गरिएको कार्य भनी दावी गर्ने गरेको छ। यस्ता अन्तरविरोधपूर्ण दृष्टिकोण अन्य विविध सन्दर्भमा पनि देखिएका छन्।

22 Hector Perez Salazar v. Peru, Case 10.562, Report № 43/97, Inter-Am. C. H. R., OEA / Ser.L / V/II.95 Doc. 7 rev. at 771 (1997)

23 Inter-American Court of Human Rights ले Miguel Castro-Castro Prison v. Peru को विवादमा November 25, 2006 मा गरेको फैसला ।

वैधताको सिध्दान्त, आवश्यकताको सिध्दान्त, समानुपातिकताको सिध्दान्त, मानवता तथा जवाफदेहिताको सिध्दान्त" अगाडी सारेको पाइन्छ[24]। बल (शक्ति) तथा हातहतियारको प्रयोगसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको उल्लंघन हुने गरी घातक रुपमा हतियार प्रयोग भएको परिणामस्वरुप भएका मृत्युका घटनालाई गैर-न्यायिक हत्याको रुपमा लिइएको पाइन्छ। यस विषयमा अन्तर-अमेरिकी मानव अधिकार अदालतले कानून कार्यान्वयन गर्ने अधिकारीबाट भएको अत्याधिक वा असन्तुलित बल प्रयोगको कारणबाट ज्यान मरेको अवस्थामा स्वेच्छाचारी रुपमा जीवनको वञ्चितीकरण गरेको मानिने भनी व्याख्या गरेको देखिन्छ[25]। उल्लिखित अदालतले हिंसाद्वारा जनसमुदायलाई धम्क्याइएको अवस्थाबाट पैदा भएको त्रासबाट जनसमुदायलाई जोगाउने राज्यको अधिकार तथा दायित्व हुन्छ, यस अवस्थामा घातक बलको प्रयोग गर्नुपर्ने अवस्था पनि रहन्छ, तर यस अवस्थामा पनि शान्ति र व्यवस्था कायम राख्न अति-आवश्यक र समानुपातिक रुपमा मात्र शक्तिको प्रयोग गर्नु पर्दछ भन्ने कुरामा जोड दिएको पाइन्छ।

३७. दक्षिण अफ्रिकाको संवैधानिक अदालतले संविधान प्रदत्त नागरिकका अधिकारको संरक्षणको लागि राज्यले अभियोजन गर्नु परछ भन्दै The State v. Wouter Basson को मुद्दामा गरेको व्याख्या महत्वपूर्ण छ। उल्लिखित विवादका सन्दर्भमा कानूनी स्थितिको विवेचना गर्दै "संवैधानिक राज्यमा संवैधानिक अधिकार र मूल्य मान्यता संरक्षणमा फौजदारी कानूनले महत्वपूर्ण भूमिका निभाएको हुन्छ; राज्यले अन्य कुराका अतिरिक्त अपराधको अभियोजन गर्ने तथा दण्ड दिने उपायहरुको माध्यमबाट यी अधिकारहरुको संरक्षण गर्नुपर्छ; वर्तमान संवैधानिक संरचनामा नागरिकको अधिकार उल्लङ्घन गर्ने वा कुण्ठित गर्ने कसुरमा अभियोजन गर्ने राज्यको उत्तरदायित्वको ज्यादै महत्वपूर्ण भूमिका रहेको छ; फौजदारी अभियोजन गर्न सक्ने अधिकार सहितको स्वतन्त्र अभियोजन निकायको व्यवस्था गरेर संविधानले अपराधको प्रभावकारी अभियोजन एक महत्वपूर्ण संवैधानिक उद्देश्य हो भन्ने स्पष्ट पारेको छ" भनी व्याख्या गरिएको पाइन्छ[26]। European Court of Human Rights ले गैर-न्यायिक हत्या सम्बन्धी कतिपय

24 Montero Aranguren et al. (Detention Center of Catia) v. Venezuela (५ जुलाई, २००६ को निर्णय), Miguel Castro-Castro Prison v. Peru (२५ नोभेम्बर, २००६ को निर्णय), Zambrano Vélez et al. v. Ecuador (४ जुलाई, २००७ को निर्णय), Barrios Family v. Venezuela (२४ नोभेम्बर २०११ को निर्णय) । उल्लिखित Inter-American Court of Human Rights का फैसलाहरु Website मा उपलब्ध भएको हुँदा पूर्ण-पाठ नै हेर्न सकिन्छ।

25 Barrios Family v. Venezuela (२४ नोभेम्बर २०११ को निर्णय) ।

26 http://www.saflii.org/za/cases/ZACC/2004/13.html - S Vs. Basson, 2005 (1) SA 171 (CC) (2004) at paras 31 – 33:

विवादहरुको सुनुवाई गरेको छ र यस प्रकारको हत्यालाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानून प्रतिकूलको कार्य मानेको छ[27]।

३८. अत्याधिक बलको प्रयोग गरी वा नक्कली इन्काउन्टर गरी गैर-न्यायिक हत्या गरिएको विषयमा अनुसन्धान गरी सुरक्षाबलका कर्मचारीहरुलाई जवाफदेही बनाउने अभ्यास प्रायः सबैजसो लोकतान्त्रिक मुलुकहरुमा गरिएको पाइन्छ[28]। भारतको सर्वोच्च अदालतले भारती तामाङको विवादका सन्दर्भमा भारतको मणीपुरमा भएको गैर-न्यायिक हत्याका विषयमा स्थानीय प्रहरीले अनुसन्धान गर्दा निष्पक्ष नहुने भएको भन्दै अदालतले आदेश जारी गरी छुट्टै अनुसन्धान टोली गठन गराएर अनुसन्धान गराएको र भएका कार्यको अनुगमन समेत गरेको देखिन्छ[29]। भारतीय

---

27 उदाहरणका लागि हतकडी लगाइएका व्यक्तिको सैनिक नियन्त्रणमा रहदाको अवस्थामा मृत्यू भएको सम्बन्धी Guerdner v. France (68780/10) को विवादमा भएको व्याख्यालाई लिन सकिन्छ। रुस, बेलायत, स्पेन आदि देशसंग सम्बन्धित कतिपय विवादहरुलाई पनि यूरोपियन सन्दर्भको दृष्टान्तको रुपमा लिन सकिन्छ।

28 दृष्टान्तः भारतको मनिपुरमा भएको गैरन्यायिक हत्याको अनुसन्धान भारतीय प्रहरीले नगरेपछि पीडितका परिवारले भारतीय सर्वोच्च अदालतमा मुद्दा दिएका थिए। सो मुद्दाको सुनुवाई गर्दै भारतीय सर्वोच्च अदालतले सन २०१७ मा सि.वि.आई.लाई उक्त हत्याका आरोपहरुको अनुसन्धान गर्न आदेश दिएको थियो र सो आदेश अनुसार अनुसन्धान गरिएको थियो।

29 Bharati Tamang Vs. Union Of India को विवादमा निवेदक भारती तामाङका पति मदन तामाङ, (जो अखिल भारतीय गोर्खा लिगका अध्यक्ष थिए), लाई निजको प्रतिद्वन्दी दल गोर्खा जनमुक्ति मोर्चाका समर्थकहरु र प्रहरी समेत भई हत्या गरेको भन्ने विषयलाई लिएर परेको रिट निवेदनका सन्दर्भमा 12 September, 2013 (WRIT PETITION (CRL.) NO.159 OF 2012) मा निर्णय गर्दा भारतीय सर्वोच्च अदालतले भनेको छ :

"To ensure that criminal prosecution is carried on without any deficiency a special team can be constituted under the orders of this Court. Consequently, we have no hesitation in directing the constitution of a Special Investigating Team to investigate the cases that we have mentioned above. It is interesting to note at this stage that we were informed that in none of the cases has been registered against the Manipur Police or any uniformed personnel of the armed forces of the Union. On the contrary, FIRs have been registered against the deceased for alleged violations of the law. Under these circumstances, it would be inappropriate for us to depend upon the Manipur Police to carry out an impartial investigation more particularly when some of its own personnel

सर्वोच्च अदालतले *Extra Judicial Execution Victim Families Association (EEVFAM) Vs. Union of India* भएको मुद्दामा सैनिक, अर्ध-सैनिक वा प्रहरीले प्रयोग गरेको अत्याधिक बलका कारण कसैको ज्यान मर्न गएको अवस्थामा त्यस्तो मुद्दामा भारतीय दण्ड संहिता अनुसार नियमित फौज्दारी अदालतमा नै कारवाही गर्न सकिने व्याख्या गरेको छ[30]। उक्त विवादमा अदालतले यस्तो प्रकृतिको मुद्दामा स्थानीय प्रहरीलाइ अनुसन्धान गर्न दिँदा अनुसन्धान प्रभावित भै फितलो हुने भएकाले केन्द्रिय अनुसन्धान व्यूरो (सि.वि.आइ.) लाई अनुसन्धान गर्ने आदेश जारी गरिएको छ र विवादको निरन्तर अनुगमनका लागि लगातार परमादेश (Contineous Mandamus) को माध्यम अपनाइएको देखिन्छ[31]। तुलनात्मक अभ्यासका दृष्टिले हेर्दा गैर-न्यायिक हत्या एक

---

are said to be involved in the fake encounters and the Manipur Police has not registered any FIR at the instance of the next of the kin of the deceased.

30 Writ Petition (CRL.) No. 129 of 2012 को विवादमा १३ जुलाई, २०१६ मा न्यायाधीशहरु Madan B. Lokur र Uday Umesh Lalit को ईजलासबाट भएको फैसलाको प्रकरण १६३ र १६४ मा यस प्रकारको व्यहोरा उल्लेख गरिएको छः

"The law is therefore very clear that if an offence is committed even by Army personnel, there is no concept of absolute immunity from trial by the criminal court constituted under the Cr.P.C. To contend that this would have a deleterious and demoralizing impact on the security forces is certainly one way of looking at it, but from the point of view of a citizen, living under the shadow of a gun that can be wielded with impunity, outright acceptance of the proposition advanced is equally unsettling and demoralizing, particularly in a constitutional democracy like ours. The result of the interplay between Section 4 and Section 5 of the Cr.P.C. and Sections 125 and 126 of the Army Act makes it quite clear that the decision to try a person who has committed an offence punishable under the Army Act and who is subject to the provisions of the Army Act does not always or necessarily lie only with the Army - the criminal court under the Cr.P.C. could also try the alleged offender in certain circumstances in accordance with the procedure laid down by the Cr.P.C."

31 यसरी Contineous Mandamus जारी गर्दा निम्न व्यहोरा समेत उल्लेख गरेको देखिन्छः

"Having considered the issues in their entirety, we are of opinion that it would be appropriate if the Central Bureau of Investigation (or the CBI) is required to look into these fake encounters or use of excessive or

गम्भीर अपराध भएको र यसको स्वतन्त्र, निष्पक्ष र प्रभावकारी अनुसन्धान राज्यको दायित्वभित्र पर्ने भएको कुरालाइ विभिन्न मुलुकले व्यवहारिक रुपमा पनि स्वीकार गरेको देखिन आउँदछ।

३९. अब प्रस्तुत विवादको सन्दर्भमा निवेदकले लिएको जिकिर र तत् विषयमा लिखित जवाफमा उल्लेख गरिएको व्यहोरा बीचको तादात्म्यता सम्बन्धमा केही समीक्षा गर्नु आवश्यक देखिन्छ। रिट निवेदनमा उल्लेख गरिएको मुख्य व्यहोरा हेर्दा विशेष सुरक्षा नीति अन्तर्गत परिचालित सुरक्षाकर्मीहरुबाट गैर-न्यायिक हत्याका घटनाहरु भएका छन्; तर यस्ता घटना सम्बन्धमा प्रभावकारी अनुसन्धान तथा दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याएको पाईदैन भनी जिकिर गरिएको देखिन्छ[32]। नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय (OHCHR) ले सन् २०१० जुलाईमा "तराईमा भएका गैरन्यायिक हत्याका आरोपहरुको

---

retaliatory force. Accordingly, the Director of the CBI is directed to nominate a group of five officers to go through the records of the cases, lodge necessary FIRs and to complete the investigations into the same by 31st December, 2017 and prepare charge sheets, wherever necessary. The entire groundwork has already been done either by the Commissions of Inquiry or by a Judicial Inquiry or by the Gauhati or Manipur High Court or by the NHRC. We leave it to the Special Investigating Team to utilize the material already gathered, in accordance with law. We expect the State of Manipur to extend full cooperation and assistance to the Special Investigating Team. We also expect the Union of India to render full assistance to the Special Investigating Team to complete the investigation at the earliest without any unnecessary hindrances or obstacles. The Director of the CBI will nominate the team and inform us of its composition within two weeks."

32 रिट निवेदनमा तथा निवेदकतर्फबाट पेश भएको लिखित बहस-नोटमा बारा जिल्लामा जमुना सिंह, पर्सा जिल्लामा मनोज पटेल, बोम चौधरी, राजदेव पटेल र जितेन्द्र तिवारी, सप्तरीमा राजकुमार मण्डल र चन्देश्वर मण्डल, सिराहामा रामशरण महतो र पर्शुराम यादव, रुपन्देहीमा अब्दुल सहिदुल्ला देवानको प्रहरीले गैर न्यायिक रुपमा हत्या गरेको, तर दोहोरो भिडन्तमा मारिएको भनिएको, केही घटना सम्बन्धमा अनुसन्धान, छानविन गर्न अदालतले आदेश दिएको, कारवाहीका लागि अनुरोध गर्ने गरी राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय भएको, मानव अधिकारसंग सम्बन्धित अन्य विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ-संस्थाले समेत अनुरोध गरेको तथा सरोकार देखाएको भएपनि दोषी उपर छानविन र कारवाही नगरिएको भनी दृष्टान्त प्रस्तुत गरिएको देखिन्छ।

अनुसन्धान" सम्बन्धी एक प्रतिवेदन सार्वजनिक गरेको र घटनाहरुको अनुसन्धान गर्न नेपाल सरकार अनिच्छुक रहेको, अध्ययन अवधिका वीच ५७ जनाको हत्या भएको, २९ वटा घटनाको अनुसन्धान भएको, हत्याका घटनामा सुरक्षा कर्मचारीहरुले "घातक बलको गैरकानूनी प्रयोग" गरेको र अधिकांश घटनाहरु सम्बन्धमा राज्यका निकायहरुबाट अनुसन्धान नगरिएको भन्ने तथ्य उल्लेख गरेको सन्दर्भ पनि निवेदक पक्षवाट प्रस्तुत हुन आएको छ[33]। OHCHR ले गम्भीर आरोपहरुको अनुसन्धान नहुनुका कारणहरुमा "घटनाहरुलाई ढाकछोप गर्ने सरकारी नीति" रहेको र त्यस्ता घटनाहरुलाई "भिडन्तका क्रममा भएको मृत्यु" भनिने गरेको तथ्य समेत उल्लेख गरेको देखिन्छ। "लोकतान्त्रिक स्वतन्त्रता तथा मानव अधिकार संस्था" (DFHRI) ले २०६४ पौष १७ गतेदेखि २०६७ पौष १७ सम्म तराईमा भएका घटनाहरुको अभिलेखीकरण गरी "तराईमा व्याप्त हत्याको श्रृंखला" शीर्षकको प्रतिवेदनमा उल्लिखित ३ वर्ष अवधिमा सुरक्षाकर्मीहरुबाट मारिएका व्यक्तिहरुको नामावली समावेश गरेको र कम्तिमा १३० जना मानिसको गैर-न्यायिक हत्या भएको, भिडन्तका क्रममा सुरक्षाकर्मी तर्फ भने कुनै क्षति वा हताहती नभएको भन्ने कुरा समेत रिट निवेदनमा उल्लेख गरिएको देखियो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित "नेपाल मानव अधिकार बर्ष पुस्तक २०११" का अनुसार २०६६ पुष १७ देखी २०६७ पुष १६ सम्म एक बर्षको अवधिमा भएका हत्याका ४५९ घटनाहरु मध्ये राज्य पक्षबाट ३४ वटा भएको भनी उल्लेख गरेको देखिन्छ। राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित "आयोगका तेह बर्ष उजुरी उपर आयोगका सिफारीसहरु र कार्यान्वयनको अवस्था (२०५७-२०७०)" नामक प्रतिवेदनमा सुरक्षा फौजद्वारा भएका गैर-न्यायिक हत्याका घटनाहरुको बिवरण सार्वजनिक गरेको छ। आयोगले सुरक्षा फौजद्वारा जम्मा ३०३ जना नागरिकहरुको गैर-न्यायिक हत्या भएको बिवरण सार्वजनिक गरेको पाइन्छ[34]। आयोगले प्रतिवेदन तथा लिखित जवाफमा समेत गैरन्यायिक हत्याका घटनाहरुको अनुसन्धान गरी दोषी उपर कारवाही गर्न नेपाल सरकारलाई सिफारिश गरेको, तर सिफारिशको कार्यान्वयन नभएको कुरा उल्लेख गरेको छ।

---

33 डिसेम्बर २०१० मा नेपाली र अंग्रेजी दुवै भाषामा प्रकाशन गरिएको ४० पृष्ठ आकारको प्रतिवेदन मिसिल संलग्न रहेको छ ।

34 आयोगले सुरक्षा फौजद्वारा ०५७/०५८ मा ३, ०६०/६१ मा ३ जना, ०६१/६२ सालमा २५ जना, ०६२/६३ सालमा ४६ जना, ०६४/६५ सालमा २५ जना, ०६५/०६६ सालमा २७ जना, ०६६/०६७ सालमा ३३ जना, ०६७/६८ सालमा ६८ जना, ०६८/६९ सालमा ४४ जना र ०६९/७० सालमा २९ जना समेत गरी जम्मा ३०३ जना नागरिकहरुको गैर-न्यायिक हत्या भएको बिवरण सार्वजनिक गरेको देखिन्छ।

४०. निवेदकले उल्लेख गरेको माथि उल्लिखित तथ्य/तथ्याङ्क सम्बन्धमा प्रत्यर्थीहरुले पेश गरेको लिखित जवाफमा कुनै खण्डनका बुँदा उल्लेख गरेको देखिदैन। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा "नेपाल सरकारले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश कार्यान्वयनलाई आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको", "निवेदनमा दावी लिईएका अन्य विषयका हकमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने" भनी उल्लेख गरेको देखियो। कानून तथा न्याय मन्त्रालयको लिखित जवाफमा निवेदकको माग बमोजिम अनुसन्धान गरी मुद्दा चलाउनु पर्ने भए प्रचलित कानून बमोजिम चलाउन सकिने नै हुँदा वैकल्पिक उपचारको पहल नै नगरी असाधारण क्षेत्राधिकार आकृष्ट गर्न परेको निवेदन प्रारम्भदेखि नै कानूनसम्मत् नभएको भनी जिकिर गरेको देखियो। महान्यायाधिवक्ताको कार्यालयबाट पेश हुन आएको लिखित जवाफमा रणनीतिक पञ्चवर्षीय कार्य-योजना लागु गरेको, सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्नका लागि छुट्टै योजना, अनुसन्धान र अनुगमन विभागको स्थापना गरिएको, सरकारी वकीललाई चरणवद्ध रुपमा मानव अधिकारका विषयमा प्रशिक्षित गराउँदै आएको, सरकारी वकील सम्बन्धी दिग्दर्शन, २०६३ जारी गरिएको, सरकारी वकील कार्यालयलाई ३३ बुँदे निर्देशिका जारी गरेको, प्रहरीलाई निर्देशन दिने परिपाटी व्यवस्थित गर्न भनिएको आदि व्यवस्थापन सम्बन्धी केही कार्यहरुको फेहरिस्तसम्म उल्लेख गरेको देखिन्छ। तर विवादको मूल विषय गैर-न्यायिक हत्या सम्बन्धी अनुसन्धान र अभियोजनको पक्षमा कुनै कुरा प्रष्टताका साथ उल्लेख गरेको पाइएन।

४१. गृह मन्त्रालयबाट पेश हुन आएको लिखित जवाफमा "शान्ति सुरक्षा कायम राखे सिलसिलामा अपराधीको पहिचान गरी कानूनी दायरामा ल्याउने कार्यमा यस मन्त्रालय तथा मातहतका निकाय तल्लिन छन्। शान्ति सुरक्षा कायम गर्ने क्रममा सुरक्षा निकायबाट भएका छिटपुट घटनालाई लिएर राज्यले गैर-न्यायिक हत्या गरेको भनी आरोप लगाउन उपयुक्त नहोला" भनी दुई वाक्य उल्लेख गरेको देखियो। शान्ति सुरक्षा कायम गर्न सरकारको तर्फबाट जिम्मेवारी पुरा गर्नु पर्ने र जुनसुकै प्रकारका कसुरदारलाई कानूनको दायरामा ल्याउनका लागि सरकारको तर्फबाट आवश्यक, पर्याप्त र उत्तरदायी भूमिका निर्वाह गर्नु पर्ने गृह मन्त्रालयबाट प्रस्तुत गरिएको लिखित जवाफमा निवेदकले उठाएका तथ्य/तथ्याङ्क र कानूनी प्रश्नहरु सम्बन्धमा कुनै कुरा उल्लेखसम्म पनि नगरी "शान्ति सुरक्षा कायम गर्ने क्रममा सुरक्षा निकायबाट भएका छिटपुट घटनालाई लिएर राज्यले गैर-न्यायिक हत्या गरेको भनी आरोप लगाउन उपयुक्त नहोला" भनी उल्लेख गरेको व्यहोरा जवाफदेहीताविहिन प्रकृतिको देखिएको छ। यसबाट नागरिकको हक अधिकारप्रति वाञ्छित सम्वेदनशीलता नअपनाएको कुरा बोध हुन्छ।

४२. प्रहरी प्रधान कार्यालयको लिखित जवाफमा विभिन्न मानव अधिकारवादी संस्थाले प्रकाशित गरेको विभिन्न आत्मगत प्रतिवेदनको आधार लिई निवेदन दायर गरेको देखिएको, निवेदक मध्येका दिपेन्द्र झाको आफ्नै संस्थाबाट प्रतिवेदन तयार गरी सोही प्रतिवेदनको आधारमा नेपाल प्रहरीले गैर-न्यायिक हत्या गरेको अभियोग लगाएको, यथार्थमा कुनै गैरन्यायिक हत्या प्रहरीबाट नभएको, प्रहरी मानव अधिकारको संरक्षणमा सदैव प्रतिवद्ध रहेको, अनुसन्धानको लागि छुट्टै निकाय स्थापना हुनुपर्ने भन्ने कुरा अतार्किक रहेको, विधायिकाले कानूनको निर्माण गर्ने कुरामा विपक्षीको कुनै हकको प्रश्न नै सिर्जना नहुने भएको भन्ने जिकिर गरेको देखिन्छ। सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको लिखित जवाफमा शान्ति सुरक्षार्थ सशस्त्र प्रहरी बल परिचालित हुँदा प्रचलित ऐन, कानूनहरुको पूर्णरुपमा पालना गरिएको, मानव अधिकारको हनन् गर्ने, मौलिक हक अधिकारको हनन् गर्ने तथा गैर-न्यायिक हत्या गर्ने जस्ता कुनै पनि कार्यहरु सशस्त्र प्रहरी बलले नगरेको भनी जिकिर गरेको पाइयो।

४३. राष्ट्रिय मानव अधिकार आयोगबाट पेश हुन आएको लिखित जवाफमा तराईमा भइरहेको गैर-न्यायिक हत्याका घटनाहरुको सम्बन्धमा आयोगबाट अनुसन्धान भै नेपाल सरकार समक्ष सिफारिश गरिएको, सिफारिश कार्यान्वयन नभएको, आयोग कै कर्मचारी दयाराम परियारको जनकपुरमा प्रहरीले गोली हानी हत्या गरेको घटनामा समेत दोषी उपर कारवाही नभएको, सो विषयमा २०६४/२/२५ गते सर्वोच्च अदातलबाट नेपाल सरकारको नाममा जारी भएको परमादेश हालसम्म पनि कार्यान्वयन नभएको भनी उल्लेख गरेको देखियो। सो लिखित जवाफमा आयोगको स्थापनाकालदेखि २०६७ जेष्ठ १३ गतेसम्म आयोगमा प्राप्त उजूरीहरु उपर आवश्यक अनुगमन तथा अनुसन्धान भई आयोगको निर्णय अनुसार नेपाल सरकारलाई सिफारिश गरिएका ३८६ वटा उजूरीहरु मध्ये ३४ वटा पूर्ण कार्यान्वयन भएको, १३८ वटा आंक्षिक कार्यान्वयन भएको र २१४ वटा कार्यान्वय नभएको, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२(२)(ज) मा आयोगको सिफारिश कार्यान्वयन नगर्नेको नाम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख गर्ने कुरा कानून बमोजिम गर्ने भनी उल्लेख भएको र हालसम्म पनि त्यस सम्बन्धी कानून निमार्ण भै नसकेबाट उक्त संवैधानिक प्रावधान क्रियाशील हुन नसकेको हो भनी लिखित जवाफमा जिकिर गरेको समेत पाइयो।

४४. उपरोक्त प्रकरणहरुमा उल्लेख भए अनुसार लिखित जवाफको व्यहोरा समग्रमा अध्ययन गरी हेर्दा निवेदकले उठाएका मूल विषय सम्बन्धमा तथ्यगत वा वस्तुगत आधारहरु उल्लेख नगरेको, केही अमूर्त व्यहोरा उल्लेख गरेको, विषयप्रतिको जिम्मेवारीबाट पन्छिदै आफ्नो संस्थाको तर्फवाट गर्नु पर्ने काम गरेको भनी सतही रुपमा प्रतिरक्षात्मक विवरणसम्म प्रस्तुत हुन आएको देखियो। केही घटनाका सम्बन्धमा अनुसन्धान, छानविन गर्नु भनी अदालतबाट जारी भएको

परमादेश पश्चात अनुसन्धान कार्य के भयो भन्ने सम्बन्धमा पनि लिखित जवाफ मौन रहेको देखिन्छ। राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी दयाराम परियारको जनकपुरमा प्रहरीले गोली हानी हत्या गरेको घटनामा समेत दोषी उपर कारवाही नभएको भन्नेसमेत उक्त आयोगको जिकिर रहेको देखिन्छ। कुनै खास घटनाका सम्बन्धमा प्रत्यर्थीहरुबाट दृष्टिकोण प्रस्तुत हुन नआउनु आफैमा अर्थपूर्ण छ। रिट निवेदकले उल्लेख गरेका तथ्यांङ्क तथा गैर-न्यायिक हत्याका घटना सम्बन्धमा विभिन्न संस्थाबाट प्रस्तुत गरिएको भनिएको विवरणमा एकरुपता देखिदैन। सम्भवतः निवेदकले उल्लेख गरेका संख्यामा नै मानिसको गैर-न्यायिक हत्या नभएको अवस्था पनि होला !! तर समग्र व्यहोरा, परिस्थिति, तथ्य, तथ्याङ्कतर्फ दृष्टिगत गर्दा गैर-न्यायिक हत्याका कुनै पनि घटना भएको छैन भनी मान्न सकिने अवस्था देखिदैन[35]। थेर-थोर त्यस प्रकारका घटना भएको निष्कर्ष निकाल्नु नै तर्कपूर्ण हुन आउँदछ। यस प्रकारको गम्भीर प्रश्न उठेपछि त्यसको पध्दतीगत रुपमा सम्बोधन गरिनु आवश्यक र अनिवार्य थियो, तर यस कुरामा राज्यका सम्बध्द निकायहरुबाट वाञ्छित सम्वेदनशीलता अपनाएको देखिन आएन।

४५. माथिका प्रकरणहरुमा विवेचित विषयगत अवधारणा, अन्तर्राष्ट्रिय कानून र अभ्यास, रिट निवेदन

---

35 तत्कालिन अवस्थामा प्रकाशित समाचारपत्रहरुको अध्ययनबाट गैर-न्यायिक हत्याका सम्बन्धमा प्रेसले सरोकार व्यक्त गरेको देखिन्छ। उदाहरणका लागिः कान्तिपुर दैनिकमा - "गैर-न्यायिक हत्याको अनुसन्धान गर्दैन प्रहरी" शीर्षकमा मिति २०६७/७/२५ मा, "जेनेभामा मानव अधिकार हननका दर्जनौं मुद्दा" शीर्षकमा मिति २०६७/१०/८ मा, "नेपालको मानव अधिकार संकटमा" शीर्षक अन्तर्गत मिति २०६७/१०/१२ मा, "प्रहरीले बेपत्ता बनाएको खुलासा" शीर्षकमा मिति २०६७/१२/२५ मा प्रकाशित समाचार; नागरिक दैनिकमा - "प्रहरीकै सामुन्ने छोरालाई गोली ठोके" शीर्षकमा मिति २०६७/७/७ मा तथा "एक वर्षमा ६५ गैर-न्यायिक हत्या" शीर्षकमा मिति २०६७/११/१२ मा प्रकाशित समाचार; राजधानी दैनिकमा - "प्रहरीको यातनाबाट यूवकको मृत्यू" शीर्षकमा मिति २०६७/९/३० मा तथा "रोकिएन गैर-न्यायिक हत्या र अपहरण" शीर्षकमा मिति २०६७/११/८ मा प्रकाशित समाचार; गोरखापत्र दैनिकमा - "मानव अधिकारको अवस्था कमजोर" शिर्षकमा मिति २०६७/१२/८ मा प्रकाशित समाचार; अन्नपूर्ण पोष्टमा - "राहत होइन हाम्रो मान्छे फिर्ता देऊ" शीर्षकमा मिति २०६७/१२/२० मा, "ईन्सेकको मानव अधिकार वर्ष पुस्तकः चार सय ५९ को गैर-न्यायिक हत्या" शीर्षकमा मिति २०६७/११/८ मा प्रकाशित समाचारलाई लिन सकिन्छ। यस प्रकारका समाचारहरु अन्य सन्दर्भमा विभिन्न पत्र-पत्रिकाहरुमा प्रकाशित भएका देखिन्छन्। उल्लेखित समाचारहरुका छायाँप्रति मिसिल संलग्न रहेका छन। समाचारपत्रहरुमा यसरी प्रकाशित खवरलाई प्रमाणको रुपमा ग्रहण गर्न र यसैको आधारमा कसुर ठहर गर्न मिल्दैन भन्ने विधिशास्त्रीय मान्यता रहेको छ। तथापी सामाजिक अनुभूति वा झलक उल्लेख गर्नु प्रासंगिक भएकाले यो सन्दर्भ यहाँ उल्लेख गरिएको हो।

र लिखित जवाफको व्यहोरा, देखा परेको असंगत कुराहरु उल्लेख गरेपछि अब संविधान र प्रचलित नेपाल कानूनमा रहेका केही प्रावधानहरुको उल्लेख गर्नु सान्दर्भिक हुन आएको छ। नेपालको संविधानको धारा १६ को उपधारा (१) मा "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ" भनी उल्लेख गरिएको छ भने उपधारा (२) मा "कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन" भन्ने व्यवस्था छ[36]। यसका अतिरिक्त नेपालको संविधानको धारा २२(१) मा "पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन"[37] भन्ने प्रावधान समावेश गरिएको छ। संविधानमा रहेको उल्लिखित "सम्मानपूर्वक बाँच्न पाउने हक" र "मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन" भन्ने प्रावधानमा कसैले पनि गैर-न्यायिक हत्या गर्न नपाइने कुरा समेत अन्तरनिहित रहेको देखिन्छ। कानून बनाएर पनि मृत्यूदण्डको व्यवस्था गर्न संविधानले निषेध गरेको अवस्थामा यातना दिएर वा कुनै प्रकारको अवाञ्छित बहाना बनाएर व्यक्तिको हत्या गर्नु सर्वथा बर्जित कार्य हो भन्ने कुरा स्वयममा प्रष्ट छ।

४६. नेपालको संविधानको धारा २० को उपधारा (९) ले "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ"[38] भनी स्वच्छ सुनुवाईको हक प्रदान गरेको छ। संविधानको धारा २१ को उपधारा (१) ले "अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक" प्रदान गरेको छ। यो हकलाई अन्य कुराका अतिरिक्त स्वच्छ सुनुवाईको सन्दर्भमा पनि हेर्न सकिन्छ। स्वच्छ सुनुवाई केवल अदालतबाट मुद्दा मामिलामा कारवाही गर्दा अपनाउने विषय मात्र नभएर न्यायिक प्रकृयाका अनुसन्धानको तहदेखि प्रत्येक चरणमा अनुशरण गरिनु पर्ने न्यायिक मान्यता हो। अनुसन्धान छानविनको अवस्थामा पनि निष्पक्षता र स्वच्छताको अनुशरण गरिनु आवश्यक हुन्छ। यो एक स्थापित न्यायिक मान्यता हो र यसको समुचित पालन गर्ने कुरा सदैव अपेक्षित रहने गर्दछ। त्यसैले गैर-न्यायिक हत्याको सन्दर्भमा अनुसन्धानको तहमा निष्पक्षता र स्वच्छता सुनिश्चित गर्न तदनुसारको संस्थागत सन्यन्त्र र अनुसन्धान पध्दती अपनाउनु वाञ्छनीय हुन

---

36 यस प्रकारको प्रावधान नेपालको अन्तरिक संविधान, २०६३ को धारा १२(१) मा उल्लेख गरिएको पाइन्छ।

37 यातना विरुध्दको यस प्रकारको हक नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६(१) मा समावेश थियो।

38 नेपालको अन्तरिक संविधान, २०६३ को धारा २४(९) ले यस प्रकारको हक प्रदान गरेको थियो।

आउँदछ। पीडितको पीडाप्रति उदासिनता देखाएर घटनालाई ढाकछोप वा तोडमरोड गर्ने र दोषी सुरक्षाकर्मीप्रति अवाञ्छित सहानुभूति राखेर गैर-न्यायिक हत्याको विषयलाई न्यायिक प्रकृयामा प्रवेश हुन नै नदिने कुरा संविधान प्रतिकूल, गैर कानूनी र आपत्तिजनक कुरा हुन जान्छ।

४७. गैर-न्यायिक हत्याका विषयमा प्रहरीले अनुसन्धान, छानविन नगरेको भनी अदालतमा रिट निवेदन परेको र अदालतबाट जाहेरी दर्खास्त दर्ता गरी अनुसन्धान गर्न आदेश जारी भए पश्चात पनि अनुसन्धान, छानविन नगरेका केही दृष्टान्तहरु पनि प्रस्तुत विवादको सन्दर्भमा उल्लेख गरिएको देखिन्छ। यस कुरामा प्रत्यर्थीहरुले आश्चर्यजनक रुपमा मौनता अपनाएको र सो सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरी लिखित जवाफ पेश गरेको देखियो। नेपालको संविधानको धारा १२६ को उपधारा (२) मा "मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नु पर्नेछ" भनी उल्लेख भएको छ; धारा १२८ को उपधारा (४) मा "मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिध्दान्त सवैले पालन गर्नु पर्नेछ" भन्ने व्यवस्था समेत रहेको छ[39]। लोकतान्त्रिक मूल्य मान्यताको अनुशरण तथा संविधानले गरेको व्यवस्थाको पालना गर्ने कुरामा राज्यका प्रत्येक अङ्ग, निकाय वा पदाधिकारीको कर्तव्य र जिम्मेवारी हुन्छ। यस अवस्थामा अदालतबाट भएका आदेशको कार्यान्वयन नगरी बस्नु र साधिकार अदालतमा सो सम्बन्धी कानूनी प्रश्न उठाइएको अवस्थामा जवाफी व्यहोरासम्म पनि उल्लेख नगरिनुलाई गैर-जिम्मेवारीपूर्ण, अनुत्तरदायी र स्वेच्छाचारी प्रबृति मान्नु पर्दछ। यसबाट सरकारका सम्बध्द निकाय/पदाधिकारीहरु (प्रत्यर्थीहरु) गैर-न्यायिक हत्याको विषयप्रति सम्वेदनशील नरहेको र जिम्मेवारीबाट पन्छिन चाहेको भन्ने देखिन आएको छ।

४८. रिट निवेदकले महान्यायाधिवक्ताको काम कारवाहीका सम्बन्धमा पनि प्रश्न उठाएको देखिन्छ। नेपालको संविधानको धारा १५८ मा "मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिध्दान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने" काम, कर्तव्य महान्यायाधिवक्ताको हुने गरी तोकेको देखिन्छ[40]। तर उल्लिखित प्रावधान अनुसार गरिएको काम कारवाही सम्बन्धमा महान्यायाधिवक्ताबाट पेश हुन आएको लिखित जवाफमा कुनै स्पष्ट तथ्यगत विवरण प्रस्तुत गरिएको देखिएन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २६ मा अनुसन्धान सम्बन्धमा प्रहरीले सरकारी

39 नेपालको अन्तरिक संविधान, २०६३ को धारा ११६ मा यस प्रकारको व्यवस्था रहेको थियो ।

40 नेपालको अन्तरिक संविधान, २०६३ को धारा १३५(३)(ख) मा यस प्रकारको व्यवस्था रहेको थियो ।

वकीलसंग राय, सल्लाह माग्न सक्ने र दिनु पर्ने व्यवस्था रहेको छ[41]। यसका साथै, उक्त संहिताको दफा २७ मा अनुसन्धानको सन्दर्भमा महान्यायाधिवक्ताले आवश्यक निर्देशन दिन सक्ने प्रावधान समेत रहेको देखिन्छ। यी प्रावधानहरुको कार्यान्वयनका लागि आवश्यक व्यवस्थापकीय प्रयास गरिएको भनी लिखित जवाफमा उल्लेख गरिएको भएपनि यसको प्रभावकारिता सम्बन्धी पक्षमा भने धेरै सन्तोष मान्न सकिने अवस्था खुलाइएको देखिन आएन।

४९. सरकार वादी हुने फौजदारी मुद्दामा अभियोजन कार्यको जिम्मेवारी साविकको सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ ले सरकारी वकीललाई सुम्पिएको देखिन्छ। उक्त दफा ३२ को उपदफा (६) मा कुनै कसुरका सम्बन्धमा कुनै व्यक्ति विरुध्द मुद्दा चलाउन तत्काल संङ्कलित सबुद प्रमाण पर्याप्त नभई सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा सोको सूचना जाहेरवाला वा त्यस्तो कसुरबाट पीडित व्यक्तिलाई सम्बन्धित अनुसन्धान अधिकारी मार्फत दिनु पर्ने व्यवस्था समेत रहेको छ। तर गैर-न्यायिक हत्या सम्बन्धी उजुरी जाहेरी सम्बन्धमा कुनै अनुसन्धान भयो, भएन? सो विषय सम्बन्धी कुनै अभियोगपत्र दायर गरियो, गरिएन? मुद्दा नचल्ने निर्णय गरेको भए सोको सूचना पीडित पक्षलाई दिइयो, दिइएन? भन्ने सम्बन्धमा महान्यायाधिवक्ताबाट पेश हुन आएको लिखित जवाफमा कुनै कुरा उल्लेख गरिएको देखिँदैन। यसबाट संविधान एवम् कानूनले सुम्पिएको दायित्व महान्यायाधिवक्ताबाट अपेक्षित र प्रभावकारी रुपमा पुरा भएको रहेछ भनी ढुक्क हुने अवस्था देखिन आएन।

५०. हत्या सम्बन्धी कसुरमा अनुसन्धान गर्ने अधिकार र कर्तव्य प्रचलित नेपाल कानूनले प्रहरीलाई सुम्पिएको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८(१) अनुसार ज्यान सम्बन्धी कसुरको अनुसन्धान गर्न कम्तीमा प्रहरी निरीक्षक दर्जाको अधिकृत तोक्नु पर्ने हुन्छ। उल्लिखित संहिताको दफा १२ अनुसार "कसुरको गम्भीरता हेरी सम्बन्धित अनुसन्धान अधिकारीबाट मात्र अनुसन्धान हुन नसक्ने भई छुट्टै अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने कुरा अनुसन्धान अधिकारीको तालुकवाला अधिकारी वा प्रहरी महानिरीक्षकलाई लागेमा निजले आफू मातहतका कर्मचारीहरु संलग्न रहने गरी अनुसन्धान टोली गठन गर्न सक्ने" देखिन्छ। प्रहरी महानिरीक्षक "मातहतका कर्मचारी वाहेकका व्यक्ति समेत संलग्न रहेको अनुसन्धान टोली गठन गर्नु परेमा त्यस्तो अनुसन्धान अधिकारीको तालुकवाला अधिकारी वा प्रहरी महानिरीक्षकले त्यस सम्बन्धमा महान्यायाधिवक्ताको परामर्श लिई विशेषज्ञ समेत रहेको अनुसन्धान टोली गठन

41 यस प्रकारको प्रावधान पूर्ववर्ती कानून सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा समेत रहेको थियो।

गरी अनुसन्धान गराउन सक्ने" व्यवस्था समेत रहेको छ। यो बाहेक गैर-न्यायिक हत्याका सम्बन्धमा अनुसन्धान गर्ने अन्य कुनै सन्यन्त्र रहेको देखिदैन। अनुसन्धानको व्यवहारिक स्थिति तर्फ दृष्टिगत गर्दा कतिपय अवस्थामा प्रहरीले जाहेरी दर्खास्त दर्ता गर्नसम्म पनि ईन्कार गरेका घटनाहरु सार्वजनिक हुने गरेको पाइन्छ[42]। जाहेरी दर्खास्त दर्ता नगरेको तथा अनुसन्धान छानविन नगरेको कुरालाई लिएर अदालतमा रिट निवेदन पर्ने र सो सम्बन्धमा अदालतबाट जारी भएको आदेशको समेत समयमा कार्यान्वयन नगरिने प्रबृत्ति पनि देखिन आएको छ। जुन जिल्ला वा ईलाकाको सुरक्षाकर्मीबाट गैर-न्यायिक हत्या भयो भनी आरोप लगाइएको हो, सोही जिल्लास्थित प्रहरी कार्यालयबाट स्वच्छ र निष्पक्ष अनुसन्धान हुने कुरामा विश्वस्त हुनु व्यवहारिक देखिदैन। कदाचित कुनै घटना सम्बन्धमा सक्षमतापूर्वक छानविन गरिएको भए पनि सो कार्यप्रति पीडित पक्षको विश्वास र भरोसा नहुने अवस्था पनि रहन सक्तछ। तसर्थ पनि गैर-न्यायिक हत्या जस्ता केही अपवाद अवस्थाका गम्भीर प्रकृतिको कसुरमा स्वच्छ र निष्पक्ष तवरबाट उचित समयमा नै अनुसन्धान हुने कुराको सुनिश्चितताको लागि उपयुक्त अनुसन्धान सन्यन्त्र निर्माण गरी अनुसन्धानप्रतिको विश्वसनीयता अभिवृध्दि गर्नु वाञ्छनीय देखिएको छ।

५१. मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम आयोगको स्थापना भएदेखि २०६७ जेष्ठ १३ गतेसम्म आयोगमा प्राप्त उजूरीहरु उपर आवश्यक अनुगमन तथा अनुसन्धान भई आयोगको निर्णय अनुसार नेपाल सरकारलाई सिफारिश गरिएका ३८६ वटा उजूरीहरु मध्ये २१४ वटा कार्यान्वयन नभएको, आयोगका सिफारिशहरुलाई कार्यान्वयन गर्न सरकारले ध्यान नदिएको, आयोगका कर्मचारी दयाराम परियारलाई नेपाल प्रहरीले जनकपुरमा गोली हानी हत्या गरेको घटनामा आयोगले गरेको सिफारिश कार्यान्वयन नभएको भनी प्रत्यर्थी मध्येको मानव अधिकार आयोगले लिखित जवाफमा जिकिर लिएको देखियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा "नेपाल सरकारले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश कार्यान्वयनलाई आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको" र "हालसम्मको प्रगति विवरण तयार गरी आयोगमा पठाएको" भनी उल्लेख गरेको देखिन्छ। यो कथनबाट आयोगका कतिपय सिफारिशहरु कार्यान्वयन नगरिएको तथ्य स्वीकार गरेको देखिन आउँदछ। यो विवादको विषय गैर-न्यायिक हत्या सम्बन्धी रहेको छ। विवादको विषयमा प्रवेश नै नगरी **"आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म प्राथमिकताका साथ**

---

42 गैर-न्यायिक हत्याका सम्बन्धमा जाहेरी दर्खास्त दिन जाँदा प्रहरीले जाहेरी दर्ता गर्न ईन्कार गरेका घटना सार्वजनिक हुने गरेको पाइन्छ। प्रहरीले जाहेरी दर्खास्त लिन ईन्कार गरेको भनी रिट निवेदन परेका र अदालतबाट रिट आदेश जारी भएका उदाहरण निवेदकबाट समेत प्रस्तुत हुन आएको देखिन्छ। खोजी गरी हेरिएमा यस्ता उदाहरण अरु पनि पाउन सकिन्छ।

**कार्यान्वयन गर्दै आएको"** भनी उल्लेख गरिएको व्यहोराको अर्थ बुझ्न कठिन देखिन्छ। गैर-न्यायिक हत्या हुन नदिने र भएका कसुरमा अनुसन्धान गरी दोषीलाई कानूनको दायरामा ल्याउने कुरामा नै यसरी "स्रोत, साधन र क्षमता" सम्बन्धी शर्त अगाडी सार्नुको औचित्य देखिदैन। आयोगको सिफारिश कार्यान्वयन नहुनु, यस विषयमा सरकारले ध्यान नदिनु, आयोगका कर्मचारीको हत्या भएको कुरामा समेत आयोगको सिफारिश कार्यान्वयन नगरिनु निश्चय नै गम्भीर विषय हुन्। यस प्रकारको कार्य-शैलीबाट मानव अधिकारको संरक्षण र सम्वर्धन हुन सक्तैन। आयोगका सिफारिशहरुको कार्यान्वयन गर्न नेपाल सरकारबाट जिम्मेवारीपूर्ण, सक्रिय र सकारात्मक भूमिका अपेक्षित बनेको देखिन्छ।

५२. राष्ट्रिय मानव अधिकार आयोग नेपालको संविधान बमोजिम स्थापित एक संवैधानिक निकाय हो। यसका काम, कर्तव्य र अधिकार नेपालको संविधानको धारा २४९ मा तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा प्रष्टसंग तोकिएका छन्। उक्त ऐनको दफा १७ मा आयोगले गरेको सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनका लागि सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकाय समक्ष लेखी पठाउनु पर्ने, यसरी लेखी आएमा सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले सामान्यतयाः तीन महिनाभित्र सिफारिस, निर्णय वा आदेश कार्यान्वयन गरी आयोगलाई जानकारी गराउनु पर्ने, कार्यान्वयन गर्न अप्ठ्यारो भएमा सोको कारण खुलाई दुई महिनाभित्र सम्बन्धित पदाधिकारी वा निकायले सो सम्बन्धी जानकारी आयोग समक्ष पठाउनु पर्ने, यसरी जानकारी प्राप्त हुन आएमा आयोगले सो सम्बन्धमा विचार गरी पुनः निर्णय गर्ने, पुनः निर्णय गर्दा आयोगले यथावत् रुपमा वा संशोधन सहित कार्यान्वयनको लागि सिफारिस गर्न सक्ने, त्यसपछि कार्यान्वयनको लागि लेखी आएमा सो निर्णय बमोजिम यथाशीघ्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनु पर्ने समेतका प्रावधान रहेका छन्। आयोगको सिफारिश कार्यान्वयन नगरिएको कुराको कानूनी परिणाम समेत ऐनमा नै उलेख भएको देखिन्छ। यस अवस्थामा आयोगबाट भएका सिफारिशहरुको कार्यान्वयनमा निष्कृयता वा उदासिनता देखिनु मनासिव होइन। तर यसबाट सरकारले कानूनवमोजिम पुरा गर्नु पर्ने जिम्मेवारी पुरा नगरेको भनी मान्नु पर्ने देखिन आएको छ।

५३. निवेदक अधिवक्ता ओमप्रकाश अर्यालसमेत विरूद्ध राष्ट्रिय मानव अधिकार आयोगसमेत भएको विवादमा[43] यस अदालतबाट भएको व्याख्या र प्रतिपादित सिध्दान्तबाट आयोगको सिफारिश कार्यान्वयन गर्ने कुरा सरकारको वा सम्बन्धित पदाधिकारीको कानूनी कर्तव्य हो भन्ने देखिन्छ।

---

43 अधिवक्ता ओमप्रकाश अर्यालसमेत विरूद्ध राष्ट्रिय मानव अधिकार आयोगसमेत, ने.का.प. २०७० कार्तिक, अङ्क ७ (रिट नं. ०६८-WS-००६३) निर्णय नं. ९०२९, (विशेष इजलास), पृष्ठ ८४३

यो केवल सरकार वा सम्बन्धित पदाधिकारीको स्वविवेकीय वा ईच्छाधीन विषय होइन। साधिकार अदालतबाट यसरी प्रतिपादित सिध्दान्तका दृष्टिले हेर्दा राष्ट्रिय मानव अधिकार आयोगका कतिपय सिफारिशहरु कार्यान्वयन नगरिनुलाई कानून अनुकूल कार्य गरेको मान्न मिल्ने देखिदैन। विषयबस्तुको थप स्पष्टताका लागि निवेदक ओमप्रकाश अर्याल सम्बन्धित विवादमा यस अदालतबाट भएको व्याख्या र प्रतिपादित सिध्दान्तका केही अंश निम्नानुसार उल्लेख गरिएको छ:[44]

- "नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने विषयमा निणय गर्ने अन्तिम अधिकार महान्यायाधिवक्ताको हुने हो। तर मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन गर्ने व्यक्तिउपर मुद्दा चलाउन आवश्यक भएमा मुद्दा दायर गर्न मानव अधिकार आयोगले सिफारिश गरी पठाएपछि महान्यायाधिवक्ताले सो विषयमा मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्न पाउने भन्ने होइन। (नेपालको अन्तरिम) संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) को मुद्दा दायर गर्न सिफारिश गर्ने आयोगको अधिकारलाई निष्प्रभावी हुने गरी धारा १३५ को उपधारा (२) द्वारा महान्यायाधिवक्तालाई प्राप्त मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्ने अधिकारको प्रयोग हुन सक्छ भनी व्याख्या गर्ने हो भने धारा १३२ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत मानव अधिकार आयोगलाई प्राप्त अधिकारको औचित्य नै नरहने"। (प्रकरण १०)
- "मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनको घटनामा दोषी व्यक्तिउपर आयोगले प्रचलित कानूनबमोजिम मुद्दा चलाउन आवश्यक देखी मुद्दा दायर गर्न सिफारिश गरेपछि सो विषयमा महान्यायाधिवक्ता वा निज मातहतको कुनै सरकारी वकील कार्यालयले अन्य अपराधमा जस्तो मुद्दा चलाउन आवश्यक छ, वा छैन भनी आयोगको सिफारिशको औचित्यमाथि अन्यथा प्रश्न गर्न मिल्ने अवस्था संविधानतः नदेखिने"। (प्रकरण १३)
- "आयोगले बिनाआधार र कारण हचुवाको भरमा कसैका विरुद्ध मुद्दा चलाउन सिफारिश गर्ने पनि होइन। त्यसैले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिश प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन मिल्दैन। त्यस्तो स्वविवेक प्रदान गर्ने खालका कानूनी व्यवस्थाहरू संविधानको प्रावधान र त्यसको मनसाय अनुकूल हुन्छन् भनी अर्थ गर्न पनि नमिल्ने"। (प्रकरण १५)

५४. प्रत्यर्थी राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ मा "आयोगको सिफारिश कार्यान्वयन नगर्नेको नाम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रुपमा

44 तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ मा रहेको मानव अधिकार आयोग सम्बन्धी व्यवस्थालाई आधारभूत रुपमा निरन्तरता प्रदान गरी २०७२ सालमा जारी भएको नेपालको संविधानमा प्रावधान समावेश भएको र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ हालसम्म पनि लागु रहेको हुँदा ओमप्रकाश अर्याल सम्बन्धी विवादमा प्रतिपादित उल्लिखित सिध्दान्तको सान्दर्भिकता र महत्व आज पनि उत्तिकै रहेको देखिन्छ।

अभिलेख गर्ने कुरा कानूनबमोजिम गर्ने भनी उल्लेख भएको र हालसम्म पनि त्यस सम्बन्धी कानून निमार्ण भै नसकेबाट उक्त संवैधानिक प्रावधान क्रियाशील हुन नसकेको" भनी लिखित जवाफमा जिकिर गरेको पाइयो। प्रस्तुत विवाद सम्बन्धी रिट निवेदन २०६८ सालमा नै परेको र उसै बखत (मिति २०६८/३/१५ मा) पेश गरिएको लिखित जवाफ भएकाले तत्कालिन अवस्थामा उपरोक्त अनुसार गरिएको जिकिर उचित नै थियो भनी मान्न सकिएला !! तर प्रस्तुत विवाद अदालतमा दायर भएपछि कानूनी स्थितिमा अहिले परिवर्तन आएको छ। मिति २०६८/१०/६/६ प्रमाणीकरण भई जारी भएको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ मा आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी–जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गरेको र प्रकृया समेत निर्धारण गरेको देखिन्छ। यसरी सार्वजनिक गरिएको व्यक्तिलाई कुनै सार्वजनिक पदमा नयाँ नियुक्ति, बढुवा र वृत्ति विकासका लागि सिफारिस गर्दा सम्बन्धित निकायले उपरोक्त अनुसार राखिएको अभिलेखलाई समेत आधार लिन सकिने व्यवस्था ऐनमा नै समावेश भएको छ। यसपछि जारी भएको नेपालको संविधानको धारा २४९ मा "मानव अधिकारको सम्मान, संरक्षण र संबर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु" आयोगको कर्तव्य हुने भनी विभिन्न कार्यहरुको सूची उल्लेख गरिएको देखिन्छ[45]। आयोगले गर्ने विभिन्न कार्यहरु मध्ये "मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिश वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख राख्ने" अधिकार आयोगको हुने भनी धारा २४९ को उपधारा (२)(ज) मा समेत उल्लेख भएको छ। तर अहिले यस विवादको सुनुवाई हुँदाको अवस्थासम्म (राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ जारी भएको करिव ८ बर्ष व्यतित भैसकेको अवस्थासम्म) पनि कानूनमा रहेको उल्लिखित प्रावधानको कार्यान्वयन गरिएको देखिदैन। कानून नभएको अवस्थामा कानूनी अभाव देखाएको र कानून निर्माण भएको बर्षौसम्म पनि त्यसको कार्यान्वयन नगरेको अवस्था देखिँदा प्रत्यर्थी आयोगले समेत आफ्नो कानूनी कर्तव्य पुरा गरेको छ भनी मान्न मिल्ने देखिन आएन।

५५. अव विद्वान सहन्यायाधिवक्ताले पेश गर्नु भएको लिखित बहस-नोटमा "असल नियतले गरेको

45 नेपालको अन्तरिक संविधान, २०६३ को धारा १३२ मा समेत यस प्रकारको प्रावधान रहेको थियो।

काम कारवाहीलाई लिएर प्रहरी र सुरक्षा निकायलाई कारवाहीको दायरामा ल्याउने हो भने समग्र सुरक्षा नै प्रभावित हुने हुँदा असल नियतले गरेको कार्यमा बचाउ सम्बन्धी व्यवस्था गरिएको हो" भनी यस अदालतबाट भएको व्याख्यालाई[46] "सान्दर्भिक" नजीरको रुपमा उल्लेख गरेकोतर्फ विचार गर्नु आवश्यक देखिन्छ। उल्लिखित जिकिरका सन्दर्भमा हेर्दा प्रथमतः उक्त विवाद सम्बन्धी तथ्यगत व्यहोरा, सन्दर्भ र विवादित प्रश्न फरक किसिमको रहेको पाइयो। दोस्रो र महत्वपूर्ण पक्ष के रहेको देखिन्छ भने प्रस्तुत विवाद गैर-न्यायिक हत्या हुन नहुने, यस प्रकारका हत्याका दोषीलाई कारवाहीको दायरामा ल्याउनु पर्ने कुरामा केन्द्रित रहेको छ। गैर-न्यायिक हत्या निषेधित कार्य हो। शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा झडप, मुठभेड आदि हुन सक्तछन्; त्यस अवस्थामा आवश्यकता र परिस्थिति अनुसार गरिएको सुरक्षा कारवाहीमा कसैको ज्यान मर्न सक्ने अवस्था पनि रहन्छ र त्यसलाई गैर कानूनी कार्यको रुपमा लिन नमिल्ने अर्थात सुरक्षा कारवाहीको औचित्य पुष्टी हुने अवस्थाको रुपमा लिनु पर्ने हुन सक्तछ। तर कुनै व्यक्तिलाई पक्राउ गरी आफ्नो कब्जा वा नियन्त्रणमा लिईसकेपछि कथित "मुठभेड"को बहाना बनाई हत्या गर्नु वा निज उपर अत्याधिक र अनुचित बल प्रयोग गरी ज्यान मार्ने कार्य गर्नुलाई उचित कार्य ठान्न सकिदैन। शान्ति सुरक्षा कायम गर्ने कुराको आडमा गैर-न्यायिक तवरबाट गरिने नियोजित हत्यालाइ "असल नियतको जिकिर" लिएर औचित्य प्रमाणित गर्न खोज्नु विवेकपूर्ण हुदैन। यसैले विद्वान सहन्यायाधिवक्ताको उक्त "असल नियत भनी गरिएको बचाउको जिकिर" मनासिव देखिएन।

५६. एउटा उत्तरदायी सरकारको प्रमुख काम, कर्तव्य जनताको जीउ-धनको सुरक्षा गर्नु हो। जनताको जीउ-धन र स्वतन्त्रताको रक्षा र समानताको व्यवस्था गरी सामाजिक क्षेत्र लगायत राष्ट्रिय जीवनमा न्यायपूर्ण व्यवस्था कायम गरी लोक कल्याणकारी व्यवस्था कायम गर्नु राज्यको दायित्व हुने मान्यता संविधानले अगाडी सारेको छ। यस अदालतबाट "मानव अधिकारको गम्भीर उल्लङ्घन र मानवताविरूद्धका अपराधहरू गम्भीर अपराध हुने हुँदा त्यस्ता अपराधमा संलग्न व्यक्तिलाई कानूनको दायराभित्र ल्याउन प्रचलित कानून अपर्याप्त भएको अवस्थामा नयाँ कानूनसमेत निर्माण गरी दण्डहीनताको अन्त्य गर्नुपर्दछ; फौजदारी कसूरको अनुसन्धान वा अभियोजन राज्यको स्वविवेकीय विशेषाधिकार हुनै सक्तैन; हरेक कसूरको अनुसन्धान गरी कानूनबमोजिम न्याय दिने दिलाउने राज्यको आधारभूत कानूनी दायित्त्वसमेत हो; कसूरको कार्य हुने तर अनुसन्धान नै नगर्ने वा गरेपनि असफल अनुसन्धान गर्ने वा नतिजामा

46 माधव गौतम समेत विरुध्द प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, ०६८-WS-००१३, आदेश मितिः २०७५/३/८ ।

पुऱ्याउन नसक्ने भनेको कानूनी राज्यका असफलताका धोतक उदाहरणहरू हुन्; सफल अनुसन्धान गरी स्वच्छ र वैध अभियोजन गर्नु र न्यायको अन्तिम बिन्दुमा पुऱ्याउनु कानून कार्यान्वयन गर्ने निकायको आधारभूत उत्तरदायित्व हुन्छ" भनी माधव कुमार बस्नेत विरुद्ध प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला समेत भएको विवादमा[47] व्याख्या भएको छ। त्यसैले पनि फौजदारी कसुरको कुरामा अनुसन्धान र अभियोजन गर्ने कार्यलाई राज्यका कुनै पनि निकायले आफ्नो स्वेच्छाचारी तजविजी अधिकारको रुपमा लिन हुँदैन। यो राज्यको संविधान एवम् कानूनद्वारा निर्धारित कर्तव्य हो र यसको पालना हुनु नै पर्दछ।

५७. जनताको जीउधनको सुरक्षा गर्ने कुरा सरकारको प्राथमिक दायित्वभित्र पर्दछ। संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक दिएको छ। सम्मानपूर्वक बाँच्न पाउने हक अन्तर्गत मानवीय जीवनलाई गुणस्तरीय र मर्यादापूर्वक अघि बढाउन पाउने सबै प्रकारका हक समावेश भएका हुन्छन्। यस भित्र मानिसका, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य लगायतका हकहरू समाहित भएका हुन्छन्। अनिता घिमिरे विरुद्ध नेपाल सरकार समेत भएको विवादका सन्दर्भमा यस अदालतवाट जीवनको अधिकार अहरणीय अधिकार भएको र त्यसको संरक्षण गर्ने कर्तव्य राज्यको हुने भनी व्याख्या गरिएको छ। उक्त विवादको सन्दर्भमा "सशस्त्र द्वन्द्वको समयमा घटेका गैर-न्यायिक हत्या जस्ता मानव अधिकारको गम्भीर उल्लङ्घन एवं मानवता विरूद्धको कसुरमा पीडित पक्षले दोषीउपर प्रचलित फौजदारी न्याय प्रणाली अन्तर्गत जाहेरी दिन, अनुसन्धान गर्ने निकायले अनुसन्धान गर्न, सरकारी वकिल कार्यालयले अभियोजन गर्न र अदालतले त्यस्ता मुद्दामा न्यायिक कारवाही गर्न नपाउने भनी अर्थ गर्दा विधिको शासनको उपहास मात्र होइन, मानवतासम्बन्धी कानूनको उल्लङ्घन एवं संक्रमणकालीन न्यायको प्रतिकूल हुन जाने, पीडितले कहिल्यै न्यायको अनुभूति नगर्ने र विद्यमान फौजदारी न्याय प्रणालीको अस्तित्व माथि नै प्रश्न उठ्ने अवस्थाको सिर्जना हुन्छ। कुनै पनि व्यक्तिको गैर-न्यायिक रूपमा हत्या हुनुलाई राजनीतिक घटना मात्र मिल्दैन। यस्तो प्रकारको हत्याको कसुर जुनसुकै कालखण्ड र समयमा भएपनि पीडकलाई सजाय गर्नु र पीडितलाई राहत दिई समाजमा शान्ति सुरक्षाको अनुभूति दिलाउनु फौजदारी न्याय प्रणालीको उद्देश्य हो"[48] भनी यस अदालतबाट व्याख्या भएको देखिन्छ। यसरी स्वेच्छाचारी रूपले कसैको पनि सम्मान र प्रतिष्ठापूर्वक बाँच्न पाउने अधिकारको हरण हुन सक्दैन भनी यस अदालतबाट न्यायिक मान्यता अगाडी सारिएको देखिन्छ।

---

47 अधिवक्ता माधव कुमार बस्नेतसमेत विरुद्ध सम्माननीय अध्यक्ष, नेपाल सरकार, अन्तरिम चुनावी मन्त्रिपरिषदसमेत, ने.का.प. २०७० पुस, नि.नं. ९०५१, पृष्ठ ११०१ ।

48 अनिता घिमिरे विरुद्ध नेपाल सरकार, ने.का.प.२०७४, अङ्क १, नि.नं. ९७३८ ।

५८. गैर-न्यायिक हत्याको निष्पक्ष, स्वच्छ र स्वतन्त्र रुपमा अनुसन्धान छानविन गरी दोषीलाई न्यायको दायरामा ल्याउने कुरा नेपालको अन्तर्राष्ट्रिय कानून अन्तर्गतको दायित्व पनि रहेको छ[49]। नेपाल पक्ष राष्ट्रको रुपमा रहेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुबाट सृजित दायित्व हामीले निर्वाह गर्नु नै पर्ने हुन्छ। गैर-न्यायिक हत्याको स्वच्छ, निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्नु र दोषीलाई न्यायको दायरामा ल्याउनु नेपालको राष्ट्रिय प्रतिष्ठाको विषय पनि हो। यस कुरामा राज्यले उदासिनता देखाएको सन्देश प्रवाहित हुन पुग्यो भने हाम्रो फौजदारी न्याय प्रणालीप्रतिको विश्वसनीयता कमजोर हुन पुग्ने खतरा रहन्छ। अन्तर्राष्ट्रिय स्तरमा गरिएको प्रतिबध्दता कार्यान्वयनका दृष्टिले मात्र नभएर नेपाली जनताको प्रतिष्ठा तथा लामो त्याग, समर्पण र वलिदानको परिणामस्वरुप जारी भएको नेपालको लोकतान्त्रिक संविधानको सफल कार्यान्वयनका लागि पनि गैर-न्यायिक हत्याका कसुरदारलाई कानूनको दायरामा ल्याउनु आवश्यक छ। त्यसैले पनि गैर-न्यायिक हत्याको विषयलाई राज्यले गम्भीर र सम्बेदनशील रुपमा लिनु वाञ्छनीय देखिन्छ। तर व्यवहारिक स्थिति हेर्दा गैर-न्यायिक हत्या नियन्त्रणका लागि कतिपय कार्य गर्न बाँकी नै रहेको स्थिति देखिन आउँदछ।

५९. स्वतन्त्र अनुसन्धान हुन अनुसन्धान गर्ने निकाय तथा अनुसन्धानकर्ताहरू आरोप लागेका पीडकहरू वा तिनीहरूको संस्थासँग अधिनस्थ रूपमा गाँसिएको (Subordination) वा श्रेणीबद्धता (Hierarchy) वा कार्यगत रूपमा आश्रित (Functional Dependency) नहुनु पनि आवश्यक हुन्छ। भारत लगायत कतिपय देशमा गैर-न्यायिक हत्याको घटना सम्बन्धमा अनुसन्धान गरी पीडकलाई न्यायको दायरामा ल्याउनका लागि छुट्टै विशेष समिति, व्यूरो, टोली आदि गठन गर्ने गरिएको पाइन्छ। यसरी गठन भएका समिति, व्यूरो, टोली आदिलाई संविधान वा कानून विपरीत भएको भनी मानिएको पाइएन। नेपाल प्रहरीको संगठनभित्र पनि लागु औषध नियन्त्रण जस्ता विषयमा छुट्टै अनुसन्धान व्यूरो (ईकाई) खडा गरी अनुसन्धान गर्ने गरेको देखिन्छ। नेपाल प्रहरीलाई कतिपय गैर-न्यायिक हत्यामा संलग्न भएको आरोप लाग्ने गरेको पाइन्छ। कतिपय अवस्थामा सशस्त्र प्रहरीबाट वा नेपाली सेनाबाट भएका गैर-न्यायिक हत्याका विषय पनि छानविनको विषय बन्ने अवस्था आउलान् !! यस प्रकारका सबै घटनाको स्वच्छ, निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान हुनु वाञ्छनीय छ। वर्तमान अवस्थामा भए गरिएका काम

49 "नेपाल सन्धी ऐन, २०४७ को दफा ९ ले नेपालले अनुमोदन गरेका सन्धी सम्झौताको व्यवस्था नेपाल कानून सरह लागू हुने व्यवस्था गरेकाले नेपालले समेत स्वीकार गरिसकेका यी दस्तावेजहरूले निर्धारण गरेको दायित्वबाट राज्यले उन्मुक्ती पाउन सक्ने अवस्था रहदैन" भनी यस अदालतबाट राजेन्द्र ढकालसमेत विरुध्द गृह मन्त्रालय समेत भएको विवादका सन्दर्भमा व्याख्या भएको छ (ने.का.प. २०६४, नि.नं. ७८१७, पृष्ठ २२१)।

कारवाहीको स्थितितर्फ दृष्टिगत गर्दा गैर-न्यायिक हत्याका सम्बन्धमा अनुसन्धान गरी दोषीलाई न्यायको दायरामा ल्याएको देखिन आएन। यस प्रकार "अनुसन्धान वा अभियोजन नगरेको वा प्रत्यक्ष वा परोक्ष ढङ्गले अनुसन्धान वा अभियोजन गर्न इन्कार गरी दण्डहीनतालाई प्रश्रय दिएको पाइन्छ भने त्यस्तो हरेक घटनाको सार्वजनिक कानूनमा परिणामहरू हुन्छन् र अदालतले पनि संविधान र न्यायका मान्य सिद्धान्तहरूको आधारमा अनुसन्धान वा अभियोजन क्रियाशील गर्न गराउन बाध्य गर्ने जो चाहिने आवश्यक अधिकार राखेको हुन्छ"[50]। यसरी हेर्दा गैर-न्यायिक हत्या जस्ता विशेष प्रकारका कसुर सम्बन्धमा अनुसन्धान, छानविन गर्न विषय विज्ञहरु संलग्न रहेको नेपाल प्रहरीको संगठन संरचनाको सोपानबाट स्वतन्त्र रहने गरी एउटा छुट्टै अनुसन्धान संरचना गठन गर्नु आवश्यक देखिएको छ। मानिसको बाँच्न पाउने संविधान प्रदत्त मौलिक हकको संरक्षण र प्रचलनका लागि यस प्रकारको संरचनाको औचित्य प्रमाणित हुन्छ।

६०. प्रस्तुत विवादका सन्दर्भमा गैर-न्यायिक हत्याका घटना भनी केही तथ्याङ्कहरु उल्लेख गरिएका छन्। यस्ता सबै घटनालाई गैर-न्यायिक हत्या भनी किटान गर्न सकिने अवस्था नहुन पनि सक्तछ। तर कुनै पनि गैर-न्यायिक हत्याका घटना भएका छैनन् भनी निश्चिन्त हुन सकिने अवस्था देखिदैन। गैर-न्यायिक हत्याका घटनाहरुलाई नजिकबाट देखेका र संयोगले बाँच्न सफल भएका भुक्तभोगीहरु आज पनि नेपाली समाजमा प्रतिष्ठापूर्वक रहेका छन् भनिन्छ। तर पनि यस विषयमा कानूनसम्मत् अनुसन्धान तथा अभियोजन गरिएको र दोषीलाई सजाय भएको उल्लेखनीय उदाहरण देखिदैन। अनुसन्धान गरिएन भन्ने केही विवादहरु अदालतमा आएका र अदालतबाट आदेश जारी भए पनि अनुसन्धान कार्यमा कुनै गुणात्मक सुधार आएको प्रतीत हुँदैन। घटना घटेको धेरै समयपछि अनुसन्धान गर्दा प्रमाणहरु लोप हुने अवस्था पनि रहन्छ। अनुसन्धान गर्ने निकायकै प्रहरी कर्मचारी संलग्न रहेको वारदातका विषयमा प्रहरीबाट निष्पक्ष र प्रभावकारी अनुसन्धान भएको छ भनी पीडित पक्षलाइ आस्वस्थ तुल्याउने कुरा पनि सम्वेदनशील वनेको पाइन्छ। पीडितलाई न्यायको अनुभूति हुने अवस्थाको निर्माण गर्ने दायित्व केवल कानूनी सीमा, जटिलता वा व्यवस्थापकीय जटिलता देखाएर मात्र पुरा हुदैन। दण्डहीनता कायम रहनुबाट लोकतान्त्रिक संविधान कार्यान्वयनको मार्गमा जटिलता नै पैदा हुन पुग्दछ। वर्तमान अवस्थामा गैर-न्यायिक हत्याका आरोपहरुको अनुसन्धान गर्ने स्वतन्त्र, सक्षम र निष्पक्ष सन्यन्त्रको अभाव महशुस भएको छ; भैरहेका सन्यन्त्रबाट यस प्रकारका मानव अधिकार उल्लंघनका अपराधहरुको स्वच्छ, स्वतन्त्र र प्रभावकारी अनुसन्धान सम्भव छैन भन्ने फिकिरलाई

50 अधिवक्ता माधव कुमार बस्नेतसमेत विरुद्ध सम्माननीय अध्यक्ष, नेपाल सरकार, अन्तरिम चुनावी मन्त्रिपरिषदसमेत, ने.का.प. २०७० पुस, नि.नं. ९०५१, पृष्ठ ११०१ ।

अन्देखा गर्नु मनासिब हुँदैन। तसर्थ, माथिका प्रकरणहरुमा विवेचित विषयगत अवधारणा, अन्तर्राष्ट्रिय अभ्यास, हाम्रो संवैधानिक एवम् कानूनी संरचना र व्यवहारिक यथार्थतालाई समग्रमा दृष्टिगत गरी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) अनुसार प्रत्यर्थीहरुको नाउँमा देहाय बमोजिमको आदेश जारी गरिएको छः

(क) गैर-न्यायिक हत्या सम्बन्धी कसुरको अनुसन्धान र अभियोजनको वर्तमान अवस्था हेर्दा मानिसको बाँच्न पाउने तथा स्वच्छ सुनुवाई हुने संविधान प्रदत्त हकको प्रभावकारी प्रचलन हुने अवस्था सुनिश्चित गर्न सुरक्षा निकायका पदाधिकारी उपर परेको गैर-न्यायिक हत्या जस्ता गम्भीर प्रकृतिको आरोप (उजुरी) सम्बन्धमा स्वच्छ, निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा अनुसन्धान गर्ने सन्यन्त्र निर्माण गर्नु वाञ्छनीय देखिन आएकाले नेपाल प्रहरीको संगठन संरचनाको सोपानबाट स्वतन्त्र रहने गरी विषय विज्ञहरु संलग्न रहेको एउटा छुट्टै अनुसन्धान निकाय गठन गर्नु। यसका लागि सम्बन्धित सरोकारवालाहरु समेतसंग परामर्श गरी आवश्यक कानूनी, नीतिगत तथा संस्थागत संरचना खडा गरी अनुसन्धान कार्य स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा गर्नु, गराउनु भनी सवै प्रत्यर्थीहरुका नाममा परमादेश जारी गरिएको छ।

(ख) उपरोक्त प्रकरण (क) बमोजिमको संस्थागत संरचना खडा भई कार्यान्वयनमा नआउञ्जेलसम्मका लागि नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्यूरोबाट गैर-न्यायिक हत्या सम्बन्धमा यसभन्दा अगाडी परेका उजुरी र अब कुनै उजुरी परेमा सो सम्बन्धमा समेत तत्काल अनुसन्धान गर्नु, गराउनु भनी प्रत्यर्थीहरु मध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषदका कार्यालय, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयसमेतका नाममा परमादेश जारी गरिएको छ।

(ग) राष्ट्रिय मानव अधिकार आयोगबाट संविधान तथा कानूनबमोजिम प्राप्त अख्तियारीको प्रयोग गरी भएका निर्णय/सिफारिशहरुको कार्यान्वयन गराउनु नेपाल सरकारका सम्बध्द निकायहरुको संविधान एवम् कानूनबमोजिम निर्धारित कर्तव्य भएकाले आयोगको निर्णय तथा सिफारिशहरुको अविलम्व कानूनबमोजिम प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, गराउनु भनी सवै प्रत्यर्थीहरुका नाममा परमादेश जारी गरिएको छ।

(घ) गैर-न्यायिक हत्याका घटनाहरुको स्वच्छ, निष्पक्ष, स्वतन्त्र, प्रभावकारी र

कानूनसंगत रुपमा अनुधन्धान गर्ने, गराउने कुरामा सिर्जनशील सक्रियता अपनाई निर्देशन दिने, तथा यो आदेश लगायत नेपालको संविधानको धारा १५८ मा उल्लेख भए अनुसारको मुद्दा मामिलाका रोहमा यस अदालतबाट भएको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिध्दान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने, गराउने कार्य गर्नु गराउनु महान्यायाधिवक्ता लगायतका सरकारी वकीलहरुको संविधान एवम् कानूनद्वारा निर्धारित कर्तव्य भएकाले उल्लिखित कार्य गर्नु गराउनु र सो सम्बन्धी कार्य-प्रगतीको जानकारी आवधिक रुपमा यस अदालतमा समेत पठाउने गर्नु भनी प्रत्यर्थी मध्येका नेपालका महान्यायाधिवक्ताको कार्यालयको नाममा परमादेश जारी गरिएको छ।

(ङ) राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ मा आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गर्नु पर्ने गरी आयोगको कर्तव्य तोकिएको र उल्लिखित ऐन लागु भएको अहिले करिब ८ वर्ष व्यतित हुँदासम्म पनि उक्त दफा ७ मा रहेको व्यवस्था कार्यान्वयन गरेको नदेखिएको हुँदा प्रत्यर्थी आयोगले आफ्नो कानूनबमोजिमको कर्तव्य र दायित्व पुरा गरेको मान्न मिलेन। अतः अविलम्ब राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ बमोजिम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा नाम सार्वजनिक गर्ने र अभिलेख राख्ने कार्य गर्नु, गराउनु तथा मानव अधिकारको संरक्षण, संवर्धन र प्रभावकारी कार्यान्वयनका लागि सिर्जनशील र सक्रिय भूमिका निर्वाह गर्नु भनी प्रत्यर्थी मध्येको राष्ट्रिय मानव अधिकार आयोगको नाममा परमादेश जारी गरिएको छ।

(च) कानून कार्यान्वयनको क्रममा हुने अनुचित, अत्याधिक वा अपराधिक बलको प्रयोग गर्नबाट रोक्न तत् सम्बन्धी नीति तथा कानूनको पुनरावलोकन गरी मानव अधिकार-मैत्री तुल्याउन र सम्बध्द सुरक्षा निकायका पदाधिकारीहरुमा समुचित रुपमा सचेतना अभिबृध्दि गर्न गराउन आवश्यक प्रवन्ध मिलाउनु भनी प्रत्यर्थीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ। अरु तपसिल बमोजिम गर्नु:

तपसिलः

१. यो आदेशको प्रतिलिपी संलग्न राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत सबै प्रत्यर्थीहरुलाई आदेशको कार्यान्वयन गर्नु भनी लेखी पठाई दिनु।

२. यो आदेशको कार्यान्वयन स्थितिको अनुगमन गरी आवधिक रुपमा यस अदालतमा प्रतिवेदन पेश गर्नु भनी यस अदालत मातहतको फैसला कार्यान्वयन निर्देशनालयलाई यसै आदेशद्वारा निर्देशित गरिएको छ।

३. फैसला कार्यान्वयन निर्देशनालयले पेश गरेको प्रतिवेदनको व्यहोरा जानकारीका लागि यस अदालतको पूर्ण-बैठक समक्ष पेश गर्नु भनी यस अदालतका मुख्य रजिष्ट्रारलाई समेत यसै आदेशद्वारा निर्देशित गरिएको छ।

४. फैसलाको प्रति विधुतीय प्रणालीमा प्रविष्ट गर्नु।

५. दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(ईश्वर प्रसाद खतिवडा)
न्यायाधीश

मानननीय न्यायाधीश श्री कुमार रेग्मीको राय

मिति २०६८।०१।२२ मा दर्ता भएको प्रस्तुत रिट निवेदकहरुको मागदावी निम्नबमोजिमको रहेको व्यहोरा रिट निवेदनको प्रकरण ५ मा उल्लिखित छ।

१. गैर-न्यायिक हत्याका सम्बन्धमा छानबीन तथा अनुसन्धान गर्न हाल विद्यमान संरचना नेपाल प्रहरीको स्थानीय कार्यालय अनिच्छित, असक्षम र पूर्वाग्रही भएकोले त्यसबाट त्यस्ता विशेष प्रकृतिका घटनाहरुको अनुसन्धान गरी अभियोजन संभव र प्रभावकारी नभएकोले यस विषयमा अनुसन्धान गर्ने प्रयोजनका लागि छुट्टै निकाय वा संरचना खडा गरी तत्काल त्यस्ता आरोपहरुको अनुसन्धान गर्नु गराउनु भन्ने परमादेश जारी गरि पाऊँ।

२. राष्ट्रिय मानव अधिकार आयोगले यस सम्बन्धी गरेका निर्णय र सिफारिशहरु तत्काल कार्यान्वयन गर्नु गराउनु भन्ने परमादेशको आदेश विपक्षीहरु मध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका नाउँमा जारी गरिपाऊँ। साथै आफ्नो निर्णय कार्यान्वयन नगर्ने

अधिकारीहरुको सूची तयार गरि सार्वजनिक गर्नु पर्ने दायित्व आयोगले निर्वाह नगरेकोले आवश्यकता अनुसार नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२(२) अनुसार सबै उपाय अपनाई आफ्नो निर्णय कार्यान्वयन गराउनु भन्ने निर्देशनात्मक आदेश राष्ट्रिय मानव अधिकार आयोगको नाउँमा जारी गरिपाऊँ।

३. नेपाल सरकारद्वारा संचालित विशेष सुरक्षा योजना वा अन्य अवस्थामा हुने कानून कार्यान्वयनको क्रममा हुने अत्याधिक वा आपराधिक बलको प्रयोग रोक्न तथा सोमा संलग्न सुरक्षाकर्मीलाई जवाफदेही वनाउन उक्त विशेष सुरक्षा योजना तथा बल प्रयोग सम्बन्धी सरकारी नीतिको पुनरावलोकन गरि सो सुरक्षा योजनाको वा नीतिको दुरुपयोग रोक्न अनुगमन गर्ने प्रभावकारी संयन्त्र स्थापना गर्नुपर्ने आदेश जारी गरिपाऊँ।

४. नेपालका महान्यायाधिवक्तालाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १३५(३)(ख) अनुसार मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयनको अनुगमन गर्ने र कार्यान्वयन गराउने संवैधानिक दायित्व भएको र सरकारी वकिललाई मुद्दाको अनुसन्धानमा निर्देशन दिने दायित्व सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६ ले निरोपित गरेकोले त्यस्ता विषयमा सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त अनुसार आवश्यक अनुसन्धान गर्न र अनुसन्धानको सिलसिलामा प्रभावकारी निर्देशन दिने परिपाटीलाई विकास गर्नु गराउनु भनी नेपालका महान्यायाधिवक्ताका नाउँमा निर्देशनात्मक आदेश जारी गरिपाऊँ।

उल्लिखित मागदावीहरुमध्ये दोस्रो, तेस्रो र चौथो मागदावीका सम्बन्धमा माननीय ईश्वरप्रसाद खतिवडाले व्यक्त गर्नुभएको राय तथा आदेशसँग मेरो सहमती रहेको छ। रिट निवेदनको पहिलो मागदावी निरुपण गर्ने सन्दर्भमा मेरो निम्नलिखित छुट्टै राय रहेको छ।

१. प्रस्तुत रिट निवेदन र रिट निवेदकहरुका तर्फबाट नियुक्त कानून व्यवसायीहरुले पेश गर्नुभएको बहसनोटमा अन्तर्राष्ट्रिय कानूनले समेत Extra-judicial Killings (गैर-न्यायिक हत्या) लाई अपराध मानेको हुँदा छुट्टै संरचना खडा गरी मूलतः २०६६।०४।१४ मा "विशेष सुरक्षा योजना" लागु गरिएपछिका गैर-न्यायिक हत्याको अनुसन्धान गर्नु गराउनु भन्ने परमादेश जारी गरिपाऊँ भन्ने रहेको देखिन्छ। व्यक्तिवाट हुने कुन र के कस्तो कार्य अपराध मान्ने भन्ने कुराको किटान कानूनले गर्दछ। ऐन कानूनद्वारा

निषेध गरिएका कसूरजन्य कार्यलाई राष्ट्रिय कानून अन्तर्गत अपराध मानिए जस्तै अन्तराष्ट्रिय कानूनले कसूरजन्य कार्य भनि निषेध गरेका कार्यलाई अन्तर्राष्ट्रिय कानून अन्तर्गतका अपराध (International Crime) मानिन्छ। कुन कार्यलाई अन्तर्राष्ट्रिय अपराध मान्ने भन्नका लागि सो विषयमा चर्चा गर्नु भन्दा पहिले अन्तर्राष्ट्रिय कानून (International Law) कसरी निर्माण हुन्छ वा के लाई अन्तर्राष्ट्रिय कानून मान्ने भन्ने बारेमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक देखिन आयो।

२. राष्ट्रहरु बीचको सम्बन्ध व्यवस्थित गर्न वा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न राष्ट्रहरु बीचको सहमति र स्वीकृतिबाट अन्तर्राष्ट्रिय कानून (International Law) को जन्म भएको पाइन्छ। १९४५ मा सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राष्ट्रहरुले संयुक्त राष्ट्रसंघ (United Nations- UN) को स्थापना गरे सँगै UN को सक्रियतामा अन्तर्राष्ट्रिय कानून निर्माणले गति पाएको छ भने भिन्न विषयमा कुनै राष्ट्रका लागि बाध्यकारी अन्तर्राष्ट्रिय कानून निर्माण हुँदा सो राष्ट्रको सहमति स्वीकृति अनिवार्य मानिन्छ। संयुक्त राष्ट्र संघको वडापत्र (the Charter of the United Nations-UN Charter) को धारा २(१) ले "The organization is based on the principle of the sovereign equality of all its members" भनेबाट संयुक्त राष्ट्रसंघ यसका सबै सदस्यहरुको समान सार्वभौमसत्ताको सिद्धान्तमा आधारित रहेको प्रष्ट हुन्छ। अन्तर्राष्ट्रिय शान्ति र सुव्यवस्थामा खलल पुगेको स्थितिलाई रोक्न वा नियन्त्रण गर्न संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्का ५ स्थायी सदस्य (अमेरिका, बेलायत, फ्रान्स, चिन र रुस) सहितको सुरक्षा परिषद् (Security Council) को बहुमतको निर्णय बाहेक कुनै पनि सदस्य राष्ट्रको भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रतामा कसैले वा कुनै राष्ट्रले हस्तक्षेप गर्न नपाउने व्यवस्था UN Charter को विभिन्न प्रावधानहरुमा व्यवस्था गरिएको छ। त्यसबाट आन्तरिक व्यवस्थापनमा प्रत्येक सार्वभौमसत्ता सम्पन्न राष्ट्रहरु स्वतन्त्र छन र कुन अन्तर्राष्ट्रिय दायित्व स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा उनीहरुको आफ्नो स्वतन्त्र निर्णय अन्तिम हुन्छ।

३. अन्तर्राष्ट्रिय कानून के लाई मान्ने भन्ने सन्दर्भमा UN Charter ले आफ्नो प्रमुख न्यायिक अंगको रुपमा स्थापना गरेको International Court of Justice (ICJ) (अन्तर्राष्ट्रिय अदालत) ले अन्तर्राष्ट्रिय कानूनको श्रोतको रुपमा स्वीकारेको ICJ Statute

को धारा ३८(१) लाई हेर्नुपर्ने हुन्छ। जसको व्यवस्थामा अन्तर्राष्ट्रिय कानूनको प्रमुख श्रोतको रुपमा निम्न व्यवस्था उल्लिखित छ।

a. International conventions, Whether general or particular, establishing rules expressly recognized by the contesting state;
b. international custom, as evidence of a general practice accepted as law;
c. the general principles of Law recognized by Civilized nations;
d. Subject to the provisions of Article 59, judicial decisions and the teachings of the most highly qualified publicists of the various nations, as subsidiary means for the determination of rules of Law. भनिएको छ।

Article 59 मा निम्न व्यवस्था रहेको छ. "The decision of the Court has no binding force except between the Parties and in respect of the particular case."

यसरी माथिका तीन स्रोतलाई अन्तर्राष्ट्रिय कानूनको प्रमुख/प्राथमिक स्रोत मानि चौथोलाई subsidiary means (दोस्रो वा सहयोगी स्रोत) को रुपमा स्वीकारिएको छ। उच्च स्तरका विभिन्न देशका न्यायिक निर्णय तथा प्राज्ञिक प्रकाशनलाई सम्बन्धित विषयको कानूनको सुनिश्चितताको सहयोगी स्रोत मानिरहँदा ICJ को आफ्नै निर्णयका हकमा समेत मुद्दाका पक्ष राष्ट्रका लागि सोही मुद्दाको हकमा बाहेक अन्य राष्ट्रका लागि बन्धनकारी नहुने व्यवस्था ICJ Statute धारा ५९ मा व्यवस्था गरिएको छ। यसबाट कुनै विषयको विवादमा लागुगर्ने अन्तर्राष्ट्रिय कानून के र कुन हो भनेर निश्चय गर्नुपर्ने अवस्था आईपरेमा सहयोगी स्रोतको रुपमा कुनै देशको न्यायिक निर्णय वा प्रकाशनले स्वीकार्यता पाउनका लागि त्यो स्रोतले विश्वस्तरमा मान्यता पाएको हुनुपर्ने देखिन्छ।

अन्तर्राष्ट्रिय कानूनको पहिलो स्रोतको रुपमा राखिएको International conventions लाई International treaties (अन्तर्राष्ट्रिय सन्धीहरु) भनेर पनि बुझिन्छ। Vienna Convention on the Law of Treaties, 1969 ले सन्धी कानूनको आधारभुत सिद्धान्तहरु, कसरी सन्धी बाध्यकारी हुन्छ र लागु हुन्छ, सन्धी उल्लंघनको परिणाम र सन्धीको व्याख्या सम्वन्धमा व्यवस्था गरेको छ। सन्धीको आधारभुत सिद्धान्तलाई *Pacta Sunt Servanda* अर्थात प्रत्येक सन्धी यसका पक्ष/सदस्य राष्ट्रहरुका लागि बन्धनकारी हुन्छ र त्यसको पालना Good faith (असल/सकारात्मक विश्वास) का साथ गरिनु पर्दछ भन्ने रहेको छ। पक्ष राष्ट्रबीचको सन्धी तेस्रो राष्ट्रले सहमति नदिएसम्म उसको हकमा बाध्यकारी हुदैन। यसको अपवादमा कुनै बहुपक्षीय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय सन्धीले Customary international Law को स्वरुप ग्रहण गरेमा त्यो सहमति नभएको राष्ट्रको हकमा समेत बाध्यकारी रुपमा लागु हुन्छ।

वर्तमान परिवेशमा विश्वका प्राय धेरै महत्वपूर्ण विषयहरुलाई समेट्ने अन्तर्राष्ट्रिय सन्धीहरु अन्तर्राष्ट्रिय कानूनको रुपमा देखापरेका छन्। अन्तर्राष्ट्रिय सन्धीको व्याख्याको सामान्य नियम के रहेको मानिन्छ भने यसको जटिल र घुमाउने अर्थ नलगाई यसलाई असल विश्वास/नियतका साथ त्याँहा लेखिएको शब्दहरुको सन्धीको लक्ष्य र उद्देश्यको आधारमा सामान्य अर्थ निकालिनु पर्दछ।

४. यसरी ICJ Statute को धारा ३८ (१) ले प्राथमिकता निर्धारण गरेको अन्तर्राष्ट्रिय कानूनको स्रोतलाई हेर्दा सदस्य राष्ट्रहरुले स्वीकारेका अन्तर्राष्ट्रिय सन्धीमा लेखिएका व्यवस्थाहरु पहिलो वर्गमा परेको पाइन्छ। सदस्य राष्ट्रले आफैले सहमति र स्वीकृति दिएर स्वीकारेका दायित्वहरु उसका लागि बाध्यकारी छन्। कुनै विषय, प्रश्न वा समस्या समाधानको सन्दर्भमा यो वर्गको अन्तर्राष्ट्रिय कानून रहेको स्थितिमा दोस्रो वा तेस्रो प्राथमिकताको अन्तर्राष्ट्रिय कानूनको खोजी वा सहाराको आवश्यकता पर्दैन। पहिलो प्राथमिकताको अन्तर्राष्ट्रिय कानूनको अभावमा मात्र प्राथामिकताको आधारमा दोस्रोको खोजी गरिन्छ। पहिलो र दोस्रो प्राथमिकताका कानूनको अभावमा तेस्रो प्राथामिकताको अन्तराष्ट्रिय कानूनको खोजी गरि कुनै अन्तर्राष्ट्रिय चासोको बिषय, प्रश्न वा समस्याको समाधानमा गर्नुपर्दछ।

५. International custom (अन्तर्राष्ट्रिय प्रथा) अथवा Customary Law (प्रथाजन्य कानून) लाई अन्तर्राष्ट्रिय कानूनको दोस्रो महत्वपुर्ण स्रोत मानिएको छ। लामो समयदेखि सामान्यत सबै राष्ट्रहरुले समानरुपमा स्वीकारेका वा प्रयोग गरिरहेका प्रचलनहरुलाई प्रथाजन्य अन्तर्राष्ट्रिय कानून मानिन्छ। सामान्य प्रचलनको रुपमा लामो समय देखि स्वीकारिएका प्रथाजन्य अन्तर्राष्ट्रिय कानूनहरु सबै राष्ट्रहरुका लागि बन्धनकारी हुन्छन। कुनै विवाद समाधान वा अन्य कुनै सन्दर्भमा कुनै राष्ट्रले प्रथाजन्य अन्तर्राष्ट्रिय कानून रहेको दावी गरेमा त्यसको प्रमाण पु-याउने भार उसैमाथी रहन्छ र उसले त्यस्तो प्रथाको राष्ट्रहरुबाट निरन्तर र एउटै अभ्यास भएको प्रमाणित गर्नुपर्दछ। त्यसमा पनि यस्तो प्रथाजन्य कानूनबाट धेरै प्रभावित हुने र बढी चासो रहेका राष्ट्रहरुको निरन्तरको एउटै अभ्यास अनिवार्य रुपमा स्थापित हुनुपर्दछ। कुनै विषयमा प्रथाजन्य कानूनलाई राष्ट्रहरुले कानूनी दायित्व वा *Opinio Juris* (opinion of law) को रुपमा स्वीकारेका हुन्छन किनकि यस्ता प्रथाहरु विपरीत अरु प्रथा राष्ट्रहरुको प्रचलनमा रहेको पाईदैनन्।विवादरहित रुपमा स्थापित प्रथाजन्य कानूनका केही उदाहरणहरुमा- विदेशी कुटनीतिज्ञलाई दिईने राष्ट्रिय कानून अन्तर्गतको आपराधिक

दायित्वबाट उन्मुक्ती, विदेशी राजदुतावास वा कुटनीतिक नियोगको क्षेत्रमा अहस्तक्षेपको सुनिश्चितता, अन्तर्राष्ट्रिय वा राष्ट्रिय शसस्त्र द्वन्दमा सामेल नरहेका सर्वसाधारण, विरामी वा घाईते सिपाही वा लडाकुको सुरक्षा, खुल्ला समुन्द्र (High Sea) मा रहेको जहाजमा झण्डा रहेको राष्ट्रको एक्लो क्षेत्राधिकार आदिलाई मात्र सकिन्छ। पहिलो र दोस्रो स्रोतको अभावमा सभ्य राष्ट्रहरुले स्वीकारेका कानूनका सामान्य सिद्धान्त (General Principles of Law) लाई अन्तर्राष्ट्रिय कानूनको स्रोतको रुपमा ICJ को Statute ले स्विकारेको पाईन्छ। अन्तर्राष्ट्रिय सन्धी वा स्पष्ट देखिने प्रथाजन्य अन्तर्राष्ट्रिय कानूनको अभावमा यो स्रोतको खोजिगरि विश्वका प्रमुख कानूनी प्रणालीहरुले स्वीकारेका कानूनका सामान्य सिद्धान्तको आधारमा विवादको समाधान गरिन्छ। त्यस्तै चौथोमा रहेको Subsidiary means लाई अन्तर्राष्ट्रिय कानूनको स्रोतको रुपमा नहेरि कुनै विषयमा स्पष्ट सन्धीको अभावमा कुन प्रथाजन्य कानून वा कानूनका सामान्य सिद्धान्त उपस्थित छन र विवादित विषयमा आकर्षित हुन्छन भनी प्रमाणित गर्ने स्रोतको रुपमा स्वीकारिएको पाइन्छ।

६. ICJ को धारा ३८ (१) मा उल्लेखित अन्तराष्ट्रिय कानूनका स्रोतको अलावा अझ शक्तिशाली स्रोतको रुपमा *Jus cogens* norms लाई मान्ने गरिएको पाइन्छ। अन्तर्राष्ट्रिय मानवीय कानून (International Humanitarian Law) र अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी कानून (International Human Rights Law) को सन्दर्भमा *Jus cogens* norms को महत्व अतुलनीय रहेको छ। *Jus cogens* norms लाई Peremptory norm समेत भन्ने गरिन्छ र जस्तो सुकै अफ्ठ्यारो परिस्थिति, व्यवधान, आपत वा द्वन्दमा समेत ती नियमहरुको अवमूल्यन वा उल्लंघन गर्न पाईदैन भनी विश्वव्यापी रुपमा स्वीकारिएको छ। *Jus cogens* को अर्थ बन्धनकारी कानून (binding Law) भएको र यसले विश्वव्यापी रुपमा स्वीकार्नै पर्ने उच्चस्तरको कानूनका सिद्धान्त भन्ने बुझाऊंछ । *Jus cogens* अन्तर्गतको अन्तर्राष्ट्रिय कानूनको अवधारणा प्रथाजन्य कानून सँग मिल्दो जुल्दो भएपनि पूर्ण रुपमा मिल्दैन किनकी प्रथाजन्य कानूनमा लामो समयदेखि धेरैले स्वीकारेको अन्तर्राष्ट्रिय प्रथालाई अन्तर्राष्ट्रिय प्रथाजन्य कानून मानिन्छ भने *Jus cogens* को दायित्व सामान्य प्रकृयाबाटै बनेका अन्तर्राष्ट्रिय कानून भित्रबाट निर्माणभएका केही अकाट्य र सर्वमान्य व्यवस्थालाई अन्तर्राष्ट्रिय कानूनको रुपमा मान्यता प्रदानगरि स्वीकारेको पाइन्छ। *Jus cogens* norms सँग बाझिने गरि कुनै

अन्तर्राष्ट्रिय सन्धी गरिएमा अमान्य हुने व्यवस्था भियना कन्भेन्सनमा गरिएको छ । यसरी *Jus cogens* norms को महत्व Vienna convention on the Law of Treaties 1969 को धारा ५३ को निम्न व्यवस्थाले प्रष्ट पार्दछ "Treaties conflicting with a peremptory norm of general international Law (Jus cogens)" that "A treaty is void if at the time of its conclusion, it conflict with a peremptory norm of general International Law. For the purpose of the present convention, a peremptory norm of general International Law is norm accepted and recognized by the international community of states as a whole as a norm from which no derogation is permitted and which can be modified only by a subsequent norm of general international law having the same character."

७. कुन अन्तर्राष्ट्रिय मान्यताहरुलाई *Jus cogens* norms मान्ने भन्नेमा अन्तर्राष्ट्रिय सहमतिमा निश्चित एकरुपता नभएपनि जातिहत्या (Genocide), मानवता विरुद्धको अपराध (Crime against humanity), यातना (torture), दासता र दास व्यापार (Slavery and slave trade), सामुन्द्रिक डकैति (maritime piracy), हस्तक्षेपकारी युद्ध (War of aggression) लाई *Jus cogens* norms को आधारमा प्रतिबन्ध लगाएको मानिन्छ। यस्ता कुनै कार्य गर्न वा यस्ता कुनै कार्यलाई वैधानिकता दिनेगरि कुनै कानून बनाउन पाइँदैन र भएको कानून समेत अमान्य हुन्छ भन्ने व्यवस्था उल्लिखित Vienna convention on the Law of Treaties 1969 को धारा ५३ ले गरेको छ। उल्लिखित अन्तर्राष्ट्रिय कानूनका स्रोतको आलोकमा कुन व्यवस्थालाई वा के लाई अन्तर्राष्ट्रिय कानून मानिन्छ भनी पत्ता लगाईनुपर्दछ । यसपछि कुन कार्यलाई अन्तर्राष्ट्रिय कानूनले अन्तर्राष्ट्रिय अपराध (International crime) घोषणा गरेको छ छैन भनी निक्यौंल गर्नुपर्ने हुन्छ। **यसरी अन्तर्राष्ट्रिय कानूनका पक्षको रुपमा रहेका राष्ट्रहरुले सहभागी भई बनाईएका सन्धी, अन्तर्राष्ट्रिय प्रथाजन्य कानून, सभ्य राष्ट्रहरुले स्वीकारेका सामान्य कानूनका सिद्वान्त र *Jus cogens* norms भित्र रहेर अन्तर्राष्ट्रिय कानूनको पहिचान गरी त्यसको उल्लंघन भएको निक्यौंलबाट मात्र अन्तर्राष्ट्रिय अपराधको पहिचान गरिनुपर्दछ।** अन्तर्राष्ट्रिय कानूनले अपराध मानेका कार्यहरुमा समेत राष्ट्रिय कानून निर्माण गरी अपराधिकरण गरिनुपर्दछ भन्ने व्यवस्था अन्तर्राष्ट्रिय कानूनमा गरिएको अवस्थामा राष्ट्रिय कानूनमा सोही बमोजिम व्यवस्था गरी कारवाही र सजायको व्यवस्था गरिएको हुनसक्छ भने अन्तर्राष्ट्रिय कानूनले नसमेटेका कतिपय विषय राष्ट्रिय कानूनले समेटेको समेत पाईन्छ।

८. अब, रिट निवेदनमा र रिट निवेदकहरुका तर्फबाट प्रस्तुत गरिएको बहसनोटमा "गैर-न्यायीक हत्या" भनेर उल्लेख गरिएको विषय वास्तवमा के हो ? र अन्तर्राष्ट्रिय कानूनले "गैर-न्यायीक हत्या" भनिएको व्यक्ति हत्याको विषयलाई अन्तर्राष्ट्रिय अपराध मानेको छ छैन ? राष्ट्रिय कानूनमा यस्तो प्रकृतीको व्यक्ति हत्याको उपचारको व्यवस्था छ वा छैन भन्ने प्रश्नहरुमा चर्चा गर्नुपर्ने देखियो। अन्तर्राष्ट्रिय बहसमा Extra-Judicial Killings (गैर-न्यायीक हत्या) बारे चर्चा गरिएको पाइन्छ। ती बहसमा गैर-न्यायिक हत्यालाई न्यायिक अनुमति/स्वीकृति बिना कुनै राष्ट्रभित्र कानून व्यवस्था कायम राख्ने निकायहरुबाट भएको हिंसापूर्ण हत्या मानिएको छ। फौजदारी न्यायिक प्रकृयामा रहेको लामो प्रकृयालाई छलगरी "तत्काल न्याय" दिने नाममा राज्यबाट यस्ता घटना घटाइएको हुनसक्छ। धेरैजस्तो encounter killing (मुडभेडमा भएको हत्या) लाई गैर-न्यायिक हत्या मानिएको पाइन्छ। कानूनद्वारा अधिकार दिइएको आधिकारिक न्यायिक निकायबाट भएको कानूनसम्मत आदेशबाट हुने मृत्युबरण/हत्या बाहेक राज्यपक्षबाट भएका सबै व्यक्तिहत्यालाई गैर-न्यायीक हत्या मानिएको छ। यसरी गैर-न्यायिक हत्या हुनका लागि (क) सोची सम्झी योजना बमोजिमको हत्या (ख) जसका लागि अगाडिनै न्यायिक निर्णयबाट अनुमति नरहेको (ग) रहेकोमा न्यायिक निर्णय गर्ने निकाय कानून बमोजिम स्थापित अदालत नरहेको र (घ) जुन निर्णयमा सभ्य मानिसले स्वच्छ न्याय पाउनका लागि स्वीकार गरिएका सम्पूर्ण न्यायिक प्रकृयाको सुनिश्चितता नरहेको अवस्थामा गरिएको व्यक्तिको बाँच्न पाउने अधिकार छिनिएको अवस्थालाई गैर-न्यायिक हत्या मानिएको पाइन्छ।

९. उल्लिखित तर्कहरुले न्यायिक प्रकृया पुरा गरी कुनै अपराधमा संलग्न व्यक्तिको जीवन समाप्त गर्न सकिने (हत्या हुने) अवस्थालाई स्वीकार गरेको देखिन्छ। मूलतः कतिपय अपराधमा मृत्युदण्ड अझै कायम रहेका देशमा न्यायिक प्रकृयालाई छलगरि भइरहेका हत्यालाई गैर-न्यायिक हत्या मानि अन्तर्राष्ट्रिय चासो देखाइएको पाइन्छ।त्यो सँगै कानूनको शासनको उच्चतम तहको विकास भएको देशमा त्यस्तो गैर-न्यायिक हत्यामा संलग्न सरकारी र सुरक्षा निकायका पदाधिकारीहरु माथि कडाईका साथ सजाय गर्ने गरिएको पाइन्छ। यसरी गैर-न्यायिक हत्या भनी उल्लेख गरिएका राज्यपक्षबाट भएका व्यक्ति हत्याका विषयमा दुईवटा पक्षलाई गंभिरतापुर्वक केलाएर हेर्नुपर्ने देखिन्छ।पहिलो जुन देशमा जस्तोसुकै अवस्था वा कसूरमा पनि न्यायिक

प्रकृया पुरा गरी कुनै व्यक्तिहत्या हुन सक्दैन वा कानूनबाटै त्यस्तो सजाय प्रतिबन्धित भएको स्थानमा गैर-न्यायिक हत्याको प्रश्न उठ्न सक्छ कि सक्दैन। यसरी कानूनले नै व्यक्तिहत्यालाई प्रतिबन्ध लगाएको र न्यायिक प्रकृयाबाट कुनैपनि अवस्थामा व्यक्तिहत्या स्वीकार्य हुन नसक्ने स्थानमा राज्यपक्षबाट कुनै व्यक्तिहत्या भएको रहेछ भने त्यो अवस्थालाइ गैर-न्यायिक हत्या (Extra-judicial killings) नभनी गैर-कानूनी हत्या (Extra-legal killings) भनिनु उपयुक्त हुने हो। दोश्रो कुनै अपराध गरेबापत वा गर्ने प्रबल संभावना रहेको पुष्टी भएको अवस्थामा अदालतको अनुमतिबाट हुने मृत्यूदण्ड वा अदालतको अनुमतिबाट किटेर हुने मृत्युवरण (Judicial Killings or targeted Judicial Killings) वा अन्य कुनै पनि कानून बमोजिमको अनुमतिबाट व्यक्तिको जीवन समाप्त पारिनसक्ने देशको हकमा कानूनी प्रकृया पुरा नगरि वा त्यस्तो अनुमति विना भएको व्यक्ति हत्यालाई मात्र गैर-न्यायिक हत्या भनिने हो भन्ने यी दुइ पृथक विषयलाई छुट्टाएर विश्लेषण गरिनुपर्दछ।

१०. नेपालले नेपाल अधिराज्यको संविधान २०४७ लागु गरेपछि मृत्युदण्डलाई संबैधानिक रुपमा प्रतिबन्ध लगाएको छ। सो संविधानको धारा १२ को स्वतन्त्रताको हक अन्तर्गत उपधारा (१) मा "कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाईने छैन।" भन्ने व्यवस्था गरिएको पाइन्छ। प्रस्तुत रिट निवेदनमा उल्लेख गरिएका व्यक्तिहरुको हत्या भएको भनिएको समयमा लागु रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को स्वतन्त्रताको हकको उपधारा (१) ले "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्युदण्डको सजाय हुनेगरी कुनै कानून बनाईने छैन।" भनी मृत्युदण्डलाई प्रतिबन्ध लगाइएको संवैधानिक व्यवस्थालाई निरन्तरता दिएको पाइन्छ । सोही व्यवस्थालाई पुन निरन्तरता दिदै संविधान सभाले बनाएको नेपालको संविधानको धारा १६ को सम्मानपुर्वक बाँच्न पाउने हक अन्तर्गत उपधारा (२) मा "कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन।" भनिएको छ। यसरी २०४७ सालको संविधानबाट नेपाली जनताले प्रणगरी नेपाली नागरिक मात्र नभएर सबै व्यक्तिको बाँच्न पाउने हकलाई सुनिश्चितता गरिएको मौलिक हकलाई संवैधानिक रुपमा नै निरन्तरता दिइएको छ। यसबाट कसैले नेपालभित्र जस्तोसुकै अपराध गरेको भएपनि वा जस्तोसुकै अपराधको आरोप लागेका वा देशभित्र

जस्तोसुकै आपत वा समस्या उत्पन्न भएपनि न्यायिक प्रकृयाबाट वा अदालतको अनुमति वा स्विकृतिबाट वा कानून बमोजिम कुनै व्यक्तिलाई मृत्युदण्ड दिन वा कुनै व्यक्तिको हत्या गर्न सकिदैन। त्यतिमात्र नभएर जस्तोसुकै परिस्थितिमा पनि कसैले कसैको हत्या गर्न वा हत्याको आदेश वा अनुमति दिन सक्दैन किनकि कसैको बाँच्न पाउने मौलिक हक हनन गर्ने गरि कसैलाइ मृत्युदण्ड दिने गरी नेपालमा कुनै कानून नै बन्न सक्दैन। त्यसैले मृत्युदण्ड दिने गरी कानून समेत बनाउन नसकिने संवैधानिक व्यवस्था भएको अवस्थामा संविधान/कानून बिपरितका व्यक्तिहत्याका सबै कार्य स्वत गैर-कानूनी (Extra-legal) मान्नुपर्ने देखिन्छ।

११. मृत्युदण्ड वा हत्यालाई प्रतिबन्ध गरेपछि वा गैर संवैधानिक/ गैर-कानूनी बनाइएपछि के नेपालमा व्यक्ति हत्या भएका छैनन त भन्दा त्यसविपरीतका धेरै दुःखद र पिडादायक व्यक्तिहत्याका घटना घटेको यथार्थता कसैबाट लुकेको छैन। २०४७ सालमा मृत्युदण्डलाई प्रतिबन्ध लगाएपछि नेपालको इतिहासमा हातहतियार सहित शसस्त्र द्वन्द वा युद्धमा सहभागी नभएका धेरै सर्वसाधारण नेपालीहरुको हत्या भएको अर्को यथार्थता सबैको सामु छर्लङ्ग रहेको छ। यो दुःखद स्थितिबाट नेपाललाई बाहिर लिएर आउन संक्रमणकालीन न्याय संग सम्बन्धित बिषयहरुले पूर्णता पाउनु पर्ने पक्षमा हाल देशभित्र प्रयासहरु भईरहेका छन। प्रस्तुत रिट निवेदनमा, नेपालमा हाल जारी संक्रमणकालीन न्यायको परिधि बाहिर, २०६६।०४।१४ पछि नेपालको मूलतः दक्षिण भूमाग तराई क्षेत्रमा भएका अनुसन्धानसमेत नभएर रहेका व्यक्तिहत्यासँग सम्बन्धित बिषयमा न्यायिक हस्तक्षेपको माग गरिएको छ । त्यसमा राज्यका सम्बन्धित आधिकारिक पक्षलाई निष्पक्ष अनुसन्धान गर्न लगाउन परमादेश लगायतका आदेश जारी गरिपाउनका लागि झण्डै ९ बर्ष अगाडि दर्ता भएको प्रस्तुत रिट निवेदनमा उल्लेख गरिएका व्यक्ति हत्याहरु सुरक्षा निकायबाट भएकाले ती गैर-न्यायिक हत्या हुँदा अन्तराष्ट्रिय कानूनको आधारमा समेत अनुसन्धानको दायरामा ल्याईनुपर्छ भन्ने जिकिर प्रस्तुत भएको छ। मृत्युदण्ड दिने गरि कानून समेत बनाउन नपाईने संवैधानिक व्यवस्था रहि गंभीर अपराधमा संलग्न व्यक्तिको समेत बाँच्न पाउने हक अधिकारको सुनिश्चितता रहेको अवस्थामा सर्वसाधारण जनताको हत्या सुरक्षा संयन्त्रबाट भएको र छानबिन समेत नरहेको दावी रहेको निवेदनमा उपयुक्त आदेश दिने संवैधानिक कर्तब्यबाट यो अदालत बिल्कुलै पन्छिन मिल्दैन। तर माग गरिएको

उपचार दिँदा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनको कानूनी आधार स्पष्ट नगरी दिईने आदेशले सार्थक उपचार उपलब्ध गराउन नसक्ने मात्रै होइन देशको सर्वोच्च अदालतले अन्तराष्ट्रिय कानूनको सर्वस्वीकार्य परिधि बुझ्न नसकेको समेत देखिन सक्छ। त्यसैले माथिका प्रकरणहरुमा बिवेचीत आधार तथा कारणहरु हेर्दा नेपालको सन्दर्भमा "गैर-न्यायिक हत्या" को प्रश्न सान्दर्भिक नभई गैर कानूनी हत्याको प्रश्न सान्दर्भिक रहेको देखिन्छ । त्यसका बाबजुद् "गैर-न्यायिक हत्या" लाई अन्तराष्ट्रिय कानूनको समेत उल्लंघन हो भन्ने निवेदन जिकिर र निवेदकका तर्फबाट बहस गर्ने तथा बहसनोट प्रस्तुत गर्नुहुने कानून व्यवसायीहरुको जिकिर दावीलाई अझ गहिरीएर संवोधन गर्दा सो दावी जिकिर कानूनी आधार सहित प्रस्तुत भएको छ छैन वा कानूनी आधार सम्मत छ वा छैन भन्ने सन्दर्भमा हेर्दा अन्तराष्ट्रिय कानूनमा "गैर-न्यायिक हत्या" भन्ने अपराधको व्यवस्था उल्लेख भएको छ छैन भनि हेरिनुपर्ने देखियो।

१२. माथि उल्लेख गरिसकिएको छ, अन्तर्राष्ट्रिय कानूनमा बाध्यकारी कानूनको रुपमा *Jus cogens* norms, पक्ष राष्ट्रहरुले स्वयं हस्ताक्षर गरि अनुबन्धित भएको अन्तर्राष्ट्रिय सन्धी सम्झौता र अन्तर्राष्ट्रिय प्रथाजन्य कानूनमा खोजिनु पर्दछ। यी तीन वटै स्रोतमा खोजिएको अन्तर्राष्ट्रिय कानून नभेटिएमा सभ्य राष्ट्रहरुले मानि आएका कानूनका मान्य सिद्धान्तमा खोजिनुपर्दछ। कस्तो कार्यहरुलाई अन्तर्राष्ट्रिय अपराध मानिन्छ र अन्तर्राष्ट्रिय अपराधमा के त्यस्तो पृथक तत्वको विद्यमानता रहन्छ भन्ने प्रश्नहरु अन्तर्राष्ट्रिय कानून अन्तर्गतका अपराध पत्ता लगाउन निकै नै महत्वपुर्ण मानिन्छन। के लाई अन्तर्राष्ट्रिय अपराध मान्ने भन्ने सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्वीकारिएका हानिकारक कार्यहरुलाई हेरेर, अन्तर्राष्ट्रिय कानूनको व्यवस्था र सर्वस्वीकार्यताको आधारमा केही मत मतान्तर भएपनि, अन्तर्राष्ट्रिय अपराधमा के पृथक तत्वको विद्यमानता रहन्छ भन्नेमा सबैको एकमत रहेको पाइन्छ। अन्तर्राष्ट्रिय अपराध मानिनका लागि त्यो कार्यलाई अन्तर्राष्ट्रिय कानून अन्तर्गत विश्वव्यापी रुपमा अपराध मानिएको हुनुपर्दछ। अन्यथा कुनै कार्यलाई अन्तराष्ट्रिय अपराध मान्न सकिदैन। विश्वव्यापी रुपमा अपराध नमानिएको कार्यलाई क्षेत्रीय वा राष्ट्रिय कानूनले अपराध मानि कारवाही गर्न सक्छ, तर त्यसलाई अन्तर्राष्ट्रिय कानून अन्तर्गतको अपराध मान्न मिल्दैन।

१३. अन्तर्राष्ट्रिय अपराधलाई संवोधन गर्न संयुक्त राष्ट्रसंघबाट जारिभएको Rome statute of the International Criminal Court (ICC) ले चार वटा अपराध Genocide, Crime

against humanity, war crimes र Crime of aggression अन्तर्गत विभिन्न कसूरलाई अन्तर्राष्ट्रिय अपराध मानेको छ। Crime of aggression मूलतः एकराष्ट्रले अर्को राष्ट्रको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रता विरुद्ध गरिएको आक्रमणलाई मानिन्छ। व्यक्ति विरुद्ध गरिने व्यक्ति हत्याको अपराधको सन्दर्भमा Rome Statute of ICC को धारा ९ बमोजिम ICC ले प्रकाशित गरेको Elements of crimes लाई हेर्दा ICC को धारा ६ देखि ८ सम्मका तीनवटा मूल अपराध Genocide, Crime against humanity र War crimes भित्र अन्य धेरै अपराधहरुलाई अन्तर्राष्ट्रिय अपराध मानी संबोधन गरिएको छ। Genocide (जातिहत्या) भित्र Genocide by killing; genocide by causing serious bodily or mental harm; genocide by deliberately inflicting conditions of life calculated to bring about physical destruction; genocide by impressing measures intended to prevent births र genocide by forcibly transferring children लाई अन्तर्राष्ट्रिय अपराध मानिएको छ। त्यसैगरी Crimes against humanity (मानवता विरुद्धको अपराध) भित्र Crime against humanity of murder; crime against humanity of extermination; crime against humanity of enlargement; crime against humanity of deportation or forcible transfer of population; crime against humanity of imprisonment or other severe deprivation of physical liberty; crime against humanity of torture; crime against humanity of rape; crime against humanity of sexual slavery; crime against humanity of enforced prostitution; crime against humanity of forced pregnancy; crime against humanity of enforced sterilization; crime against humanity of sexual violence; crime against humanity of persecution; crime against humanity of enforced disappearance of persons; crime against humanity of apartheid र crime against humanity of other inhumane acts मानवता विरुद्धको अन्तर्राष्ट्रिय अपराध हुन।

१४. त्यसैगरी युद्द अपराध (War crimes) भित्र जातिहत्या र मानवता विरुद्धको अपराध भित्र समावेश गरिएको भन्दा धेरै बढी अन्तर्राष्ट्रिय अपराधलाई समावेश गरिएको छ। जुन निम्न बमोजिम छन्: War crimes of willful killing; war crime of torture; war crime of inhuman treatment; war crime of biological experiments; war crime of willfully causing great suffering; war crime of destruction and appropriation of property; war crime of compelling service in hostile forces; war crime of denying a fair trial; war crime of unlawful deportation and transfer; war crime of unlawful confinement; war crime of taking hostages; war crimes of attacking civilians; war crime of attacking civilian objectives; war crime of attacking personal or objects involved in a humanitarian assistance or peace keeping mission; war crime of excessive incidental death, injury or damage; war crime of attacking undefended places; war

crime of killing or wounding a person *hers de combat*; war crime of improper use of flag of truce; war crime of improper use of a flag, insignia or uniform of the hostile party; war crime of improper use of a flag, insignia or uniform of the United Nations; war crime of improper use of the distinctive emblems of the Geneva Convention; the transfer, directly or indirectly, by the occupying power of parts of its own civilian population into the territory it occupies, or the deportation or transfer of all or parts of the population of the occupied territory within or outside this territory; war crime of attacking protected objects; war crime mutilation; war crime of medical or scientific experiments; war crime of treacherously killing or wounding; war crime of denying quarter; war crime of destroying or seizing the enemy's property; war crime of depriving the nationals of the hostile power of rights or actions; war crime of compelling participation in military operations; war crime of pillaging; war crime of employing poison or poisoned weapons; war crime of employing prohibited bullets; war crime of employing weapons, projectiles or materials or methods of warfare listed in the Annex to the statute; war crime of outrages upon personal dignity; war crime of rape; war crime of sexual slavery; war crime of enforced prostitution; war crime of forced pregnancy; war crime of enforced sterilization; war crime of sexual violence; war crime of using protected persons as shields; war crime of attacking objects or persons using the distinctive emblems of the Geneva conventions; war crime of starvation as a method of warfare; war crime of using conscripting or enlisting children; war crime of murder; war crime of cruel treatment; war crime outrages upon personal dignity; war crime of sentencing or execution without due process; war crime of attacking personal or objects involved in a humanitarian assistance or peace keeping mission; war crime of medical or scientific experiments युद्ध अपराध अन्तर्गत पर्दछन। यस्तो युद्ध/ द्वन्द हतियारसहितको अन्तर्राष्ट्रिय वा आन्तरिक पनि हुनसक्छ। यी दुवै अवस्थाका शसस्त्र द्वन्दमा उल्लिखित घटना घटाईएमा युद्ध अपराध मानिने व्यवस्था रहेको छ। War crime, Genocide र Crime against humanity का अपराधहरुलाई अन्तर्राष्ट्रिय शसस्त्र द्वन्द वा आन्तरिक द्वन्द दुवै अवस्थाका लागि राष्ट्रिय कानूनमा समेत अपराधिकरण गरी अनुसन्धान, अभियोजन र सजायको व्यवस्था गरिनुपर्दछ भन्ने अन्तर्राष्ट्रिय कानूनी व्यवस्था ४ वटै १९४९ को जेनेभा कन्भेन्सन र जातिहत्यालाई तदारुकताका साथ अलग्गै सवोधन गर्न जारी गरिएको Convention on the prevention and punishment of the crime of Genocide 1948 मा गरिएको छ।( Geneva convention for the Amelioration of the condition of the wounded and sick in Armed forces (Geneva convention on I) 1949, Convention for the amelioration of the condition of wounded, sick and shipwrecked members of Armed forces at sea (Geneva convention II); Geneva convention relative to the Treatment of prisoners of War (Geneva convention III) Genocide convention relative to the protection of civilian

persons in Time of War (Geneva convention IV) 1949.) यीनीहरुलाई अन्तर्राष्ट्रिय कानूनभित्र अन्तर्राष्ट्रिय मानवता सम्बन्धी कानून (International Humanitarian Law) भनेर समेत बुझिन्छ ।

१५.यसरी व्यक्ति हत्यालाई अन्तर्राष्ट्रिय अपराध मान्नका लागि यस्तो अपराध Genocide, crime against humanity र war crime को सन्दर्भमा भएको हुनुपर्दछ।कुनै राष्ट्रभित्र Genocide (जातिहत्या) Crime against humanity (मानवता विरुद्धको अपराध) र War crime (युद्द अपराध) को अवस्थामा सृजना हुन सक्छ वा सक्दैन भन्ने सन्दर्भमा हेर्दा त्यस्तो अवस्थाको सृजना भएको हुनसक्छ। कस्तो प्रकृतिका व्यक्ति हत्यालाई जातिहत्या, मानवता विरुद्धको अपराध र युद्ध अपराध मानिन्छ भन्ने सन्दर्भमा हेर्दा योजनावद्ध ढंगले विशेषतः कुनै समुदाय वा वर्गलाई लक्षित गरी गरिने ठूलो संख्याको व्यक्ति हत्यालाई जातिहत्या (Genocide) भनिन्छ।यसमा कुनै समुहका सम्पूर्ण वा अधिकांस मानिस वा जात वा वर्ग वा धर्मका मानिसहरुको निर्मम हत्या गरिएको हुन्छ। दोस्रो विश्वयुद्धताका युरोपमा भएको यहुदीहरुको योजनावद्ध हत्यालाई जातिहत्या (Genocide) मानिन्छ। पछिल्लो समयमा यूरोपको बोस्निया हर्जगोबिनियामा अलग धर्मका व्यक्तिहरुको आम हत्यालाई जातिहत्या मानिएको छ। यस्तो हत्यालाई निर्मम, घातक र विश्व मानवताले नै स्वीकार गर्नै नसक्ने अपराध मानिन्छ।

१६.मानवता विरुद्धको अपराध (Crime against humanity) मा कुनै वर्ग वा समुह वा धर्मसंग आवद्ध व्यक्ति हेरिँदैन, तर ठुलो संख्यामा सर्वसाधारणलाई लक्ष्य गरी भएको हत्या, यातना, बलात्कार, हिंसा, दासतामा राख्ने कार्य वा जबरजस्ती वेपत्ता पारिएको स्थितिलाई मानवता विरुद्धको अपराध मानिन्छ र यो जातिहत्या पछिको अर्को विश्व मानवताले नै स्वीकार गर्नै नसक्ने जघन्य अपराध राज्यपक्ष (State forces) बाट वा गैर-राज्य शसत्र समूह (Non-state armed group) बाट समेत घटाइन सक्ने मानिएको छ।तसर्थ युद्ध नभएको शान्तिको समयमा पनि मानवता विरुद्धको अपराध हुनसक्ने मानिएको छ।

१७.Law of War (युद्ध सम्बन्धी कानून) को गंभीर रुपमा उल्लंघन गरी राष्ट्रहरु बीच वा आन्तरिक द्वन्द वा युद्धमा हुने अपराध हरुलाई युद्ध अपराध मानिन्छ र त्यस्ता द्वन्द वा युद्धमा योजनावद्ध ढंगले सर्वसाधारण वा युद्धबन्दीको हत्या, यातना, सर्वसाधारणको सम्पती नष्ट गर्ने, अपहरण गर्ने, बलात्कार जस्ता जघन्य अपराधहरुलाई युद्ध अपराध

मानिन्छ। मुलतः माथि उल्लिखित तीन अपराध जातिहत्या, मानवताविरुद्दको अपराध र युद्ध अपराध भित्र पर्ने अपराधहरु अन्तर्राष्ट्रिय कानूनले व्यक्ति विरुद्ध हुने अन्तर्राष्ट्रिय अपराध मानेको छ। यी अपराधहरुलाई राष्ट्रिय कानून बनाएर निष्पक्ष अनुसन्धान गरी दोषी माथि कारवाही गर्नुपर्ने कानूनी व्यवस्था समेत अन्तर्राष्ट्रिय कानूनमा गरिएको छ र यी अपराधहरुलाई पक्ष राष्ट्रहरुको सहमतिबाट बनेका सन्धीजन्य अन्तर्राष्ट्रिय कानूनको अलावा *Jus cogens* norms, जुन अन्य कानून भन्दा Supreme छन, ले समेत अन्तर्राष्ट्रिय अपराध मानेको पाइन्छ। यी सबै पक्षका अन्तर्राष्ट्रिय कानूनसहित International criminal court (ICC) को विधानमा उल्लिखित अन्तर्राष्ट्रिय अपराध अन्तर्गतको अपराधको सूची र Elements of crime सूची समेतलाई हेर्दा गैर-न्यायिक हत्या (Extra-Judicial Killings) भनि उल्लेख गरिएको अवस्थालाई अन्तर्राष्ट्रिय अपराधको सूचीमा राखेको छ छैन भनि हेर्दा राखेको देखिदैन। यसको अर्थ "गैर-न्यायीक हत्या" नामको कुनै अपराध अन्तर्राष्ट्रिय कानूनमा उल्लेख सम्म भएको देखिदैन । "गैर-न्यायिक हत्या" नाम दिइएको व्यक्तिको जीवन समाप्त हुने भनिएको अपराधिक कार्यलाई अन्तर्राष्ट्रिय कानूनले कसूर वा अपराधको संज्ञा दिएकै हुनुर्नेमा सो स्थिति अपराध सम्बन्धि राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनको अध्ययनमा भेटिदैन्।

१८. यसरी हेर्दा कुनै राष्ट्रमा अन्तर्राष्ट्रिय कानूनले प्रतिबन्ध लगाए विपरित व्यापक रुपमा व्यक्तिहत्या भईरहेको अवस्थामा त्यस्तो अवस्थाले जातिहत्या, मानवता विरुद्धको अपराध वा युद्ध अपराधको परिस्थिति आकर्षित हुन सक्ने भए सोही नाम, आधार र कारणबाट अन्तर्राष्ट्रिय अपराध भएको अवस्थामा अनुसन्धान अघि बढाउन सरकार अनिच्छुक भएमा अदालतले हस्तक्षेप गर्नुपर्ने हुन्छ। त्यस्तो परिस्थितिमा त्यस्ता कार्यलाई अन्तराष्ट्रिय कानूनमा नभएको "गैर-न्यायिक हत्या" अपराध नभनी जातिहत्या, मानवता विरुद्धको अपराध वा युद्ध अपराध मध्ये कुन हो सोहि अपराध मान्नुपर्ने हुन्छ ।

१९. व्यक्तिको जीवन रक्षा र हक अधिकारको सन्दर्भ हेर्दा अन्तर्राष्ट्रिय कानूनभित्र मानवता सम्बन्धी कानून (International Humanitarian Law) र मानव अधिकार सम्बन्धी कानून (International Human Rights Law) को विषेश महत्व रहेको छ । माथि चर्चा गरिएअनुसार मानवता सम्बन्धी कानूनले मूलतः युद्ध वा द्वन्दको समयमा व्यक्तिको शरिर, उसको सम्पत्ति, र आत्मसम्मानको रक्षाका लागि कानूनी प्रावधानहरुको

व्यवस्था गरेका देखिन्छ र त्यसको योजनावद्ध ढंगले ठूलो संख्यामा उल्लंघन भएमा अन्तर्राष्ट्रिय अपराध मानी त्यसका दोषीहरु माथि कारवाही गर्ने व्यवस्था समेत गरेको पाइन्छ। धेरैजसो यी अपराधहरुलाई राष्ट्रिय कानूनले समेत अपराध घोषित गरी सजाय समेतको व्यवस्था गरेका छन। जस्तो Genocide-जेनोसाइड (जातिहत्या) लाई सोही नाममा मुलुकी अपराध संहिताको दफा ५२ ले जातिहत्या गर्न नहुने शीर्षक अन्तर्गत अपराध मानि दफा ४१(ङ) ले जन्मकैद हुने कसूरमा राखेको छ। मानव अधिकार सम्बन्धी कानून (International Human Rights Law) भित्र International Covenant on Civil and Political Rights 1966 (ICCPR); International Covenant on Economic, Social and Cultural Rights, 1966 (ICESCR); Convention on the Elimination of All forms of Discrimination Against Women, 1979 (CEDAW), Convention Against Torture and other Cruel, Inhuman or Degrading Treatment or Punishment, 1984 (CAT), Convention on the Rights of the Child, 1989 (CRC) आदि अन्तर्राष्ट्रिय सन्धी कानूनहरु पर्दछन् जसले मानिस भएपछि उसलाई मानवको रुपमा सम्मानपूर्वक बाँच्नका लागि नभई नहुने हक अधिकारहरुको प्रत्याभूति गरेको पाइन्छ। मानव अधिकारलाई पक्ष राष्ट्रहरुले आफ्नो राष्ट्रको संविधान लगायत अन्य कानूनमा आन्तरिकिकरण (domestication) गरी मौलिक हक वा कानूनी हकको रुपमा समेत संरक्षण प्रदान गरेको हुन्छन्। यसरी संरक्षण गरिएका हक अधिकार उल्लंघन भएमा त्यसको उपचारको व्यवस्था समेत राष्ट्रिय कानूनमा गरिएको हुन्छ।

२०. मानवता सम्बन्धी कानून र मानव अधिकार सम्बन्धी कानूनले सुनिश्चितता गरेका व्यक्तिका हक अधिकार रक्षा सँगै प्रत्येक राष्ट्रका अन्यकेही अन्तरनिहित (Inherent) दायित्व रहेका हुन्छन् । आफ्नो देशको भूभागको रक्षा सँगै जनतालाई बाह्य आक्रमण बाट जोगाउनु र आन्तरिक शान्ति सुरक्षा कायम गर्नु कुनै पनि राष्ट्र स्थापनाका पहिलो र महत्वपूर्ण उद्देश्य हो भन्नेमा विश्वव्यापी रुपमा बिमति छैन। यही उद्देश्य प्राप्तिका लागि राज्यले वैधानिक रुपमा सुरक्षा संयन्त्र र आवश्यकता अनुसार प्रयोग गर्न सामान्य तथा घातक हातहतियार समेतको प्रबन्ध गरेको हुन्छ। जनताको शान्तिपूर्वक बाँच्न पाउने आधारभुत मौलिक हक अधिकारको रक्षाको लागि सरकारले सबै आवश्यक प्रबन्ध गर्नुपर्दछ र यो राज्यको कानूनी दायित्वको विषय हो। तर जुन देशमा मृत्युदण्ड प्रतिबन्धित छ र व्यक्तिको बाँच्न पाउने हक अपहरण हुने गरी कुनै कानून बनाउन समेत पाइदैन, त्यो देशमा सबै अवस्थामा प्रत्येक व्यक्तिको बाँच्न पाउने अधिकारको संरक्षण गर्नु राज्यको आधारभूत कर्तव्य भित्र पर्दछ। त्यसका लागि देश भित्रको प्रत्येक

व्यक्तिलाई शान्तिपूर्वक आफ्नो जीवनयापन गर्ने अवसर प्रदान गर्न शान्ति भंग हुने गतिबिधि नियन्त्रणमा सरकारका तोकिएका सुरक्षा निकायहरुले बल प्रयोग गर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न। तर बलको प्रयोग गर्दा कानूनको परिधिको उल्लंघन गर्ने छुट कसैलाई पनि हुदैन।

२१. समाजमा शान्ति सुरक्षा कायम गर्न अपराध नियन्त्रण लगायतका कार्य सम्पन्न गर्दा सरकारबाट हुने बल वा शक्तिको प्रयोगको सिमारेखा के हुन सक्दछ भन्ने सम्बन्धमा स्थानीय प्रशासन ऐन, प्रहरी ऐन, शसस्त्र प्रहरी बल ऐन लगायतका अन्य कानूनमा भएका व्यवस्थाले प्रहरी प्रशासनलाई आफ्नो सीमारेखा कोर्न कानूनले मार्ग प्रशस्त गरेको छ भने विश्वव्यापी रुपमा आन्तरिक शान्ति सुरक्षाका नाममा हुने बल प्रयोगको कुन हद सम्मको सीमा स्वीकार्य हुनसक्छ भनेर संयुक्त राष्ट्रसंघबाट समेत नीति पारित भएको पाईन्छ। बल प्रयोगमा शुरुमै हतियारको प्रयोग गर्ने भन्न हुँदैन। अहिंसात्मक मार्गबाट न्यूनतम बल प्रयोग गरेर शान्ति सुरक्षा स्थापना गर्ने अवस्थाको अन्त भएर बाध्यात्मक रुपमा हतियारको प्रयोग गरेर मात्र जीवनको सुरक्षा गर्न सकिने स्थितिको उपस्थिति भएमा हतियारको प्रयोग गरेर भएपनि जनताको जीवन रक्षा गरिनुपर्दछ । त्यसका लागि प्रत्येक परिस्थितिको सूक्ष्म मूल्याकन गरेर कानून बमोजिमको प्रकृया र आदेश पछिमात्र हतियारको प्रयोग गर्न सकिने व्यवस्था उक्त नीतिमा गरिएको छ। क्युबाको हवानामा २७ अगस्ट देखि ७ सेप्टेम्बर १९९० सम्म भएको "Eight United Nations congress on the prevention of crime and the Treatment of Offenders" ले स्वीकारेको "Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials" को बुँदा ९ मा कस्तो अवस्थामा कानून व्यवस्था कायम गर्न सुरक्षा निकायले हतियारको प्रयोग गर्न सक्दछन भन्ने सम्बन्धमा निम्न व्यहोरा उल्लिखित छ, " Law enforcement officials shall not use firearms against except in self defense or defense of others against the imminent threat of death or serious injury, to prevent the perpetration of a particularly serious crime involving grave threat to life, to arrest a person presenting such a danger and resisting their authority, or to prevent his or her escape, and only when less extreme means are insufficient to achieve these objectives. In any event, intentional lethal use of firearms may only be made when strictly unavoidable in order to protect life."

२२. उल्लिखित व्यवस्थामा रहेको हातहतियार प्रयोग सम्बन्धि नियम (**Rule**) ले कुनै पनि व्यक्तिका विरुद्धमा कानूनी व्यवस्था कायम गर्ने अधिकारीले अपवाद (**Exception**) मा बाहेक हातहतियार प्रयोग गर्न हुँदैन भनेको छ। ती अपवादमा हातहतियार प्रयोग गर्न

परेमा आफ्नै ज्यान खतरामा पर्न सक्ने अवस्था उत्पन्न भएकाले आत्मसूरक्षाका लागि, अथवा अर्को व्यक्तिको ज्यान गइहाल्ने वा गंभीर घाईते तत्कालै हुने अवस्थाको प्रतिरक्षामा, ज्यान जाने गंभीर आपराधिक कार्यको तैयारी भइरहेको अवस्थालाई रोक्न, यस्तो खतरनाक परिस्थिति उत्पन्न गर्ने व्यक्तिलाई गिरफ्तार गर्न र सो कार्यमा आधिकारिक व्यक्तिको प्रयासको प्रतिरोध गर्ने, अथवा यस्तो व्यक्ति भाग्न लागेको अवस्था रोक्ने र यी उद्देश्य प्राप्तिका लागि अन्य सामान्य उपाय अपर्याप्त भएमा हात हतियारको प्रयोगबाट समेत यि उद्देश्य प्राप्ति गर्न मिल्ने व्यवस्था गरिएको छ। समग्रमा यो व्यवस्थाले सुरक्षामा संलग्न व्यक्तिको जीवन रक्षा र अर्को व्यक्तिको समेत जीवनरक्षाको सन्दर्भमा कारवाही गर्दा मात्र हतियारको प्रयोगलाई स्वीकारेको देखिन्छ। सोही व्यवस्थाको अन्तिम बाक्यले जीवन रक्षाको लागि कुनै अरु उपाय बाँकीनरहेमा योजनावद्ध रुपमा घातक हात हतियारको प्रयोग समेत गर्नुपर्ने अवस्थालाई स्वीकारेको पाइन्छ।

२३. कस्तो अवस्थामा घातक हतियार प्रयोग गर्न मिल्दैन भन्ने सम्बन्धमा European court of Human Rights (मानव अधिकार युरोपिन अदालत) ले Gul vs Jurkey, APP.No. 22676193, 12 (Eur. ct. H.R. 2000) को मुद्दामा राम्रो व्याख्या गरेको पाइन्छ। उक्त मुद्दाको तथ्यमा आतंककारी भएको शंकामा गलत गुप्तचर रिपोर्टको आधारमा प्रहरीको विशेष समुहले मिहमेट गुल (Mehmet Gul) को घरमा ढोका ढक्ढक्याउदा गुल स्वंयले ढोका खोल्नासाथ धेरै प्रहरीले एक्कासी ५०-५५ गोली प्रहार गरी उनको हत्या गरियो भनिएको छ। गुलले प्रहरी माथि कुनै खतरा पु-याएको अवस्था नरहेको र वास्तवमा उनी कुनैपनि आतंककारी गतिबिधिमा संलग्न नभएको निर्दोष सामान्य व्यक्ति रहेको भनिएको छ। यसमा सरकारको प्रतिवादमा युरोपियन कन्भेन्सनको धारा २ को सहारा लिई मनसायपुर्वक गुललाई मार्न खोजिएको थिएन, मनसाय रहित भएर शक्तिको प्रयोग हुँदा मृत्यु हुनगयो भन्ने तर्कमा अदालतले शक्तिको प्रयोग आवश्यकता भन्दा बढी वा अनावश्यक शक्तिको प्रयोग हुन नसक्ने व्याख्या गर्दै व्यक्तिको बाँच्न पाउने अधिकारको टर्कीबाट उल्लंघन भएको निष्कर्ष निकालेको पाइन्छ।

२४. नेपालको सन्दर्भमा शान्तिसुरक्षा कायम गर्न प्रहरी प्रशासनबाट कुन परिस्थितिमा कुन हदसम्मको बल प्रयोग हुनसक्छ भन्ने सम्बन्धमा साविकमा मूलतः स्थानीय प्रशासन ऐन, २०२८ मा व्यवस्था भएको देखिन्छ । शान्ति सुरक्षा कायम गर्ने कार्यमा आवश्यक

बमोजिमको बल प्रयोग भएको हो वा सो भन्दा बढी बल प्रयोग भएको हो ? कानून बमोजिमको आदेश पालना गर्दा कानूनमा नै तोकिएको संयमता पालना भयो भएन ? हतियारको प्रयोग गर्दा अन्तिम उपायको रुपमा आवश्यक संयमतामा प्रयोग गरि भएको थियो वा थिएन? वा संयमता पालन गर्दा गर्दै पनी आत्मरक्षा, अरु व्यक्तिको रक्षा वा गंभीर लुटपिट, घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पति तोडफोड गर्ने वा अन्य हिंसात्मक वा विध्वंसात्मक कार्य भएको वास्तविक स्थितिमा कानूनले तोकेबमोजिमको परिधिमा रहि हतियारको प्रयोग भएको हो वा होइन? दोहोरो भिडन्त भनिएको वास्तविक दोहोरो भिडन्त हो वा होइन भन्ने सम्बन्धमा वास्तविकता पत्तालगाउन कानून बमोजिम अनुसन्धान हुनुपर्दछ । बलप्रयोग गर्दा उल्लिखित कुनै पनि परिस्थितिको विद्यमानता कै अभावमा लापरवाहीपूर्वक वा व्यक्तिगत रिसइबी, गलत गुप्तचर रिपोर्ट वा गलत मनसायबाट प्रेरित भई सुरक्षाका नाममा व्यक्ति हत्या भएको रहेछ भने त्यो समेत अनुसन्धानबाट मात्रै पत्ता लाग्ने विषय भएकाले र यी सबै विषय व्यक्तिको बाँच्न पाउने अधिकार हनन संग जोडिएको हुँदा नेपाल प्रहरीबाट अनुसन्धानमा अनिच्छा देखाउन मिल्ने देखिदैन।

२५. माथिका प्रकरणहरुमा भएका चर्चाबाट स्पष्ट हुन्छ, प्राप्त गर्न खोजिएको वैधानिक उदेश्य प्राप्तिका लागि अति आवश्यक भन्दा बढी शक्तिको प्रयोग कसैबाट पनि गरिनुहुन्न। हातहतियार बोकेकै भएपनि सम्भावित खतरा उत्पन्न नगरेको व्यक्ति विरुद्ध हातहतियार प्रयोग गरिनुहुन्न। सार्वजनिक जुलुश शान्तिपुर्ण नभएपनि आवश्यकताभन्दा बढी बल प्रयोग गरेर सर्वसाधारणको हत्या गरिनुहुन्न। भीडमा जथाभावी गोलि चलाउन हुन्न/पाईदैन। जथाभावी गोली चलाउदा भीड भित्रका र घरमा बसेका व्यक्ति समेत मारिएको अवस्थालाई वैधानिक शक्तिको प्रयोग मान्न सकिन्न। यस्तोलाई गैरकानूनी हत्या भनिन्छ, यसले व्यक्तिको बाँच्न पाउने सर्वोत्कृष्ट हक हनन गर्दछ। मनसायपूर्वक ताकेर वा योजनावद्ध रुपमा वा घातक हतियारको जथाभावी प्रयोग गरेर वा शक्तिको अनावश्यक प्रयोग गरेर व्यक्तिको हत्या गरिएमा, त्यसलाई राष्ट्रिय कानूनले नै अपराध मानेको छ र यस्तो गैरकानूनी हत्याका दोषीलाई उन्मुक्ति दिन मिल्दैन। यस्तोमा राज्यले गैरकानूनी हत्याको छानबिन गर्नुपर्दछ र कसको जिम्मेवारी हो, त्यसको दायित्व सृजना गरी सजाय सहितको उपचारको व्यवस्था गर्नुपर्दछ। जब प्रहरी प्रशासनलाई गैर कानूनी हत्याको बारेमा थाहा हुन्छ उसले छिटो, प्रभावकारी, निष्पक्ष

र पारदर्शी अनुसन्धान गर्नुपर्दछ। प्रत्येक सभ्य राष्ट्रले यो दायित्व लिएको हुनैपर्दछ। यो दायित्वले व्यवहारिक रुपमा व्यक्तिको बाँच्न पाउने अधिकारको सम्मान र संरक्षण गर्न राज्यलाई कर्तव्य प्रदान गर्दै जवाफदेहिता अभिवृद्धि गर्दछ। प्रत्येक सभ्य राष्ट्रमा व्यक्तिको बाँच्न पाउने हकजस्तो सारवान अधिकार हनन भएकोमा उपचार उपलब्ध हुनै पर्दछ। प्रत्येक व्यक्तिको अमूल्य जीवनको अन्त्य हत्या जस्तो जघन्यकृत्यबाट हुँदा राज्य गुमनाम बस्न सक्दैन। प्रत्येक व्यक्तिप्रति राज्यको समान दायित्व हुन्छ, कुनै जीवन ठुलो वा महत्वपूर्ण र कुनै जीवन सानो र मूल्यहिन हुन सक्दैन। पर्याप्त छानवीन नगरी उपचारविहिन अवस्थामा कुनै पनि नाम र वहानामा व्यक्तिको जीवन समाप्त गर्न कसैले सक्दैन।

२६.यीनै परिवेश भित्र रिट निवेदनमा उठाइएका व्यक्ति हत्याका बिषयको संवोधन गरिनुपर्दछ। फलानो व्यक्तिको कालगतिले मृत्यु भयो भन्ने स्थितिमा समेत किन कसरी भयो भन्ने खोजविन हुन्छ भने प्रहरी प्रशासनबाटै व्यक्ति हत्या भयो भन्ने प्रश्न उठिसकेपछि त्यसको अनुसन्धान गर्ने आफ्नो कानूनी दायित्व राज्यले पुरा गर्नैपर्छ । यस्तोमा प्रहरी प्रशासन संगै पुरै राज्यको विश्वसनीयता कायम गर्न समेत प्रहरी प्रशासनबाट हत्या भएको हो वा होइन? अरु कसैबाट हत्या भएको भए कसबाट भएको हो? हत्या भएको छैन भने उक्त व्यक्ति अहिले काँहा कुन अवस्थामा छ? प्रहरी प्रशासनबाट भएको हो भने कुन कानूनको पालनाको सिलसिलामा कानून बमोजिम गर्नैपर्ने कुन दायित्व पुरा गर्दा दुर्घटनाबस व्यक्तिको मृत्यु हुन गएको हो वा होइन? अनाहकमा प्रहरी प्रशासनको कुनै कार्यबाट व्यक्ति हत्या हुन गएको हो भने त्यस्तो कार्यमा संलग्न कुन दोषीमाथि के कारवाही भयो वा भएन यावत प्रश्नहरुको निरुपण गर्न समेत निष्पक्ष अनुसन्धान हुन अनिवार्य देखियो।

२७.रिट निवेदनमा २०६६।०४।१४ मा "विशेष सुरक्षा योजना" लागु गरिएपछि "गैर-न्यायिक हत्या" हरु भएको, गैर-न्यायिक हत्यालाई अन्तर्राष्ट्रिय कानूनले अपराध मानेको भनिएपनि कुन अन्तर्राष्ट्रिय कानूनले "गैर-न्यायीक हत्या" लाई अन्तराष्ट्रिय अपराध मानेको छ भनेर रिट निवेदनमा उल्लेख गर्न सकेको देखिंदैन। कुनै अन्तर्राष्ट्रिय स्तरमा देखिएका वक्तव्य, घोषणा, मन्तव्य, सिफारिश वा बिचारले अन्तर्राष्ट्रिय अपराधको रुप लिन वा अन्तर्राष्ट्रिय अपराधको सृजना गर्न सक्दैन। *Jus cogens norms* वा पक्ष राष्ट्रहरुले स्वीकारेको अन्तराष्ट्रिय सन्धी/सम्झौता वा अन्तराष्ट्रिय प्रथाजन्य

कानूनले अपराध स्वीकार गरी विश्वव्यापी क्षेत्राधिकार ग्रहण गर्ने हैसियतमा नपुगेको कुनै कार्यलाई अन्तर्राष्ट्रिय अपराध मानिदैन। अर्को तर्फ न्यायिक प्रकृयाको स्वीकृति वा सहमतीबाट समेत कुनैपनि किसीमको व्यक्ति हत्या हुन नसक्ने देशमा "गैर-न्यायिक हत्या" शब्द न्यायिक सहमति/स्वीकृतिमा व्यक्तिको जीवन समाप्त हुनसक्ने देशमा सो प्रकृया पुरा नगरी भएको व्यक्ति हत्याको सन्दर्भमा भएको व्याख्या विश्लेषणबाट अनुसरण गरिलिएको जस्तो मात्र रहन जान्छ। त्यस्तो अवस्थाले वास्तविक पीडितलाई न्याय पनि दिन सक्दैन। शब्दको खेलमा यथार्थमा मर्का पर्ने पीडित र उसको परिवारले न्याय पाउन सकेन भने त्यो चर्चा र बहशमा मात्र सीमित रहन गई सही न्याय पर्न नसक्ने स्थितिप्रति अदालत सजग हुनुपर्दछ। कुन राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनले प्रष्ट निषेध भएको कुन कार्य हुन गएको हो वा हुन गएको संभावना छ र यसको उपचार के हुन्छ भन्ने मूलपश्नलाई समातेर न्यायको ढोका खोलिएमा मात्र पीडित र पीडितको परिवार न्यायको नजिक पुग्न सक्नेहुँदा यस्ता सार्वजनिक रिट निवेदनले समेत सार्थकता पाउनसक्दछन् ।

२८. नेपालको मूलतः दक्षिण तराईको भूभागमा २०६६।०४।१४ पछि लागुभएको "विशेष सुरक्षा योजना" पछि तत्काल घटना घट्दाका अवस्थामा विद्यमान शान्ति सुरक्षा सँग सम्बन्धित ऐन नियमहरु तथा प्रचलित कानूनको परिधिभित्र रही विशेष सुरक्षा व्यवस्था अन्तर्गत काम भएको थियो/थिएन र नभएको भए व्यक्तिगत रुपमा तिनको पालना नगर्नाको कारण कसैको हत्या भएको हो होइन भन्ने बिषय रिट निवेदनमा उल्लेख गरिएजस्तो अनुसन्धानको परिधिमा नआई रहेको स्थिति हो भने सोको विद्यमानता रहि रहेको अवस्थाको निरन्तरता रहि रहनु लोकतान्त्रिक शासन व्यवस्था र सभ्य समाजको समेत उपहास हुनुको अलावा Rule of Law (कानूनको शासन) माथि गंभीर प्रश्न उठेको मानिनुपर्ने हुँदा रिट निवेदनमा उठाइएका व्यक्ति हत्याका बिषयहरुमा तदारुकताका साथ निष्पक्ष अनुसन्धान गर्नु पर्ने देखियो। यसमा रिट निवेदकले नेपाल प्रहरीको स्थानीय कार्यालय बाट जाहेरी परेका घटनाहरुमा समेत आजसम्म अनुसन्धान नभएका कारण रिट निवेदनमा उल्लेख गरिएका घटनाहरुको अनुसन्धान हुन सक्नेमा शंका व्यक्त भएको प्रश्नमा विपक्षीहरुको लिखितजवाफमा सन्तोषजनक जवाफ नदेखिएको हुँदा प्रभावकारी र विश्वशनीय अनुसन्धानको मार्ग खोज्नुपर्ने देखियो। यस्तो स्थितिमा नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरोबाट अनुसन्धान हुनसक्ने अवस्थाको अलावा अर्को

कानूनी मार्ग उपलब्ध हुनसक्ने अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२ अन्तर्गत महान्यायाधिवक्ता समेतको परामर्शमा विशेषज्ञ समेतलाई सामेल गराई अनुसन्धान टोली गठन हुनसक्ने व्यवस्था रहेको देखियो। अतः रिट निवेदनमा उठाइएका व्यक्तिहत्याका विषयमा परेका उजुरीहरुका सम्बन्धमा तदारुकताकासाथ निष्पक्ष, प्रभावकारी र विश्वसनीय अनुसन्धान गर्न मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२ बमोजिम विशेष अनुसन्धान टोली गठन गरि वा नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्युरोबाट अविलम्ब अनुसन्धान गर्ने सम्बन्धमा आवश्यक निर्णय गरि अनुसन्धान गर्नु गराउनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) अनुसार विपक्षीहरु मध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको नाममा परमादेशको आदेश जारि गरिएको छ। यसको जानकारी विपक्षीहरुलाइ दिनु। प्रस्तुत आदेशको विद्युतिय प्रति अपलोड गरि दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

(कुमार रेग्मी)
न्यायाधीश

इजलास अधिकृत:- बिना गौतम

इति संवत २०७६ साल पौष २१ गते रोज २ शुभम् ......... ........ ।